# अध्याय एक

# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

मूल्याङ्कनले कुनै पनि वस्तुमा रहेको गुण वा विशेषताहरूको लेखाजोखा गर्दछ । शैक्षिक क्षेत्रमा विद्यार्थीका सिकाइसम्बन्धी जानकारी प्राप्त गर्न प्रयोग गरिने सबै प्रकारका विधि (लिखित परीक्षा, अवलोकन श्रेणी मापन) र तिनीहरूबाट प्राप्त जानकारीका आधारमा सिकाइको गुणस्तर लेखाजोखा गर्ने प्रक्रियालाई जनाउँछ (खनाल र अन्य, २०७१ : ७) ।

परीक्षण शिक्षण सिकाइ प्रक्रियाको एक अभिन्न अङ्ग हो । विद्यार्थीले शैक्षिक सत्रभरी अध्ययन गरेको विषयमा के कति उपलब्धि हासिल गरे भनी जाँच गर्न विभिन्न मूल्याङ्कनका साधन निर्माण गरिएका हुन्छन् । जसमा भाषिक सिपको मात्र नभई शैक्षिक मूल्याङ्कनका लागि लिखित प्रश्नकै उपयोग बढी रहेको पाइन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा विद्यार्थीको प्राप्ति स्थिति मापन गर्ने उपयुक्त औजार प्रश्नपत्र नै हो । नगर शिक्षा परीक्षामा मात्र नभई अन्य तहमा पनि प्रयोगात्मक प्रणालीअनुसार मूल्याङ्कन गर्ने परिपाटी प्रायः छैन भने पनि हुन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा प्रश्न निर्माणलाई एउटा प्रविधि मानिएको छ । प्रश्नपत्रकै आधारमा विद्यार्थीले भाषिक सिप के कति सिके भन्ने कुराको लेखाजोखा गर्ने प्रचलन रहेको देखिन्छ ।

प्रश्न निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता, विभेदकारिता, व्यावहारिकता जस्ता बाह्य र आन्तरिक गुणले ओतप्रेत भएका शुद्ध, स्पष्ट, निश्चित आयतनयुक्त तन्मपितापूर्ण गुणले युक्त एवम् स्तरयुक्त प्रश्नहरूको निर्माण गर्नु अत्यावश्यक हुन्छ (पौडेल, २०७०, पृ. ९४) ।

'प्रश्नपत्र सर्वगुणले युक्त छ छैन' भन्ने कुराको जानकारी प्रश्नको विश्लेषणबाट मात्र थाहा हुन्छ । कक्षा आठको जिल्ला स्तरीय परीक्षा जिल्ला शिक्षा कार्यालयले विगतदेखि सञ्चालन गर्दै आएको भएपनि हालको शिक्षा ऐन, २०२८ आठौं संशोधन (२०७३) अनुसार गाउँपालिका वा नगरपालिकाले कक्षा आठको प्रश्ननिर्माण गर्ने कार्यको जिम्मा पाएको छ ।

सबै गाउँपालिका वा नगरपालिकाले समान गुण भएका एउटै कठिनाइ स्तरका प्रश्नपत्र निर्माण गरी विद्यार्थीहरूको मूल्याङ्कन गर्न अहिलेसम्म 'आधारभूत' तह कक्षा

आठको परीक्षामा उपयोग गरिएका प्रश्नपत्रको तुलना गरी प्रश्नपत्रको उपयुक्तताको आकलन गरिएको पाइँदैन । प्रश्नपत्रको पाठ्यक्रम अनुरूप भए, नभएको, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र निर्माण गरिएको वा नगरिएको, प्रश्नपत्र निर्माणका आन्तरिक र बाह्य पक्षलाई ख्याल गरे नगरेको गाउँपालिका वा नगरपालिकामा सोधिएका प्रश्नपत्रको कठिनाई स्तरमा एकरूपता भए नभएको इत्यादि पक्षको जानकारी लिनु आवश्यक रहेको छ । त्यसैले प्रस्तुत शोधपत्र आधारभूत तह कक्षा आठको परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

## समस्या कथन

अनुसन्धान कार्यमा अनुसन्धान विषयको रूपमा छानिएको विषयवस्तुलाई समस्याको रूपमा लिइन्छ (रिमाल, २०७३, पृ. ३) । आधारभूत तहको कक्षा आठको परीक्षा प्रत्येक गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने हुँदा हरेक नगर स्तरमा सोधिएका प्रश्नहरूमा एकरूपता छ कि छैन ती प्रश्नहरूको कठिनाइ स्तरका दृष्टिले ठिक छन् कि छैनन् भनी अध्ययन गर्नु आवश्यक देखिन्छ । त्यसैले कक्षा आठको नगरस्तरीय परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरूमा रहेका निम्न अनुसारका समस्याहरूमा केन्द्रित रहेर शोधपत्र तयार पारिएको छ :

(क) कक्षा आठको, नगरस्तरीय परीक्षा २०७४ को नेपाली विषयका प्रश्नहरू बाह्य र आन्तरिक वैधताका आधारमा निर्माण गरिएका छन् ?

(ख) कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरू विशिष्टीकरण तालिकाका आधारमा निर्माण गरिएका छन् ?

(ग) उक्त प्रश्नहरूमा के कस्ता समानता वा भिन्नताहरू रहेका छन् ?

## अध्ययनको उद्देश्य

समस्याको कथनमा उल्लेख गरिए अनुसार कुन कुराको प्राप्तिको लागि खोज गरिँदैछ, त्यसलाई स्पष्ट र विशिष्ट रूपले उल्लेख गरिएका वाक्यांशलाई नै उद्देश्य भनिन्छ (खनाल, २०७३, पृ. २१४) । प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्न लिखित रहेको छन् :

(क) बाह्य र आन्तरिक आधारमा २०७४ सालको परीक्षामा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरूको विश्लेषण गर्नु,

(ख) विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्नु,

(ग) नगर स्तरका प्रश्नहरूको तुलना गर्नु ।

## अध्ययनको औचित्य

विद्यार्थीको समग्र शैक्षिक कार्यकलाप स्थिति मापन गर्ने एउटै मात्र औजारका रूपमा प्रश्नपत्र रहेको देखिन्छ । तसर्थ यस्ता प्रश्नपत्रहरू निर्माण गर्दा विश्वसनीयता, वैधता, विभेदकारिता, व्यापकता तथा व्यवहार उपयोगिता जस्ता आन्तरिक र बाह्य गुणहरू, स्तरयुक्त, शुद्ध र स्पष्ट जस्ता कुरामा ख्याल गर्नुपर्छ । परीक्षामा सोधिने प्रश्नपत्रहरू सैद्धान्तिक दृष्टिले उपयुक्त छन् कि छैनन्, प्रश्नहरू विशिष्टीकरण तालिकाअनुसार छन् कि छैनन्, प्रश्नहरूमा एकरूपता छ कि छैन ? भन्ने विषयमा यो शोधपत्र केन्द्रित भएकाले यो अध्ययन महत्त्वपूर्ण रहेको छ । नगर शिक्षा परीक्षाका प्रश्नहरूसँग सम्बन्धित केही अध्ययनहरूलाई हेर्दा प्रत्येक अध्ययनले प्रश्न निर्माणसम्बन्धी केही न केही त्रुटि देखाएकाले सो कुराको जानकारी पाई आगामी दिनमा यस्ता त्रुटिहरूको सुधार गरी विद्यार्थी, शिक्षक तथा परीक्षासँग सम्बन्धित अन्य निकायलाई समेत सहयोग पुऱ्याउने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको सीमाङ्कन

कुनै पनि अनुसन्धानले सम्पूर्ण पक्षलाई समेट्न नसक्ने हुँदा अध्ययनले गहिराइ र व्यापकतालाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ त्यसैको दायरा छुट्याउनु नै परिसीमा हो (रिमाल, २०७३, पृ. ५) । प्रस्तुत शोधपत्र निम्नलिखित कुरामा सीमित रहेको छ :

(क) यस अध्ययनमा आधारभूत तह कक्षा आठको परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली विषयको प्रश्नपत्रहरूको मात्र अध्ययन गरिएको छ ।

(ख) प्रश्न निर्माणको बाह्य विशेषताका आधारमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप, भाषामा सीमित रही चार ओटा प्रश्नपत्रको तुलना गरिएको छ ।

(ग) आन्तरिक विशेषताका आधारमा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्षहरू

भाषामा सीमित रही कैलाली जिल्लाका चार ओटा नगरस्तरीय प्रश्नपत्रको तुलना गरिएको छ ।

(घ) विशिष्टीकरण तालिकाका आधारमा सीमित रही प्रश्नहरूको अध्ययनमा सीमित रहेको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ ।

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : सैद्धान्तिक आधारमा भाषिक प्रश्नहरूको विश्लेषण

अध्याय पाँच : विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण

अध्याय छ : नगर स्तरका प्रश्नहरूको तुलनात्मक अधययन

अध्याय सात : सारांश, निष्कर्ष र उपादेयता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## सम्बद्ध कार्यको पुनरावलोकन

शोधपत्रमा सन्दर्भअनुसार के कस्ता अनुसन्धान भएका छन् । अनुसन्धानका क्रममा सम्बन्धित विषयमा यसअघि भएका कार्यहरूको (पुस्तक, पत्रपत्रिका, लेख, प्रतिवेदन, शोधपत्र) सङ्क्षिप्त पुनरावलोकन गरिएको छ ।

### पुस्तक सम्बन्धी

जबरा र अन्य (२०६८) द्वारा प्रश्नपत्रको लेखन, प्रश्नपत्रको पुनरावलोकन, सम्पादन र प्रश्न निर्माणका क्रममा ध्यान दिनुपर्ने कुराहरूलाई उल्लेख गरिएको पाइन्छ । त्यसैगरी यसमा प्रश्नका प्रकार, प्रश्नको कठिनाइ स्तर, प्रश्नको उपलब्धिको स्वरूप समेत चर्चा गरिएको छ । यस अध्ययनले प्रश्न निर्माणमा विशेष सहयोग पुगेको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा मूल्याङ्कनको परिचय र प्रविधि अन्तर्गत भाषिक मूल्याङ्कनको प्रयोजन भाषिक मूल्याङ्कनका सिद्धान्तहरू, मूल्याङ्कन परिपाटी, प्रकार, उपाय तथा प्रचलित युक्ति, मूल्याङ्कनमा पश्चमार्जन प्रभाव, विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग प्रश्न निर्माणका चरण, अभ्यास, विषयगत र वस्तुगत प्रश्नहरूको चर्चा गरी विश्लेषण गरिएको छ । यस अध्ययनबाट प्रश्नपत्रहरूको विश्लेषण गर्नेमा प्रयाप्त सहयोग पुगेको छ ।

पौडेल (२०७०) द्वारा भाषिक परीक्षणको सैद्धान्तिक अवधारणा, भाषिक परीक्षणको ऐतिहासिक आधारहरू, भाषिक परीक्षणका युक्ति र साधनहरू, भाषिक परीक्षण योजना र साधनको निर्माण, कार्यान्वयन, भाषिक प्रश्न निर्माण विश्लेषण जस्ता शीर्षकमा रहेर व्याख्या गरिएको छ । उक्त पुस्तकको अध्याय पाँचमा भाषिक प्रश्न निर्माण र विश्लेषण अन्तर्गत, विषयगत प्रश्न, वस्तुगत प्रश्न, प्रश्न निर्माणका चरणहरू परीक्षण प्रशासन र कार्यान्वयन, भाषिक प्रश्न निर्माण तथा विश्लेषणका आधारहरू एवम. उ.मा.वि. तहको विशिष्टीकरण तालिका समेत प्रस्तुत गरिएको छ । यस अध्ययनबाट प्रश्नहरूको विश्लेषणमा प्रयाप्त सहयोग पुगेको छ ।

खनाल र अन्य (२०७१) ले मूल्याङ्कन सम्बन्धी धारणा परीक्षाका किसिम, विषयगत र वस्तुगत प्रश्न निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू, प्रश्न विश्लेषण, निबन्धात्मक प्रश्नको व्याख्या, प्रश्न विश्लेषणको छनोट, परीक्षाको ढाँचा सञ्चालन निर्देशन एवम् नतिजा व्याख्या जस्ता विषयवस्तुको विश्लेषण गरेको पाइन्छ । यस पाठ्यपुस्तकमा प्रश्नको मूल्याङ्कन सम्बन्धी व्याख्या विश्लेषण गरेपनि स्तर अनुसारको प्रश्नपत्र विषयगत आधारमा अङ्क मापन सम्बन्धी स्पष्ट व्याख्या गरिएको छैन । यद्यपि उक्त पुस्तकमा शैक्षिक मापन तथा मूल्याङ्कनका लागि स्पष्ट धारणा समेत पेस गरेको पाइन्छ । यसको अध्ययनबाट प्रश्नपत्रको विश्लेषणमा प्रयाप्त सहयोग पुगेको छ ।

प्रश्नपत्र विश्लेषणसँग सम्बन्धित यी विभिन्न पुस्तकहरूको अध्ययन गर्दा प्रश्न निर्माण गर्ने विभिन्न प्रक्रिया तथा तौर तरिकाहरू समावेश गरिएको देखिन्छ । यी पुस्तकहरूमा प्रश्न विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक अवधारणाहरूको चर्चा गरिएको, विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग तथा प्रश्न निर्माणका चरणहरूको बारेमा विस्तृत रूपमा व्याख्या गरिएको पाइन्छ । त्यसैले आधारभूत शिक्षा कक्षा आठको नेपाली भाषा विषय २०७४ सालमा उपयोग गरिएका प्रश्नहरूको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्र तयार गर्दा उक्त पुस्तकहरूबाट प्रशस्त सहयोग पुगेको छ ।

**शोध सम्बन्धी**

बस्नेत (२०६२) द्वारा भाषिक प्रश्न निर्माणका आधारहरूको सैद्धान्तिक आकलन गर्ने, प्रश्नहरूको बाह्य वैधताका आधारबाट प्राप्त कमीकमजोरी औँल्याई सुधारात्मक सुझाव दिने उद्देश्यमा यो शोधकार्य पूरा गरिएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेर तयार पारिएको छ । भाषिक सिपको विकास गर्ने प्रवृत्तिमा भन्दा विषयवस्तुलाई जोड दिने खालका प्रश्न सोधिएकाले समग्रमा प्रश्नपत्रहरू कमजोर भएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले प्रश्न निर्माण गर्दा भाषिक सिपलाई बढी जोड दिनुपर्छ भन्ने मान्यतालाई अगाडि बढाउन सहयोग गरेको छ ।

पोखरेल (२०६४) द्वारा प्रवेशिका परीक्षा २०६४ को नेपाली विषयका प्रश्नसम्बन्धी तुलनात्मक अध्ययन गरिएको छ । सो प्रश्नपत्रको संकलन गरी सैद्धान्तिक अध्ययन गर्नु र प्रश्नपत्र सुधारका लागि सुझाव पेश गर्ने उद्देश्यले पुस्तकालयीय अध्ययन विधिबाट उक्त शोधकार्य पूरा भएको छ । प्रस्तुत शोधमा समावेश प्रतिनिधि प्रश्नहरूमा तह उल्लेख

नगरिएको, वर्णविन्यासगत त्रुटि रहेको, भाषिक दृष्टिले कमजोर प्रकृतिका प्रश्नहरू रहेको आदि निष्कर्षहरू निकालिएको छ । उक्त शोधपत्रको अध्ययनले सम्बन्धित निकायलाई सहयोग पुऱ्याएको देखिन्छ ।

बराल (२०६६) द्वारा ५ विकास क्षेत्रमा सोधिएका नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ । सो शोधकार्यको उद्देश्यहरू प्रश्न निर्माणका आधारहरू पहिल्याई, ५ ओटै विकास क्षेत्रका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्ने र उक्त विधि पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख आधार मानी शोधकार्य तयार गरिएको छ । उक्त शोधपत्रले २०६५ को प्रवेशिका  परीक्षा पाँच विकास क्षेत्रमा सोधिएका प्रश्नहरूको अध्ययन गर्नु, प्रश्न निर्देशन स्पष्ट नभएको, प्रश्नहरू दुई ओटा पृष्ठभूमिमा भएको र विकास क्षेत्रगत आधारमा तालमेल नमिलेको निष्कर्ष प्रस्तुत गरेको छ । उक्त शोधपत्रको अध्ययनले प्रश्न निर्माणका आधारहरू स्पष्ट उल्लेख गर्नुपर्ने कुरामा सहयोग पुऱ्याउने देखिन्छ ।

बोहरा (२०६६) द्वारा कक्षा आठमा भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूसम्बन्धी अध्ययन गरिएको छ । भाषिक सिपको मूल्याङ्कनका लागि उपयुक्त साधनहरूको उपयुक्तता  ठहऱ्याउनु, मूल्याङ्कनका लागि भएका औपचारिक र अनौपचारिक साधनहरूको प्रभावकारिता पत्ता लगाउने उद्देश्यमा यो शोधकार्य पूरा भएको छ । क्षेत्रीय अध्ययन तथा नमुना छनोटका आधारमा दशजना नेपाली भाषा विषयका शिक्षकहरूबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको उक्त शोधपत्रमा भाषिक मूल्याङ्कन कक्षोन्नती गर्ने साधनको रूपमा प्रश्नपत्रलाई मात्र लिइनु, मूल्याङ्कनका साधनहरू भरपर्दो र विश्वसनीय नहुनु, मूल्याङ्कन प्रणालीमा दक्ष जनशक्तिको अभाव हुनु जस्ता निष्कर्ष निकाली सुझाव समेत पेश गरेको पाइन्छ । यस शोधपत्रको अध्ययनबाट उक्त शोधकार्यको लागि आवश्यक विधि र प्रक्रिया निर्माण गरी शोधकार्यलाई अगाडि बढाउन  सहयोग गर्ने अपेक्षा गरिएको छ ।

निरौला (२०६७) द्वारा प्रवेशिका परीक्षा २०६६ को नेपाली विषयमा प्रश्नहरूसम्बन्धी अध्ययन गरिएको छ । भाषिक प्रश्न निर्माणका आधारहर पहिल्याउनु, वैधता र विश्वसनीयताको आधारमा प्रश्नका सबल र दुर्बल पक्षहरू छुट्याउने उद्देश्यमा यो शोधकार्य पूरा भएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित रहेर तयार पारिएको छ । उक्त शोधमा केही जिल्लाका नाम उल्लेख नगरिएको, पृष्ठ निर्देशनमा एकरूपता नभएको,

अङ्क वितरणमा समानता नरहेको, पढाइ, लेखाइ सिप परीक्षणमा सीमित रहेको जस्ता कमजोरी रहेको निष्कर्ष निकालिएको छ ।

उप्रेती (२०६८) द्वारा कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६६ मा उपयोय गरिएका प्रश्नहरूसम्बन्धी अध्ययन गरिएको छ । भाषिक प्रश्न निर्माणका आधारमा प्रश्नहरूको अध्ययन गर्नु, वैधता र विश्वसनीयताका आधारमा विशिष्टीकरण तालिकाअनुरूप प्रश्नहरूको अध्ययन, विश्लेषण गर्नु जस्ता उद्देश्य निर्धारण गरिएको छ । पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको आधारमा रही उक्त शोधपत्रमा प्रतिनिधि प्रश्नपत्रमा प्रश्न निर्देशन, विकल्प निर्देशन सन्तोषजनक हुनु, सबै प्रश्नपत्रहरू एउटै किसिमका र समान स्तर भएका हुनाले एकरूपता पाइनु सबल पक्ष र सुनाइ, बोलाइ सिपको परीक्षण हुन नसक्नु, हिज्जेको गलत प्रयोग गरिनु, प्रश्नमा हुनुपर्ने गुणलाई पूर्ण रूपमा स्वीकार गर्न नसक्नु जस्ता निष्कर्ष निकाली सुझावहरू पेस गरिएको पाइन्छ । यस पूर्वकार्यको समीक्षाले उक्त अध्ययनको महत्त्व पत्ता लगाई प्रश्नको उद्देश्य के कस्तो रहेको छ भनी आवश्यक सल्लाह सुझाब प्रदान गर्न सहयोग पुगेको छ ।

थापा (२०७२) द्वारा अनिवार्य नेपाली विषयमा पुराना र नयाँ प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ । स्नातक तह नेपाली विषयको पुराना र नयाँ प्रश्नहरूको सैद्धान्तिक आधारमा आकलन गर्न, विशिष्टीकरणको तालिकाको आधारमा पुराना र नयाँ पाठ्यक्रममा आधारित प्रश्नको अध्ययन गर्ने उद्देश्यमा यो शोधकार्य पूरा भएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेर तयार पारिएको छ । यस अध्ययनले प्रश्न निर्देशन स्पष्ट नभएको पाठ्यक्रम अनुरूपताका प्रश्नहरू भाषिक दृष्टिले समेत कमजोर प्रकृतिका प्रश्नहरू रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट पाठ्यक्रमअनुसार भाषिक सिपलाई प्रश्न निर्माणमा अनिवार्य रूपमा समेट्नुपर्छ भन्ने कुरामा सचेत रहन मद्दत पुगेको छ ।

भट्ट (२०७२) द्वारा बी.एड. प्रथम वर्ष २०६८ र २०६९ का साधारण नेपाली विषयको प्रश्नपत्रसम्बन्धी तुलनात्मक अध्ययन गरिएको छ । प्रश्नहरू विशिष्टीकरण तालिकाका आधारमा, प्रश्नपत्रको आन्तरिक र बाह्य आधारमा तुलनात्मक अध्ययन गरी प्रश्नपत्रमा रहेका कमी कमजोरीहरू पत्ता लगाउन पुस्तकालयीय अध्ययनद्वारा उक्त शोधकार्य तयार पारिएको छ । प्रश्नपत्रमा अक्षरहरू स्पष्ट नदेखिएको, समय, पूर्णाङ्क र तह अङ्ग्रेजीमा

लेखिएको, प्रश्नका विकल्पहरू बढी दिइएको, प्रश्नचिह्नको सही प्रयोग नगरिएको, पृष्ठ सङ्ख्या नगरिएको, एउटै प्रश्न दुई पृष्ठमा राखिएको तर प्रश्नपत्र व्यावहारिक बनाउने प्रयास गरिएको जस्ता निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनबाट गर्न लागेको अनुसन्धानमा के कस्ता समस्या छन् भनी विभिन्न दृष्टिकोणबाट अध्ययन गरी समस्याकथन तयार गर्न सहयोग पुग्ने देखिन्छ ।

जैसी (२०७३) द्वारा कक्षा आठको जिल्लास्तरीय परीक्षाका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ । प्रश्नहरू विशिष्टीकरण तीलिकाका आधारमा र प्रश्नहरूका समानता र भिन्नताहरू पहिल्याउने उद्देश्यले यो शोधकार्य पूरा भएको छ । पुस्तकालयीय अध्ययनमा आधारित उक्त शोधकार्यले प्रश्नहरू समान तहका तर क्रमसङ्ख्या नमिलेको, लामो उत्तर दिने प्रश्नमध्ये दुबै एउटै विधाबाट राखिएको आदि निष्कर्ष निकालिएको छ यस शोधकार्यको अध्ययनबाट प्रश्न निर्माण गर्दा कुन कुन विधालाई सीमाङ्कन गर्ने भन्ने बारेमा उपयुक्त मार्ग प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

रिमाल (२०७३) द्वारा उ.मा.वि. तह अनिवार्य नेपाली विषयक प्रश्नहरूको विश्लेषण सम्बन्धी अध्ययन गरिएको छ । उक्त शोधपत्रको उद्देश्य उ.मा.वि. तह २०७२ र २०७३ मा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नहरूको आन्तरिक र बाह्य वैधताका आधारमा अध्ययन गर्नु, विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु रहेको छ पुस्तकालयीय अध्ययन र तुलनात्मक विधिद्वारा अध्ययन एवम् विश्लेषण गरिएको उक्त शोधले प्रश्नपत्र निर्माण गर्दा प्रश्नको बाह्य र आन्तरिक आधार र विशिष्टीकरण तालिकाको पूर्ण रूपमा पालना भएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले सम्बन्धित निकायमा विशेष सहयोग पुऱ्याउने देखिन्छ ।

यी विभिन्न शोधहरूको अध्ययन गर्दा प्रश्नहरूको विश्लेषण कक्षा ८ को जिल्लास्तरीय परीक्षासँग सम्बन्धित भएर केही शोधपत्र तयार पारिएको भए तापनि कक्षा आठको नगर स्तरीय परीक्षा अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन भएको देखिँदैन । माथि उल्लेखित शोधपत्रको अध्ययनले प्रस्तुत शोधको शीर्षक चयनदेखि रूप विधान पक्षमा सहयोग पुऱ्याएको देखिन्छ । यसै कुरालाई मध्यनजर गर्दै आधारभूत तहको परीक्षा गाउँ वा नगरस्तरीयले लिने कक्षा आठको परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन शीर्षकमा शोधपत्र अगाडि बढाउन उपयोगी हुने छ ।

## सैद्धान्तिक अवधारणा

कुनै पनि वस्तुमा रहेको गुण, मूल्य वा विशेषताको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । मूल्य + अङ्क + अन् मिलेर बनेको मूल्याङ्कन शब्दले कार्य विवरणको उचित मूल्य निर्धारण गर्नु भन्ने अर्थ बुझाउँछ । मूल्याङ्कन गर्ने प्रचलन प्राचीन समयदेखि चल्दै आएको मानिए पनि औपचारिक रूपमा शिक्षा क्षेत्रमा मूल्याङ्कन गर्ने परम्परा चीनबाट सुरु भएको मानिन्छ । शैक्षिक क्षेत्रमा त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाका आधारमा जाँच लिई विद्यार्थीहरूको सिकाइमा के कति उपलब्धि भयो त्यसको लेखाजोखा गरिन्छ र आवश्यक पृष्ठपोषण दिन मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

Murry Print ले "मूल्याङ्कनलाई तोकिएका सिकाइ हासिल भए नभएको निर्णय गर्न मापनबाट प्राप्त तथ्याङ्कलाई यथोचित विवेचना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरेका छन्" (खनाल र अन्य, २०७१ : ७) । यसबाट के प्रस्ट हुन्छ भने शिक्षा प्रणालीमा प्रवेशात्मक मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन र बाह्य मूल्याङ्कन अपनाइए पनि विद्यार्थीको स्तर उन्नतिमा बाह्य मूल्याङ्कनलाई केन्द्रित गरिन्छ । अतः मूल्याङ्कन एउटा चक्रीय प्रक्रिया हो ।

समग्रमा मूल्याङ्कन जहिले पनि विद्यार्थी, शिक्षक पाठ्यक्रम र शैक्षिक कार्यसँग सम्बन्धित हुन्छ । त्यसैले शिक्षण कार्यसँग सम्बन्धित सम्पूर्ण पक्षका कमीकमजोरी निराकरण गर्दै रचनात्मक एवम् निर्णयात्मक पथ प्रदर्शन गर्न, सहयोग पुऱ्याउनका लागि निरन्तर प्रक्रियाका रूपमा मूल्याङ्कनलाई लिइन्छ ।

### प्रश्न निर्माण र विश्लेषणका बाह्य आधार

- निर्देशन : कुनै पनि प्रश्नको उत्तर के दिने, कसरी दिने र कति दिने भन्ने कुराको आशय, प्रक्रिया वा सीमालाई निर्देशनले स्पष्ट पारेको हुन्छ ।
- अङ्क विभाजन र समय निर्धारण : अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरू प्रश्नपत्रको वैधतामा मात्र नभई आन्तरिक वैधतामा पनि आँच आउन सक्छ । त्यसैले पूर्णाङ्क निर्धारण र त्यसको समुचित विभाजन र वितरण, उत्तीर्णाङ्क निर्धारण, सिपगत र भाषिक पक्षगत अङ्क विभाजन तथा प्रश्न प्रकृति अनुरूपको समय निर्धारण जस्ता कुरा उपयुक्त ढङ्गले प्रश्नपत्रमा झल्किनु आवश्यक हुन्छ ।

- प्रस्तुति अनुक्रम/स्तरण: प्रस्तुति अनुक्रम वा स्तरण भनेको प्रश्नका प्रकृति र कठिनाइ स्तरलाई ख्याल गरी सोअनुरूप प्रश्नहरूको स्थान निर्धारण र वितरण गर्न तरिका हो ।

- प्रश्नपत्रको स्वरूप : आकृति, आकार र प्रकारलाई प्रश्नपत्रको स्वरूप मान्न सकिन्छ । प्रश्नपत्रको स्वरूपभित्र शीर्ष भाग, मध्यभाग र अन्त्य भाग तथा किनारा सबै पर्दछन् ।

- भाषा : प्रश्नपत्रमा प्रयोग भएको भाषा स्पष्ट, शुद्ध र सरल हुनुपर्दछ ।

**प्रश्नपत्र निर्माण तथा विश्लेषणका आन्तरिक आधारहरू**

- पाठ्यक्रम अनुरूपता : पाठ्यक्रम परीक्षणका निम्ति उपयोगमा ल्याउने प्रश्नहरूको समग्र प्रतिनिधित्व गर्ने खालको हुनुपर्दछ ।

- भाषिक पक्षको संयोजन र सन्तुलन : भाषिक पक्षभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रहरूमा समावेश गरिने पढाइ सिप, लिखित रचना  सिप, शब्द भण्डार क्षमता तथा व्याकरणिक ज्ञान र प्रयोग क्षमताहरू पर्दछन् । यी विविध पक्षका आधारमा प्रश्नपत्र उपयुक्त छन् या छैनन् भनी प्रश्नपत्रको विश्लेषण गर्न सकिन्छ ।

- प्रश्नमा हुनुपर्ने गुणहरू : व्यावहारिकता, विभेदकारिता, वैधता, विश्वसनीयता जस्ता कुराहरू प्रश्नपत्रका गुणहरू मानिन्छ । प्रश्नपत्रका आन्तरिक पक्ष सबल र दुर्बल हुनुमा यिनै गुणहरूले भूमिका खेलेको हुन्छन् । यी गुणहरू स्तरीय प्रश्नपत्रका लागि अपेक्षित हुन्छन् । उचित तवरले प्रश्नमा हुनुपर्ने गुणहरूको समायोजन हुन सकेमा मात्र प्रश्नपत्रको गुणस्तरमा वृद्धि हुन सक्छ ।

- प्रश्नका विविध पक्षहरू : मौखिक र प्रयोगात्मक परीक्षा सम्भव भएको अवस्थामा लिखित परीक्षाको विकल्प रहँदैन । यस अवस्थामा पाठ्यपुस्तकका सम्पूर्ण विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गर्न कठिन हुन्छ । लिखित परीक्षाका सन्दर्भमा थोरै समयमा धेरै कुराको परीक्षण हुन सक्ने र विषयवस्तुको व्यापकतालाई यथोचित निवाह गर्न सकिने वस्तुगत प्रश्नहरू समेत निर्धारण गरेर परीक्षण गर्नु जरुरी देखिन्छ ।

- भाषिक परीक्षणको उच्च सन्तुलन मिलाई राख्न विषयगत र वस्तुगत दुबै प्रकृतिका प्रश्नहरूलाई सैद्धान्तिक र व्यावहारिक ढङ्गले विश्लेषण गरी स्तरयुक्त एवम् त्रुटिरहित प्रश्न निर्माण गर्न र परीक्षण गरी भाषा शिक्षणलाई सुधारात्मक पृष्ठपोषण दिई परिमार्जन गर्नतर्फ सचेत रहनु आवश्यक देखिन्छ ।
- भाषा : प्रश्नका आन्तरिक गुण वा वैधतालाई प्रभाव पार्ने प्रमुख तत्व भाषा पनि हो । भाषा प्रयोगको शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरलता र जटिलताले प्रश्न प्रभावित हुन्छ (पौडेल, २०७० : १२४) । भाषा प्रयोगमा देखिने यस्ता लापरवाही प्रवृत्तिले प्रश्नको आन्तरिक वैधतामा आघात पुग्दछ ।

**भाषिक मूल्याङ्कनका प्रकार**

**सामयिक र औपचारिक मूल्याङ्कन**

कुनै निश्चित समयको योजनामा आधारित भई लिइने पूर्वनिर्धारित मूल्याङ्कनलाई सामयिक वा औपचारिक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन संरचनात्मक/निर्माणात्मक ध्येयमा भन्दा निर्णयात्मक ध्येयमा झुकेको पाइन्छ र बाह्य मूल्याङ्कन गुणले अभिभूत हुन्छ ।

**विषयगत र वस्तुगत मूल्याङ्कन**

विषयगत मूल्याङ्कन उत्पादनात्मक प्रकृतिका हुन्छ । यसले विद्यार्थीको भाषा, शैली, मौलिकता आदि विविध पक्षको मूल्याङ्कन गर्दछ । भाषिक अभिव्यक्तिलाई केबल चिनो लगाएर, खास खास शब्दहरू मात्रै प्रयोग गरेर अथवा धर्का लगाएर प्रस्तुत गर्नुपर्ने किसिमको मूल्याङ्कन वस्तुगत मूल्याङ्कन हो । यो पहिचानात्मक प्रकृतिको हुन्छ । विषयगत मूल्याङ्कनका तुलनामा वस्तुगत मूल्याङ्कन बढी विश्वसनीय हुन्छन् ।

**सामान्य र प्रयोगात्मक मूल्याङ्कन**

भाषिक मूल्याङ्कनका सन्दर्भमा मौखिक किसिमका बोधमूलक प्रश्न र पढेका, घोकेका वा स्मरण गरेका आधारमा विद्यार्थीले लिखित परीक्षाका माध्यमले उत्तर दिने खालका परीक्षण प्रविधिमा आधारित मूल्याङ्कनलाई सामान्य मूल्याङ्कन भन्ने गरिन्छ । भाषाका उत्पादनात्मक सिप, सम्पादनीय कुशलता र जीवन्ततालाई पनि यसले समेट्न सक्दैन ।

प्रासङ्गिक भाषा प्रयोग, उच्चारणगत शुद्धता र स्पष्टता, संवेगात्मक भाषा प्रयोग कुशलता र सम्प्रेषणजन्य प्रायोगिक सम्पादनीय कुशलताको जाँच गर्ने प्रयोगात्मक मूल्याङ्कन ज्यादै उपयोगी मानिन्छ ।

### निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन

अभ्यासका क्रममा देखापरेका समस्या, कठिनाइ र असामाञ्जस्यतालाई तत्कालै निदान गरी सुधार गर्न र लक्षित उपलब्धिमा पुऱ्याउन निर्माणात्मक मूल्याङ्कनले सघाउ पुऱ्याउँछ । बढी अनौपचारिक विद्यार्थी शिक्षकलाई सुधारात्मक तर्फ उन्मुख दिन र निरन्तर रूपमा चलिरहने मूल्याङ्कन हो ।

निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीहरूको के-कति उपलब्धि भयो त्यसको लेखाजोखा गर्ने काम ग र्दछ । यो विशेषतः औपचारिक र बाह्य्य प्रकृतिको हुन्छ ।

### निरन्तर र अनौपचारिक मूल्याङ्कन

विद्यार्थीको सिकाइ मूल्याङ्कनका लागि छोटो समयको अन्तरालमा लगातार सञ्चार गरिने परीक्षालाई निरन्तर मूल्याङ्कन भनिन्छ । शिक्षकले विद्यार्थीलाई सिकाइसम्बन्धी उचित पृष्ठपोषण प्रदान गर्न निरन्तर रूपमा गरिने मूल्याङ्कनलाई अनौपचारिक मूल्याङ्कन भनिन्छ ।

### पृथकीकृत र एकीकृत मूल्याङ्कन

भाषाका विभिन्न पक्ष वा तत्वहरूलाई छुट्टाछुट्टै बनाएर मूल्याङ्कन गरिनुलाई पृथकीकृत मूल्याङ्कन भनिन्छ । यसको प्रकृति वस्तुगत र पहिचानात्मक किसिमको हुनाले उच्च विश्वसनीयता रहन्छ । भाषाका विविध सिपसम्बन्धी संज्ञान र त्यसको प्रयोग कुशलताको परीक्षण समग्रात्मक किसिमले गरिने मूल्याङ्कन एकीकृत मूल्याङ्कन हो । साहित्यका विभिन्न विधाहरूको मूल्याङ्कन यही एकीकृत ढङ्गबाट गरिने हुनाले यसमा विश्वसनीयता उच्च गराउन केही कठिन भए तापनि यो विधिबाट मूल्याङ्कन गर्नुपर्ने मान्यता बढेको देखिन्छ ।

### उपलब्धिपरक र दक्षतापरक मूल्याङ्कन

उपलब्धिपरक मूल्याङ्कन  निर्णयात्मक प्रकृतिको हुन्छ । विद्यार्थीहरूको स्तर प्रमाणीकरण गर्न यसको आवश्यक हुन्छ । विद्यार्थीले सिकेको भाषिक ज्ञानलाई जीवन सापेक्ष

व्यावसायिक कार्यमा कुन हदसम्म उपयोग गर्न सक्छन् भन्ने कुराको मापन गर्न दक्षतापरक मूल्याङ्कनको उपयोग गरिन्छ ।

### अभिक्षमतापरक र निदानात्मक मूल्याङ्कन

अभिक्षमतापरक परीक्षणको ध्येय लक्षित भाषामा विद्यार्थीहरूको उत्प्रेरणा, सुझाव, सक्षमता अथवा प्राप्ति पहिल्याउनु हो । त्यसैले यसका धेरैजसो विशेषताहरू दक्षतापरक परीक्षणसँग मिल्दाजुल्दा हुन्छन् (पौडेल, २०७० : १३) । यो मूल्याङ्कन दोस्रोभाषीका विद्यार्थीलाई सहयोग पुऱ्याउँछ । निर्माणात्मक मूल्याङ्कन प्रक्रियाबाट दिइएको पृष्ठपोषणबाट पनि सुधार आउन नसकेका सिकाइ समस्याहरूलाई गहिराइसम्म पुगी अध्ययन गरेर सिकाइ समस्याका खास कारणहरू पहिचान गर्ने उद्देश्यले गरिने विशिष्ट प्रकृतिको मूल्याङ्कनलाई निदानात्मक मूल्याङ्कन भनिन्छ । यस प्रकारको परीक्षणमा अनौपचारिक प्रसङ्गका निरन्तर र निर्माणात्मक परीक्षण विधिहरूको बढी अपेक्षा रहन्छ ।

### प्रवेशात्मक र स्थान निर्धारणमूलक मूल्याङ्कन

सम्बन्धित तहमा पढ्नका लागि कुनै विद्यार्थी उपयुक्त छ कि छैन भनी मूल्याङ्कन गर्नका लागि यसको प्रयोग गरिन्छ । प्रवेशात्मक मूल्याङ्कन औपचारिक प्रकृतिको रहे पनि एकीकृत र पृथकीकृत दुबै प्रकारको परीक्षण गर्न सकिन्छ । स्थान निर्धारणमूलक मूल्याङ्कन भनेको खासगरी नव प्रवेशी विद्यार्थीहरूलाई भाषा शिक्षण सिकाइमा समान वा भिन्न स्तरका समूहमा विभाजन गरेर उपयुक्त किसिमको विधि, प्रविधि अपनाई शिक्षण गर्न सुगम होस् भन्ने दृष्टिले अपनाइने मूल्याङ्कन हो । यो व्यावहारिक रूपमा औपचारिक र निर्णयात्मक प्रकृतिको हो ।

### भाषिक मूल्याङ्कका साधनहरू

- मौखिक परीक्षा : भाषिक परीक्षणका सन्दर्भमा विभिन्न किसिमका मौखिक प्रश्न तथा अन्तर्वार्ता जस्ता साधन र प्रक्रियाहरूको उपयोग गरेर गरिने परीक्षणलाई मौखिक परीक्षा भनिन्छ (पौडेल, २०७० : ५३) । एकै समयमा सबै विद्यार्थीको परीक्षण गर्न नसकिने, परीक्षणमा धेरै समय लाग्ने, व्यक्तिगत अभिलेख राख्न गाह्रो हुने, धेरै खर्चिलो हुने भएकाले त्यति उपयोग नगरिएपनि व्यक्तिको संवेगात्मक पक्ष र व्यावहारिक पक्ष जाँच गर्न सक्ने हुनाले यो महत्त्वपूर्ण विधिका रूपमा स्थापित भएको हुन सक्छ ।

- लिखित परीक्षा : भाषिक अभिव्यक्ति सिप र त्यससँग सम्बन्धित अन्य पक्षहरूको परीक्षणका लागि लिखित परीक्षा अत्यन्त उपयोगी मानिन्छ । यस परीक्षाबाट सम्भव भए पनि संवाद, वादविवाद आदि पक्षहरूको परीक्षण भन्ने सम्भव देखिँदैन । श्रुतिबोध, पठनबोध र लेखाइ सिपको परीक्षणमा यस परीक्षामा विषयगत र वस्तुगत क्लोज वा सी प्रश्नहरू समावेश गरिएको पाइन्छ । हाल आएर लिखित परीक्षा नै मूल्याङ्कनको मुख्य आधार बनेको छ ।

  वस्तुगत प्रश्न : एकपटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने प्रश्नहरू नै वस्तुगत प्रश्न हुन् । वस्तुगत प्रश्नहरू बढी विश्वसनीय हुन्छन् । उत्पादनात्मक र सम्पादनात्मक परीक्षणका दृष्टिले यस्ता प्रश्नहरू उपयोगी नभए तापनि परीक्षणको व्यापकता र विश्वसनीयता बढाउन निकै उपयोगी हुन्छन् । वस्तुगत प्रश्नहरूमा बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, ठीक बेठीक छुटाउने प्रश्न, जोडा मिलाउने प्रश्न तथा क्लोज र सी परीक्षण पर्दछन् ।

  विषयगत प्रश्न : विद्यार्थीको मौलिक, सिर्जनात्मक र स्वतन्त्र अभिव्यक्ति पक्षको जाँच गर्न प्रयोग गरिने प्रश्नलाई विषयगत प्रश्न भनिन्छ । यस्ता प्रश्नहरूको मूल आशय एउटै भए पनि व्यक्तिपिच्छे फरक सिप र शैलीको प्रयोग हुने भएकाले यस्ता प्रश्नलाई व्यक्तिनिष्ठ प्रश्न पनि भन्ने गरिन्छ । विषयगत प्रश्नहरू वर्णनात्मक, व्याख्यात्मक, विवेचनात्मक, विश्लेषणात्मक, संश्लेषणात्मक, तुलनात्मक तार्किक, टिप्पणीमूलक र समीक्षात्मक प्रकृतिका हुनाले विश्वसनीयताको मात्रा कम हुन्छ । विषयगत प्रश्नहरू मुख्य गरी निबन्धात्मक प्रश्न र सङ्क्षिप्त उत्तरात्मक प्रश्न गरी दुई प्रकारका छन् ।

- प्रयोगात्मक परीक्षा : लिखित र मौखिक परीक्षाबाट मापन गर्न नसकिने कुराको मापन गरी मूल्याङ्कन गर्नका लागि प्रयोगात्मक परीक्षा प्रयोगमा ल्याइएको हो । प्रयोगात्मक परीक्षा विद्यार्थीहरूको सिपगत व्यवहारहरूको उपयुक्त पर्यवेक्षणमा आधारित छ । सुनाइको एकाग्रता बोलाइको हाउभाउ, चेष्टा, सस्वरपठनको आरोह-अवरोह, गति, यति, लय र स्रोताप्रति सचेतता हुने भएकाले भाषिक मूल्याङ्कनका सन्दर्भमा यस परीक्षाको महत्त्व झल्कन्छ । यस्तो परीक्षाद्वारा विद्यार्थीको सिपगत व्यवहार र क्षमताको वस्तुगत ढङ्गले अभिलेख राख्ने कार्य भने निकै चुनौतीपूर्ण

हुन्छ । त्यस्तो भए पनि परीक्षण र मापनमा सकेसम्म वैज्ञानिकता, एकरूपता, विश्वसनीयता र वैधता जस्ता गुणहरू कायम हुन सकून् भनी विभिन्न साधनहरू उपयोग गर्न सकिन्छ । त्यस्ता साधनहरूमा जाँचसूची र श्रेणीमापक प्रमुख मानिन्छन् (पोखेल, २०७४ : २७) ।

विद्यार्थीको शैक्षिक स्तर उकास्न बाह्य परीक्षा वा वार्षिक परीक्षालाई आधार मानिएको हुन्छ । त्यस्तो परीक्षाको प्रश्नपत्रले सबै विद्यार्थीको उमेर, आवश्यकता रुचिलाई समेट्न सक्छ कि सक्दैन, पाठ्यक्रम उद्देश्य अनुसार प्रश्नपत्र निर्माण के कसरी गर्न सकिन्छ, प्रश्नपत्रमा हुनुपर्ने गुणहरूलाई कसरी समायोजन गर्नुपर्छ भन्ने कुराको अध्ययन गर्नु यस अध्ययनको निष्कर्ष हो ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत शोधपत्र पुस्तकालय अध्ययनबाट सङ्कलित  सामग्रीद्वारा विश्लेषणात्मक र तुलनात्मक विधिको प्रयोग गरेर निष्कर्षमा पुऱ्याइएको छ ।

## तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधपत्र अध्ययन गर्नको लागि तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक स्रोत र द्वितीयक स्रोतका आधारमा गरिएको छ । कक्षा आठको वार्षिक परीक्षा २०७४ मा सोधिएका नेपाली विषयको प्रश्नपत्रहरू कैलाली जिल्लाका ४ ओटा नगरपालिकाबाट ४ ओटा प्रश्नपत्र लिइएको छ, जसलाई प्राथमिक स्रोत मानिएको छ । त्यस्तै प्रश्न विश्लेषण सम्बन्धी पाठ्यपुस्तक, पाठ्यक्रम, शोधपत्र, लेख, रचना आदिलाई द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## व्याख्या विश्लेषण

कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली विषयको प्रश्नपत्रमा प्रश्न निर्माण गर्दा प्रश्नका आन्तरिक र बाह्य आधारलाई अवलम्बन गरिएको छ कि छैन, त्यसका आधारमा व्याख्या विश्लेषण गरिएको छ । उक्त प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप निर्माण गरिएको छ कि छैन भन्ने आधारमा व्याख्या विश्लेषण गरिएको छ । प्रत्येक नगरपालिकाले निर्माण गर्ने कक्षा ८ को प्रश्नपत्रमा के कस्ता समानता र भिन्नता छन् त्यसका आधारमा व्याख्या विश्लेषण गरिएको छ । प्रश्न निर्माण गर्दा यी ध्यान दिनुपर्ने कुराहरू के कसरी अवलम्बन गरिएका छन् सोको आधारमा तुलनात्मक अध्ययन गरी गुणात्मक र वर्णनात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय चार

# सैद्धान्तिक आधारमा भाषिक प्रश्नहरूको विश्लेषण

प्रश्न निर्माणका सिद्धान्तहरूमा आधारित भएर कुनै पनि भाषा पाठ्यक्रमको मर्म अनुरूप प्रश्नमा हुनुपर्ने गुण र व्यावहारिकताका दृष्टिले प्रश्नहरूको निर्माण र विश्लेषण गरिन्छ । यसका निम्ति सुनिश्चित तह र कक्षाका निवर्तमान भाषिक प्रश्न वा प्रश्नपत्रहरूलाई प्रतिनिधि नमुना छनोट गरेर सैद्धान्तिक दृष्टिले अध्ययन, विश्लेषण गरी निष्कर्षमा पुग्ने तरिका अपनाइन्छ । समग्र प्रश्नपत्रको बाह्य र आन्तरिक स्वरूपका आधारमा वैधता केलाउने काम गरिन्छ (पौडेल, २०७०, पृ. १०९) ।

प्रश्न विश्लेषणको सैद्धान्तिक आधारलाई अवलम्बन गर्दा प्रश्नहरूको बाह्य र आन्तरिक स्वरूपका दृष्टिले वैधता ठम्याई निष्कर्ष निकालिन्छ । यस अध्ययनमा कैलाली जिल्ला कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा उपयोग  गरिएका नेपाली भाषा विषयको प्रश्नहरूको बाह्य र आन्तरिक आधारमा प्रतिनिधि प्रश्नको क्रमशः विश्लेषण गरिएको छ ।

## बाह्य आधारमा प्रश्नको विश्लेषण

बाह्य आधारअन्तर्गत प्रश्नहरूको बाह्य आकृति, प्रकृति, आकर्षण, स्पष्टता, स्तरीयता जस्ता स्वरूपगत कुराहरूको वैधताका दृष्टिले के कति सबल र दुर्बल छन् भनी निर्क्योल र निर्धारण गर्ने काम यसअन्तर्गत गरिन्छ । बाह्य आधारमा यस अध्ययनमा कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएको कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रबाट प्रतिनिधि प्रश्नहरूको आकृतिगत वैधताबारे निम्नानुसार विश्लेषण गरिएको छ ।

१. निर्देशन

२. अङ्क विभाजन र समय निर्धारण

३. प्रस्तुति अनुक्रम

४. प्रश्नको स्वरूप

५. भाषा

**अत्तरिया नगर क्षेत्रको प्रश्न विश्लेषण**

कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएको कैलाली जिल्ला अत्तरिया नगर स्तरीय प्रश्नपत्रलाई बाह्य आधारअन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नका स्वरूप, भाषाका आधारमा केन्द्रित भई प्रश्नहरूको विश्लेषण गरिएको छ ।

**निर्देशन**

परीक्षणीय उद्देश्यलाई सार्थक बनाउन निर्देशनको महत्त्वपूर्ण भूमिका रहने भएकाले आवश्यकता अनुसार प्रत्येक प्रश्नमा निर्देशन दिइनुपर्छ । निर्देशनअन्तर्गत शीर्ष-निर्देशन, प्रश्न निर्देशक, पृष्ठ निर्देशन, विकल्प निर्देशनका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

१. **शीर्ष निर्देशन**

शीर्ष निर्देशनलाई हेर्दा प्रश्नहरूको शीर्ष भागमा निम्नानुसारको दिइएको पाइन्छ :

आधारभूत तह उत्तीर्ण परीक्षा - २०७४

| | | |
|---|---|---|
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : ३० |

परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ भनी शीर्ष निर्देशनमा स्पष्ट पारिएकाले उत्तम मानिन्छ ।

२. **प्रश्न निर्देशन**

प्रश्न निर्देशनका दृष्टिले उपयुक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्न नं. २ मा कोष्ठकमा दिइएका मध्ये उपयुक्त शब्द छानी खाली ठाउँ भर लेखिएको छ । यस प्रश्नको निर्देशनमा कोष्ठकमा दिइएका मध्ये एक उपयुक्त शब्द छानी खाली ठाउँमा उत्तरपुस्तिकामा सार भनेको भए उत्तम हुने देखिन्छ । त्यस्तै प्रश्न नं. ११ मा तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ । तर कस्ता चार बुँदा भनेर खुलाएको छैन । त्यस्तै प्रश्न १२ (ख) मा विज्ञान अभिशाप नभई वरदान हो भन्ने विषयको वादविवाद प्रतियोगितामा विपक्षका तर्कको खण्डन गर्दै आफ्ना गहकिला तर्क प्रस्तुत गर भनिएको छ । उक्त प्रश्नको उत्तर कति लेख्ने भन्ने कुरामा अन्यौलता रहेको छ । उक्त प्रश्नमा विज्ञान अभिशाप नभई वरदान हो

भन्ने विषयको वादविवाद प्रतियोगितामा विपक्षका तर्क खण्डन गर्दै आफ्ना गहकिला तर्क ७५ शब्दमा प्रस्तुत गर्नुहोस् भन्ने निर्देशन दिइएको भए उपयुक्त हुने थियो होला । प्रश्न नं. १५ मा यदि तिमी ठग समातियो कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई के गर्थ्यौ ? कम्तिमा चार कुरा लेख भनिएको छ । उक्त प्रश्नको उद्देश्यपरक र मापनीयताको गुणका दृष्टिले कमजोर रहेको देखिन्छ ।

## ३. विकल्प निर्देशन

कक्षा आठको वार्षिक परीक्षा २०७४ मा अत्तरिया नगर क्षेत्रले निर्माण गरेको प्रतिनिधि प्रश्नपत्रमा विकल्प सहितका प्रश्न नं. १२, १३, १४, १६ र १७ रहेका छन् ।

प्रश्न नं. १२ मा तलका मध्ये कुनै एक प्रश्नको उत्तर देऊः भनी (क) र (ख) गरी दुई ओटा प्रश्न सोधिएको छ । प्रश्न नं. १३ मा कुनै एकको भाव विस्तार गर भनी (क) र (ख) को विकल्प निर्देश दिइएको छ । त्यस्तै प्रश्न नं. १४ मा कुनै दुई प्रश्नको संक्षिप्त उत्तर देउ भनेर क, ख, ग गरी विकल्प चयन गरिएको छ । त्यस्तै प्र. १६ मा कुनै एक प्रश्नको विवेचनात्मक उत्तर देऊ : भनिएको छ भने प्रश्न नं. १७ मा ३ ओटा शीर्षकहरू दिएर कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख भनी शीर्षक विकल्प दिइएको छ ।

यसरी हेर्दा यहाँ वस्तुगत प्रश्न भन्दा विषयगत प्रश्नमा बढी प्रश्नमा विकल्प दिएको पाइन्छ, जो प्रश्न सन्तुलन र अङ्कभारमा उपयुक्त मानिँदैन ।

## अङ्क विभाजन र समय निर्धारण

प्रतिनिधि प्रश्नहरूको अङ्क विभाजन र समय निर्धारणलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

### पूर्णाङ्क र त्यसको वितरण

पूर्णाङ्कका आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा प्रश्नपत्रको दायाँपट्टी शीर्ष भागमा पूर्णाङ्क ७५ राखिएको छ । पूर्णाङ्कको मुनि उत्तीर्णाङ्क ३० राखिएको छ । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा १७ ओटा प्रश्नहरू सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नले अङ्क निर्देशन गरिएको छ । प्रश्नपत्रमा उपप्रश्नको लागि छुट्टै अङ्क तोकिएको छैन । प्रश्नपत्रमा उपप्रश्नको लागि छुट्टै अङ्क दिएर प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क राखिएको छ ।

### शब्द भण्डार र अङ्क विभाजन

अत्तरियाको प्रतिनिधि प्रश्नपत्रमा शब्द भण्डार क्षमता परीक्षण गर्नको लागि जम्मा १० अङ्क निर्धारण गरिएको छ । उक्त प्रश्नपत्रको प्रश्न नं. १ मा समूह (क) ६ ओटा शब्द दिई समूह (ख) मा ८ ओटा शब्दबाट अर्थ पहिचान गरी उत्तर पुस्तिकामा सार्नका लागि ३ अङ्क निर्धारण गरिएको छ । प्रश्न नं. २ मा खाली ठाउँ भर्नका लागि कोष्ठकमा ३ ओटा विकल्प सहितका शब्दहरू दिई उपयुक्त शब्द छानी खाली ठाउँ भर्ने किसिमका ६ ओटा प्रश्नको ३ अङ्क छुट्टाएको छ । प्रश्न नं. ३ मा अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न ४ शब्द दिई ४ अङ्क निर्धारण गरिएको छ ।

### व्याकरण र अङ्क विभाजन

प्रतिनिधि प्रश्नको व्याकरण सिप परीक्षण गर्नेका लागि जम्मा १५ अङ्क विभाजन गरिएको छ । प्रश्न नं. ४ (क) र (ख) वाक्य शुद्धीकरणलाई ४ अङ्क, प्र.५ मा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्ट्याउ भनी ६ ओटा रेखाङ्कित शब्द दिई ३ अङ्कभार तोकिएको छ । प्र.६ मा रेखाङ्कित शब्दहरूको विभक्ति छुट्याउ भनी १ अङ्क निर्धारण गरिएको छ । प्र.नं. ७ मा कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर भनी ६ उपप्रश्न सोधी ३ अङ्कभार निर्धारण गरेको छ । त्यस्तै प्र.नं. ८ मा कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर भनी ४ ओटा उपप्रश्न सोधिएको छ, जसको अङ्कभार ४ छुट्याइएको छ । प्र.नं. ९ मा पूर्णभूत कालका चार ओटा क्रियापदको प्रयोग गरी आफू कुनै वनभोज स्थलबारे गएको वर्णन गरी उत्तर लेख्ने प्र.नं. का लागि ४ अङ्कभार छुट्याइएको छ ।

### पढाइ सिप र अङ्क विभाजन

यस प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप परीक्षणका लागि पाठगत तथा बोध प्रश्नहरू समावेश गरिएको छ । बोध प्रश्नका लागि प्र.नं. १० मा गद्यांशबाट ५ उपप्रश्न दिएको छ भने अङ्कभार ५ निर्धारण गरिएको छ । प्रश्न नं. १३ मा कुनै एकको भाव विस्तार गर भनी ४ अङ्क भार निर्धारण गरिएको छ भने प्र.न १४ मा क, ख, ग गरी ३ ओटा उपप्रश्नहरूमध्येबाट २ संक्षिप्त उत्तर लेख भनेर सोधिएको छ, जसको अङ्कभार ८ रहेको छ । प्र.नं १६ मा कुनै एकको विवेचनात्मक उत्तर देउ भनी ८ अङ्कभार छुट्टाएको छ । यसरी हेर्दा पढाइ सिप परीक्षणका लागि २५ अङ्कमा विभाजन गरी प्रश्नहरू सोधिएको छ ।

विशिष्टीकरण तालिकाबमोजिम रहेकाले प्रश्नहरूको अंकभार उपयुक्त छ तर बोधप्रश्नको गद्यांश १५० शब्दको हुनुपर्नेमा ९१ शब्द मात्र समेटिएको छ ।

### लेखाइ सिप र अङ्क विभाजन

प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सिपको परीक्षणका लागि प्र.नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्न भनिएको छ । जसको अङ्कभार ५ रहेको छ । प्र.नं. १२ मा बुँदाका आधारमा जीवनी तयार गर्न वा (ख) मा वादविवादलेखन मध्ये कुनै एकको उत्तर लेख्न भनिएको छ । जसको अङ्कभार ४ तोकिएको छ । तार्किक प्रश्न उत्तर लेखनसम्बन्धी प्र.नं. १५ को लागि ४ अङ्क छुट्याइएको छ । त्यस्तै प्र.नं. १८ मा ३ ओटा शीर्षक दिई कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्न भनिएको छ, जसलाई ८ अङ्कभार छुट्याइएको छ । यसरी हेर्दा लेखाइ सिप परीक्षणको लागि २१ अङ्कभार निर्धारण गरिएको छ ।

### समय निर्धारण

समय निर्धारणका दृष्टिले उक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको बायाँ २:१५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक प्रश्नको उपप्रश्नमा भन्ने समय निर्धारण गरिएको पाइँदैन ।

### प्रस्तुति, अनुक्रम/स्तरण

प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरूको अनुक्रम मिलाइएको छ । अनुक्रममा क्रमशः शब्द भण्डार, हिज्जे, व्याकरण बोध (दृष्टांश र अदृष्टांश) बुँदाटिपोट र सारांश लेखन (दृष्टांश), निर्देशित रचना जीवनी लेखन, वादविवाद लेखन, निबन्ध लेखन, भाव विस्तार गर्ने प्रश्न, संक्षिप्त उत्तर, तार्किक उत्तर विवेचनात्मक उत्तर लेख्ने प्रश्नहरूलाई क्रबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुती अनुक्रमका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्दा पाठ्यक्रममा उल्लेख गरिएको मूल्याङ्कन प्रक्रिया र विशिष्टीकरण तालिकाअनुरूप वितरण गरिएकाले प्रश्नपत्र उपयुक्त देखिन्छ ।

**प्रश्नपत्रको स्वरूप**

यहाँ प्रश्नपत्रको स्वरूपका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ :

**शीर्ष भाग**

प्रश्नपत्रको शीर्ष भागमा प्रश्नसँग सम्बन्धित सूचनाका साथै सम्बन्धित कक्षा वा तहको नाम लेखिएको हुन्छ । यस आधारलाई हेर्दा प्रतिनिधि प्रश्नहरूको शीर्ष भाग निम्नानुसार प्रस्तुत गरिएको छ, जुन यसप्रकार छ :

| आधारभूत तह उत्तीर्ण परीक्षा - २०७४ | | |
|---|---|---|
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : ३० |

परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ भनी उत्तर लेखनसम्बन्धी स्पष्ट निर्देशन दिइएको छ ।

**कागज**

यस आधारमा प्रश्नपत्रको विश्लेषण गर्दा प्रतिनिधि प्रश्नपत्रमा उपयोग गरिएको कागज ५० ग्रामको गुलाबी रङ्गको दुबैतिरको अक्षर छाप्न सकिने मध्यम खालको, चिल्लो कागजको उपयोग गरिएको छ ।

**आकार**

सैद्धान्तिक मान्यतामा प्रश्नपत्रका आकारको सवालमा नभए तापनि मध्यम खालको भएमा सर्वोत्तम ठानिन्छ । प्रतिनिधि प्रश्नपत्रका ४ ओटा पृष्ठ रहेका छन्, तर पृष्ठ सङ्ख्या भने उल्लेख गरिएको छैन । जस्मा प्रश्न सङ्ख्या १७ रहेको छ ।

**छपाइ र सफाइ**

प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा उपयुक्त तरिकाले सफासँग छपाइ गरिएको देखिन्छ ।

**भाषा**

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा भाषासम्बन्धी खासै त्रुटिहरू नदेखिए तापनि कतिपय प्रश्न निर्देशनमा भाषा अस्पष्ट देखिन्छ । जस्तै खाली ठाउँ भर भन्ने प्रश्न निर्देशनले प्रश्नपत्रमै खाली ठाउँ भर्ने कि उत्तर पत्रमा खाली ठाउँ भन्ने कुराको अलमल देखिन्छ । यस्तै

प्र.नं. १५ प्रश्नको उद्देश्य किटान गर्न भाषा उपयुक्त रहेको देखिँदैन । प्र.नं. १५ र १७ बाहेक प्रत्येक प्रश्न निर्देशनमा दुई चिह्नको प्रयोग गरिएको छ । ( । ) (:) जुन निर्देशनमा एउटा मात्र चिह्नको प्रयोग गरिएको भए उत्तम हुने देखिन्छ । त्यसैले प्रश्न निर्देशन गर्दा दुई चिह्न । : को प्रयोग गर्नु उपयुक्त देखिँदैन । अन्य दृष्टिले हेर्दा प्रश्नपत्र उपयुक्त नै मान्न सकिन्छ ।

## भजनी नगरपालिकाको प्रश्नपत्र विश्लेषण

कक्षा आठको वार्षिक परीक्षा २०७४ मा कैलाली जिल्ला भजनी नगर क्षेत्रको नेपाली विषयअन्तर्गत रही प्रतिनिधि प्रश्नपत्रको बाह्य आधारमा केन्द्रित रही प्रश्नहरूको विश्लेषण गरिएको छ ।

### निर्देशन

निर्देशनअन्तर्गत शीर्ष निर्देशन, प्रश्न निर्देशन, पृष्ठ निर्देशन, विकल्प निर्देशन जस्ता कुराहरू रहन्छन् । यहाँ यिनै कुराहरूमा आधारित भएर प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गरिएको छ :

#### शीर्ष निर्देशन

भजनी नगर क्षेत्रको प्रश्नपत्रमा शीर्ष निर्देशन निम्नानुसार समेटिएको छ ।

आधारभूत तह उत्तीर्ण परीक्षा - २०७४

| | | |
|---|---|---|
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : ३० |

सबै प्रश्नहरू अनिवार्य छन् ।

यसरी हेर्दा भजनी नगर क्षेत्रको प्रश्नपत्रमा शीर्षक निर्देशन स्पष्ट भए पनि शीर्ष निर्देशनमा सबै प्रश्नहरू अनिवार्य छन् भन्नुको सट्टा विद्यार्थीले आफ्नो शैलीमा प्रश्नको निर्देशनअनुसार उत्तर लेख्नुपर्नेछ भनिएको भए अझै प्रभावकारी हुने देखिन्छ ।

#### प्रश्न निर्देशन

प्रश्न निर्देशनका दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा प्र.नं. २ मा कोष्ठकमा दिइएका शब्दमध्ये उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् भनिएको छ । यस प्रश्नको निर्देशनमा

खाली ठाउँमा एक उपयुक्त शब्द भरी आफ्नो उत्तर पुस्तिकामा लेख्नुहोस् भनी निर्देशन दिइएको भए उपयुक्त हुने थियो । यस्तै प्रश्न नं. ११ मा तल दिइएको अनुच्छेदबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् भनिएको छ, तर यस्ता चार ओटा बुँदा टिपी सारांश लेख भनिएको भए उक्त प्रश्न अझै उपयुक्त हुने थियो । प्र.नं. १३ मा तल दिएका कुनै एकको भाव विस्तार गर्नुहोस् भनी प्रश्न निर्देशन दिइएको छ, तर उक्त (क) र (ख) प्रश्नहरूलाई उद्धरण चिह्न (" ") मा राखी भाव विस्तार गर्नुहोस् भनिएको भए उक्त प्रश्न उपयुक्त हुने देखिन्छ । प्र.नं. १६ मा तलका मध्ये कुनै एक विवेचनात्मक उत्तर दिनुहोस् भनिएको छ । उक्त १६ (क) र (ख) को प्रश्नलाई एकल उद्धरण (' ') चिह्नको प्रयोग गरी सोधिएको भए उपयुक्त हुने थियो । यस्तै प्र.नं. १५ मा प्रश्नवाचक चिह्न (?) को प्रयोग गरिएको भए अझै प्रश्न निर्देशन स्पष्ट हुने थियो ।

**प्रश्न विकल्प**

विकल्प निर्देशनका दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा प्र.नं. १२, १३, १४, १६ र १७ मा विकल्प सहितको प्रश्नहरू सोधिएको छ । यी प्रश्नहरूमध्ये प्रश्न नं. १२ र १३ मा (क) र (ख) गरी दुई/दुई ओटा प्रश्नहरू दिई कुनै एक प्रश्नको उत्तर दिनुहोस् भनी विकल्प निर्देशन दिइएको छ । प्र.नं. १४ मा तलका मध्ये कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् भनेर क, ख, ग गरी प्रश्न निर्देशन गरिएको छ । प्र.नं. १६ मा तलका मध्ये कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् भनेर (क), (ख) गरी विकल्प प्रश्न निर्देशनका रूपमा दिएको छ । प्र.नं. १७ मा कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् भनी क, ख, ग गरी विकल्प प्रश्नको निर्देशन गरी प्रश्न सोधिएको छ । जुन विशिष्टीकरण तालिका अनुरूप छ ।

**पृष्ठ निर्देशन**

प्रतिनिधि प्रश्नपत्रको पृष्ठ सङ्ख्या ४ रहेको छ । प्रथम पृष्ठमा शीर्ष निर्देशन दिइएको छ भने अन्तिम पृष्ठमा समाप्त लेखिएको छ्र अरू पृष्ठमा पृष्ठ सङ्ख्या नं. जनाउन केही संकेत गरेको देखिँदैन ।

**भाषिक पक्ष अङ्क विभाजन र समय निर्धारण**

भाषिक क्षमता अभिवृद्धि गर्न पाठ्यक्रमले सिपगत आधारमा नै निश्चित पाठ्यभार प्रदान गरेको हुन्छ । यहाँ भजनी क्षेत्रको प्रतिनिधि प्रश्न भाषिक पक्ष, अङ्क विभाजन र समय निर्धारणका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ ।

### व्याकरण सिप र अङ्क विभाजन

प्रतिनिधि प्रश्नको व्याकरण सिप परीक्षण गर्नेका लागि जम्मा १५ अङ्क विभाजन गरिएको छ । प्र.नं. ४ (क) र (ख) वाक्य शुद्धीकरणको लागि २-२ गरी जम्मा ४ अङ्क छुट्याइएको छ । प्र.नं. ५ मा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउ भनी ६ ओटा रेखाङ्कित शब्द दिई ३ अङ्कभार तोकिएको छ । प्र.नं. ६ मा रेखाङ्कित पदहरूको कारक र विभक्ति छुट्याउनुहोस् भनी १ अङ्क तोकिएको छ । प्र.नं. ७ मा धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् भनेर ३ अङ्कभारमा सोधिएको छ । प्र.नं. ८ मा कोष्ठकमा दिइएका सङ्केतका आधरामा वाक्य परिवर्तन गर्नुहोस् भनी ४ अङ्क निर्धारण गरिएको छ । त्यस्तै प्र.नं. ९ मा सामान्य भविष्यत् कालको प्रयोग गरी चार वाक्यमा आफ्नो दिदीको बारेमा वर्णन गर्नुहोस् भनी ४ अङ्क निर्धारण गरी सोधिएको छ ।

### शब्द भण्डार र अङ्क विभाजन

यस प्रतिनिधि प्रश्नपत्रमा शब्द भण्डार क्षमता परीक्षण गर्नेको लागि जम्मा १० अङ्कभार निर्धारण गरिएको छ ।

उक्त प्रश्नपत्रको प्रश्न नं. १ मा समूह (क) मा ६ ओटा शब्द दिई समूह (ख) मा ८ ओटा शब्दबाट अर्थ पहिचान गरी उत्तर पुस्तिकामा सार्नुहोस् भन्ने प्रश्न निर्देशनमा ३ अङ्क छुट्याइएको छ । प्र.नं. २ मा खाली  ठाउँ भर्नका लागि कोष्ठकमा ३ ओटा विकल्प सहितका शब्दहरू दिई उपयुक्त शब्द छानी खाली ठाउँ भर्ने ६ ओटा उपप्रश्न दिई ३ अङ्क विभाजन गरेको छ । यसैगरी प्र.नं. ३ मा अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न ४ शब्द दिई ४ अङ्क निर्धारण गरिएको छ ।

### पढाई सिप र अङ्क विभाजन

यस प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप परीक्षणका लागि पाठगत तथा बोध प्रश्नहरू निर्माण गरिएको छ । बोध प्रश्नका लागि प्र.नं. १० मा गद्यांशबाट ५ उपप्रश्नहरू दिइएको छ भने अङ्कभार ५ निर्धारण गरिएको छ । प्र.नं. १३ मा कुनै एकको भाव विस्तार गर भनी ४ अङ्कभार छुट्याइएको छ । प्र.नं. १४ मा क, ख, ग गरी ३ ओटा उपप्रश्नहरूमध्येबाट २ संक्षिप्त उत्तर दिनुहोस् भनेर सोधिएको छ, जसको अङ्कभार ८ रहेको छ । प्र.नं. १६ मा कुनै एकको विवेचनात्मक उत्तर देउ भनी ८ अङ्कभार छुट्टाईएको छ । यसरी हेर्दा पढाइ सिप परीक्षणका लागि जम्मा २५ अङ्कमा विभाजन गरी प्रश्नहरू सोधिएको छ ।

### लेखाइ सिप र अङ्क विभाजन

प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सिपको परीक्षणका लागि प्र.नं. ११ मा दिइएको अनुच्छेदबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् भनी ५ अङ्कभार छुट्याएको छ। प्र.नं. १२ को (क) मा बुँदाका आधारमा जीवनी तयार गर्न र १२ (ख) मा आफ्नो साथीलाई चिठी लेख्नुहोस् भनिएको प्रश्न मध्ये कुनै एक प्रश्नको उत्तर मागेको छ । जसको अंकभार ४ निर्धारण गरिएको छ । तार्किक उत्तर लेखन सम्बन्धी प्र.नं. १५ को लागि ४ अङ्क छुट्याइएको छ । यस्तै प्र.नं. १७ मा क, ख, ग गरी तिनओटा शीर्षक दिएको छ । जसमध्येबाट एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेखनको लागि ८ अङ्क निर्धारण गरिएको छ। लेखाइ सिपकालागि जम्मा २१ अङ्कभार निर्धारण गरिएको छ।

### समय निर्धारण

समय निर्धारणका दृष्टिले उक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको बायाँ २:१५ घण्टा समय  निर्धारण गरिएको छ। प्रत्येक प्रश्नको र उपप्रश्नको लागि भने समय निर्धारण गरिएको पाइँदैन ।

### प्रस्तुति, अनुक्रम/स्तरण

प्रस्तुति अनुक्रमका आधारमा प्रश्नहरूको विश्लेषण गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरूको अनुक्रम मिलाएको छ । अनुक्रममा क्रमशः शब्द भण्डार, हिज्जे, व्याकरण बोध (दृष्टांश र अदृष्टांश) बुँदाटिपोट र सारांश लेखन (दृष्टांश) निर्देशित रचना जीवनी लेखन, वादविवाद लेखन, निबन्धलेखन, भाव विस्तार गर्ने प्रश्न, संक्षिप्त उत्तर, तार्किक उत्तर विवेचनात्मक उत्तर लेख्ने प्रश्नहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ।

### प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूपका आधारमा यहाँ निम्नानुसार विश्लेषण गरिन्छ।

### शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भागमा प्रश्नसँग सम्बन्धित सूचनाका साथै कक्षा वा तहको नाम लेखिएको हुन्छ । यस आधारलाई हेर्दा प्रतिनिधि प्रश्नहरूको शीर्ष भागलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

आधारभूत तह उत्तीर्ण परीक्षा - २०७४

| | | |
|---|---|---|
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : ३० |

सबै प्रश्नहरू अनिवार्य छन् ।

उक्त प्रश्नको शीर्ष भागमा तह, समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्कसम्बन्धी स्पष्ट उल्लेख गरिएको छ । प्रश्न निर्देशनसम्बन्धी सबै प्रश्नहरू अनिवार्य छन् भनेर उल्लेख गरिएको देखिन्छ ।

**१. कागज**

कागजका आधारमा प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा उपयोग गरिएको कागज ५० ग्रामको गुलाबी रङ्गको दुबैतिर अक्षर छाप्न सकिने मध्यम खालको चिल्लो कागज उपयोग गरिएको छ ।

**२. आकार**

प्रतिनिधि प्रश्नपत्रका ४ ओटा पृष्ठ रहेका छन् तर पृष्ठ सङ्ख्या भने उल्लेख गरिएको छैन । यद्यपि प्रश्नपत्रलाई स्पष्ट, आकर्षक बनाउनको लागि पृष्ठ सङ्ख्या वा संकेत उल्लेख गरिएको भए अझै उपयुक्त हुने थियो । यस प्रश्नपत्रमा १२ प्वाइन्टका अक्षरहरू समावेश गरिएको छ भने प्रश्न नं. ५ र ६ मा पदवर्ग, कारक र विभक्तिका रेखाङ्किन शब्दलाई अलि ठूलो कालो अक्षरले बोल्ड गरिएको भए उपयुक्त हुने देखिन्छ

यस्तै प्रश्न नं. ४ को (ख), प्रश्न नं. १० को अनुच्छेद र प्रश्न नं. १३ को प्रश्न दुई पृष्ठमा छापिएको छ, जुन प्रश्न निर्माणका दृष्टिले उपयुक्त देखिँदैन । प्रश्नपत्र सहज रूपमा हेर्न र समाउन सकिने सिरान पुच्छरमा डेढ इन्च किनारा खाली छोडिएको छ भने प्रश्नको दायाँ र बायाँ भागमा आधा इन्च किनारा मात्र ठाउँ छोडिएको देखिन्छ ।

**३. छपाइ र सफाइ**

यस प्रश्नपत्रमा छपाइ र सफाइका दृष्टिले सबै प्रश्नपत्रमा स्पष्ट र उपयुक्त कालो मसीको प्रयोगले प्रश्नपत्रको निर्देशन उपयुक्त नै रहेको देखिन्छ ।

## ४. भाषा

भाषाका दृष्टिले यस प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. २ मा कोष्ठकमा दिइएका शब्दमध्ये उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् भनी प्रश्न निर्देशन गरिएको छ । प्रश्नपत्रमा खाली ठाउँ भर्ने कि उत्तरपुस्तिकामा खाली भर्ने कुराको स्पष्ट भाषा किटान गरिएको छैन । प्रश्न नं. ९ मा 'सामान्य भविष्यत् कालको प्रयोग गरी चार वाक्यमा आफ्नो दिदीको बारेमा वर्णन गर्नुहोस् भनिएको छ । उक्त प्रश्न निर्देशनको भाषाशैली नै त्रुटिपूर्ण रहेपछि विद्यार्थीहरूमा अलमल हुने स्थिति सृजना हुन्छ ।

भजनी नगर क्षेत्रको प्रश्नपत्रमा भएको वर्णविन्यासगत त्रुटि निम्नअनुसार उल्लेख गरिन्छ :

| भएको | हुनुपर्ने | त्रुटि स्थान/पटक |
|---|---|---|
| प्राकृतीक | प्राकृतिक | १ |
| परीषा | परीक्षा | १ |
| चाल | चार | १ |
| वेद | बेद | १ |
| ययरी | यसरी | १ |
| भविष्यत | भविष्यत् | १ |

प्रश्नपत्रमा यी त्रुटिहरू सामान्य र अर्थ अघातक त्रुटिभित्र पर्दछन् । पदयोग र पदवियोगसम्बन्धी भने त्रुटि भेटिएन । चिह्न प्रयोगसम्बन्धी त्रुटिलाई विश्लेषण गर्दा प्र.नं. ९ को वर्णनसम्बन्धी मुख्य निर्देशनलाई एकल उद्धरणमा राख्नुपर्नेमा नराखिएको पाइन्छ । प्रश्न नं. ११ को (ख) मा चिठीको मुख्य शीर्षकलाई एकल उद्धरण चिह्नमा राख्नुपर्नेमा नराखिएको पाइयो । त्यस्तै प्र.नं. १३ को (क) र (ख) को प्रश्नलाई पनि एकल उद्धरण चिह्नको प्रयोग गरी सोधिनुपर्नेमा कुनै पनि चिह्नको प्रयोग गरिएको छैन । प्रश्न १५ को किन भने प्रश्नमा (एकल उद्धरण) र प्रश्नवाचक (?) चिह्न प्रयोग गर्नुपर्नेमा अल्पविराम (,) चिह्नको प्रयोग गरिएको छ, जुन त्रुटिपूर्ण देखिन्छ । प्रश्न नं. १६ को (ख) मा भनाइ पुष्टि पार्ने प्रश्नलाई पनि एकल उद्धरण चिह्नको प्रयोग गरी प्रश्न सोधिनु पर्नेमा चिह्न प्रयोग गरिएको छैन ।

प्रश्नपत्रको भाषाका आधारमा उपयुक्त चिह्न प्रयोगका दृष्टिले उक्त प्रश्न कमजोर रहेको छ भन्न सकिन्छ ।

## लम्कीचुहा नगर क्षेत्रको प्रश्न विश्लेषण

आधारभूत तह कक्षा आठको वार्षिक परीक्षा २०७४ मा लम्कीचुहा नगर क्षेत्रले उपयोग गरिएको नेपाली विषयको प्रश्नपत्रको बाह्य आधारमा केन्द्रित रही निम्नअनुसार विश्लेषण गरिन्छ ।

### निर्देशन

निर्देशनका आधारमा शीर्षक निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन, पृष्ठ निर्देशनका आधारमा लम्काचुहा नगर क्षेत्रको प्रश्नपत्र विश्लेषण गरिन्छ ।

#### शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष निर्देशनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

आधारभूत तह उत्तीर्ण परीक्षा - २०७४

| | | |
|---|---|---|
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : |

तलका सबै प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

यस प्रतिनिधि प्रश्नपत्रको शीर्षभागमा तह, कक्षा, समय, विषय, पूर्णाङ्क स्पष्ट खुलाइएको भएपनि उत्तीर्णाङ्कसम्बन्धी कुनै जानकारी खुलाइएको छैन । प्रश्न निर्देशनमा सबै प्रश्नहरूको उत्तर लेख्नुहोस् भनी उल्लेख गरिएको छ ।

#### प्रश्न निर्देशन

यस प्रतिनिधि प्रश्नपत्रमा प्र.नं. २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् भनिएको छ । खाली ठाउँमा उत्तरपुस्तिकामा भर्ने की प्रश्नपत्रमा भर्ने, कति शब्द खाली ठाउँमा भर्ने भन्ने कुराको अन्योल आउन सक्छ । प्रश्न नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् भनिएको छ तर कस्ता चार ओटा बुँदा टिप्ने भन्ने कुरा स्पष्ट खुलाइएको छैन । त्यस्तै प्रश्न नं. १२ को (ख) मा धनभन्दा स्वास्थ्य ठूलो भन्ने विषयमा विपक्षीका

तर्कहरूलाई खण्डन गर्दै विषयको पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् भनिएको छ, तर कति शब्दमा गहँकिला तर्क दिने भन्ने कुराको स्पष्ट निर्देशन दिइएको छैन ।

**विकल्प निर्देशन**

यस प्रतिनिधि प्रश्नपत्रमा विकल्प निर्देशनका आधारमा अध्ययन गर्दा प्र.नं. १२, १३, १४, १६ र १७ नं. प्रश्नहरू रहेका छन् ।

**पृष्ठ निर्देशन**

यस प्रतिनिधि प्रश्नपत्रको पृष्ठ सङ्ख्या ४ रहेको छ । पृष्ठ सङ्ख्या जनाउन १, २, ३, ४ भनी सङ्केतले पृष्ठ सङ्ख्या निर्धारण गरिएको छैन । समापन पृष्ठमा र समाप्त भनी उल्लेख गरिएको छ ।

**अङ्क विभाजन र समय निर्धारण**

अङ्क विभाजन र समय निर्धारणका आधारमा प्रश्नहरूको विश्लेषण गर्दा प्रश्नपत्रको दायाँपट्टि शीर्ष भागमा पूर्णाङ्क ७५ राखिएको छ । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा जम्मा १७ ओटा प्रश्नहरू सोधिएका छन् । उत्तीर्णाङ्क भने तोकिएको छैन । प्रत्येक प्रश्नको दायाँ भागमा प्रश्नको अङ्क निर्देशन गरिएको छ । प्रश्नपत्रमा उपप्रश्नको लागि छुट्टै अङ्क नदिए पनि प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क राखिएको छ । यस प्रतिनिधि प्रश्नको अङ्क विभाजन र समय निर्धारणलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

**शब्द भण्डार परीक्षण र अङ्क विभाजन**

शब्द भण्डार परीक्षणका लागि प्र.नं. १, २, ३, ४ प्रश्नहरू १० अङ्कभारमा सोधिएका छन् । जुन प्रश्नहरू (१, २) ज्ञानात्मक सिपसम्बन्धी र प्र.नं. ३ र ४ व्यावहारिक सिप पक्षसँग सम्बन्धित छ ।

**व्याकरण र अङ्क विभाजन**

व्याकरणसँग सम्बन्धित प्रश्नहरू व्यावहारिक सिप प्रयोगसँग सम्बन्धित रही सोधिएको छ । प्र.नं. ४,५, ६, ७, ८ र ९ मा सोधिएको व्याकरण क्षेत्रका लागि जम्मा १५ अङ्कभार छुट्याइएको छ ।

**पढाइ सिप र अङ्क विभाजन**

पढाइ सिपको परीक्षण गर्नको लागि ज्ञान र उच्च दक्षता सिप बोधसँग सम्बन्धित प्रश्न प्र.नं. १० अनुच्छेदबाट र प्र.नं. १४ संक्षिप्त उत्तर आउने प्रश्नको लागि १३ अङ्क छुट्याइएको छ । त्यस्तै उच्च दक्षता सिपको परीक्षण गर्नको लागि प्र.नं. १३ मा दुईओटा प्रश्न सोधिएको छ । जसको अङ्कभार ४ रहेको छ । उच्च दक्षता सिपको परक्षिण गर्नका लागि २ ओटा मध्ये एकओटा विवेचनात्मक उत्तर आउने प्रश्न सोधिएको छ । जसको अंकभार ८ रहेको छ । ज्ञान, बोध र उच्च दक्षता सिपको परीक्षण गर्नको लागि पढाइ क्षेत्रको सिप अन्तर्गत जम्मा २५ अङ्क निर्धारण गरिएको छ ।

**लेखाइ सिप र अङ्क विभाजन**

लेखाइ सिप परीक्षण गर्नेका लागि उच्च दक्षता सिपसँग सम्बन्धित रही प्रश्नहरू सोधिएका छन् । बुँदाटिपोट र सारांश लेखनबाट ५ अङ्क, बुँदाका आधारमा जीवनी वा वादविवाद लेखन सम्बन्धी ४ अङ्क, तार्किक लेखन आवृत्तिका लागि ४ अङ्क र निबन्ध लेखनका लागि ८ अङ्क तोकिएको छ । यसरी उच्च दक्षताका साथ लेखाइ सिप परीक्षणका लागि जम्मा २१ अङ्कभार निर्धारण गरिएको छ ।

**समय**

समय निर्धारणका आधारमा प्रश्नको विश्लेषण गर्दा प्रश्नहरूको एकमुष्ट २ घण्टा १५ मिनेट समयावधि तोकिएको छ । तर विशिष्टीकरण तालिकामा सबै प्रश्नहरूलाई छुट्टाछुट्टै समय निर्धारण गरिएको भए तापनि प्रश्नहरूमा प्रत्येक प्रश्नको समय निर्धारण गरिएको पाइँदैन । व्यावहारिक हिसाबले प्रतिप्रश्न समय निर्धारण गर्न जटिल भएकाले एकमुष्ट समय निर्धारण गरिएको पाइयो ।

**प्रस्तुति अनुक्रम**

प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरूको अनुक्रम मिलाइएको छ । अनुक्रममा क्रमशः शब्द भण्डार, हिज्जे, व्याकरण बोध (दृष्टांश र अदृष्टांश) बुँदाटिपोट र सारांश लेखन (दृष्टांश) निर्देशित रचना जीवनी लेखन, वादविवाद लेखन, निबन्धलेखन, भाव विस्तार गर्ने प्रश्न, संक्षिप्त उत्तर, तार्किक उत्तर, विवेचनात्मक उत्तर लेख्ने प्रश्नहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

**प्रश्नपत्रको स्वरूप**

यस प्रतिनिधि प्रश्नपत्रको स्वरूपका आधारमा शीर्ष भाग, आकार, कागज, मसीको प्रयोगजस्ता पक्षमा रही विश्लेषण गरिन्छ ।

**शीर्ष भाग**

यस प्रतिनिधि प्रश्नपत्रको शीर्ष भाग निम्नानुसार प्रस्तुत गरिएको छ :

---

आधारभूत तह उत्तीर्ण परीक्षा - २०७४

---

कक्षा : ८      विषय : नेपाली      पूर्णाङ्क : ७५

समय : २:१५ घण्टा

---

तलका सबै प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

यस शीर्ष भागमा उत्तीर्णाङ्कसम्बन्धी स्पष्ट निर्देशन दिएको भए अझै उपयुक्त हुने थियो । अन्य पक्षबाट शीर्ष भाग स्पष्ट र आकर्षक नै देखिन्छ ।

१. **आकार**

यो प्रश्नपत्र ४ पृष्ठमा संरचित छ । अक्षरको आकार भने १२ प्वाइन्टको भएकाले व्याकरण, शब्द, आकार र अन्य प्रश्नको दृष्टिले प्रश्नपत्र उपयुक्त भए पनि पठनबोधका लागि समावेश अनुच्छेदमा अलि साना तथा बाक्ला अक्षर देखिन्छन् । समाउन र हेर्न सहज हुने किसिमको प्रश्नपत्रको सिरानमा एक इन्च, पुच्छरमा एक इन्च, दायाँतर्फ र बायाँतर्फ आधा इन्च मात्र किनारा खाली राखिएकाले प्रश्नपत्र त्रुटिपूर्ण रहेको देखिन्छ ।

२. **कागज**

यस प्रतिनिधि प्रश्नपत्रको कागजका आधारमा विश्लेषण गर्दा प्रश्नपत्रमा उपयोग गरिएको कागज ५० ग्रामको सेतो रंगको दुबैतिर अक्षर छाप्न सकिने मध्यम खालको चिल्लो कागजको उपयोग गरिएको छ ।

३. **मसीको प्रयोग**

लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्रमा सेतो कागजमा कालो मसीको प्रयोग गरी निर्माण गरिएकाले उपयुक्त मानिन्छ । यद्यपि प्रत्येक प्रश्न निर्देशन गरिएका शब्दहरूमा धेरै मसीको

प्रयोगले अक्षर भद्दा भई पढ्न र ठम्याउन कठिनाइ रहेको पाइयो । त्यसैले प्रश्न निर्देशन गरिएका शब्द, वाक्यहरू अलि ठूला अक्षर, सामान्यरूपमा कालो बोल्ड अक्षरमा लेखिनुपर्ने छपाइ र सफाइमा ध्यान नपुगेको देखिन्छ ।

५. भाषा

भाषिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्र.नं. ७ को धातु र स्रकेतका सहायताले खाली ठाउँ भर्नुहोस् भने प्रश्नमा अपूर्ण वर्तमान, अज्ञात भूत, सामान्य भूत र अपूर्ण भविष्यत् मात्र लेखिएको छ । प्रश्नभित्र सङ्केतको स्पष्ट निर्देशन दिनु आवश्यक छ । यस प्रश्नलाई अज्ञात भूतकाल र सामान्य भूतकाल अपूर्ण वर्तमान काल, अज्ञात भूत काल, सामान्य भूतकाल, अपूर्ण भविष्यत् काल भनी स्पष्ट रूपमा उल्लेख गरिएको भए अझै प्रभावकारी रहने देखिन्छ ।

प्रश्न नं. १३ को (क), (ख) मा एकल उद्धरण चिह्न (‘ ’) को प्रयोग गर्नुपर्नेमा उक्त चिह्न प्रयोग गरिएको छैन । त्यस्तै प्रश्न नं. १५ को मुख्य विषयवस्तुलाई एकल उद्धरणमा राख्नुपर्नेमा राखिएको छैन । प्रश्न नं. ९ को सामान्य भविष्यत् कालको प्रयोगसम्बन्धी मुख्य विषयलाई एकल उद्धरणभित्र राख्नुपर्नेमा राखिएको छैन ।

## टीकापुर नगर क्षेत्रको प्रश्न विश्लेषण

कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका कैलाली जिल्ला, टीकापुर नगरक्षेत्रको प्रतिनिधि प्रश्नको बाह्य आधारअन्तर्गत निम्न आधारहरूमा केन्द्रित रही विश्लेषण गरिएको छ ।

**निर्देशन**

निर्देशनअन्तर्गत शीर्ष-निर्देशन, प्रश्न निर्देशक, पृष्ठ निर्देशन, विकल्प निर्देशनका आधारमा टीकापुर क्षेत्रको प्रश्नपत्रलाई विश्लेषण गरिन्छ ।

१. शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष निर्देशनलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| आधारभूत तह उत्तीर्ण (ग्रेड वृद्धि) परीक्षा - २०७४ | | |
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : ३० |

परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर र दिनुपर्नेछ भनी सरल र सहज रूपमा स्पष्ट ग रिएको देखिनेछ ।

## २. प्रश्न निर्देशन

प्रश्न निर्देशनका दृष्टिले उपयुक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्न नं. २ मा कोष्ठकमा दिइएका मध्ये उपयुक्त शब्द छानी खाली ठाउँ भर भनी उल्लेख गरिएको छ । त्यस्तै प्रश्न नं. ११ मा तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ, तर कस्ता बुँदा भनेर खुलाएको छैन । यस अर्थमा तलको गद्यांशबाट मुख्य चारओटा बुँदाहरू टिपीसारांश लेख भन्ने प्रश्न निर्देशन दिइएको भए उपयुक्त हुने देखिन्छ । त्यस्तै प्रश्न १२ (ख) मा विज्ञान अभिशाप नभई वरदान हो भन्ने विषयको वादविवाद प्रतियोगितामा विपक्षका तर्कको खण्डन गर्दै आफ्ना गहकिला तर्क प्रस्तुत गर भनिएको छ । उक्त प्रश्नको उत्तर कति लेख्ने भन्ने कुरामा अन्यौलता रहेको छ । प्रश्न नं. १५ मा यदि तिमी ठग समातियो कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई के गर्थ्यौ ? कम्तिमा चार कुरा लेख भनिएको छ । उक्त प्रश्नको उद्देश्यपरक र मापनीयताको गुणका दृष्टिले कमजोर रहेको देखिन्छ ।

## ३. विकल्प निर्देशन

कक्षा आठको वार्षिक परीक्षा २०७४ मा टीकापुर नगर क्षेत्रले निर्माण गरेको प्रश्नपत्रमा विकल्प सहितका प्रश्न नं. १२, १३, १४, १६ र १७ मा रहेका छन् ।

प्रश्न नं. १२ मा तलका मध्ये कुनै एक प्रश्नको उत्तर देऊः भनी (क) र (ख) गरी दुई ओटा प्रश्न सोधिएको छ । प्रश्न नं. १३ मा कुनै एकको भाव विस्तार गर भनी (क) र (ख) को विकल्प निर्देश दिइएको छ । प्रश्न नं. १४ मा कुनै दुई प्रश्नको संक्षिप्त उत्तर देउ भनेर क, ख, ग गरी विकल्प चयन गरिएको छ । प्र. १६ मा कुनै एक प्रश्नको विवेचनात्मक उत्तर देऊ : प्र.नं. १७ मा ३ ओटा शीर्षकहरू दिएर कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख भनी शीर्षक विकल्प निर्देशन दिइएको छ ।

यसरी हेर्दा यहाँ वस्तुगत प्रश्न भन्दा विषयगत प्रश्नमा बढी विकल्प प्रश्न दिइएको पाइन्छ ।

**अङ्क विभाजन र समय निर्धारण**

लामो उत्तर दिने प्रश्नलाई बढी अङ्क र तथा छोटा उत्तर दिने प्रश्नलाई कम अङ्क र निर्धारण गरेको हुँदा अङ्क विभाजनका दृष्टिले उपयुक्त मानिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नहरूको अङ्क विभाजन र समय निर्धारणलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

**पूर्णाङ्क र त्यसको वितरण**

पूर्णाङ्क र त्यसको वितरणका आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा प्रश्नपत्रको दायाँपट्टी शीर्ष भागमा पूर्णाङ्क ७५ राखिएको छ । पूर्णाङ्कको मुनि उत्तीर्णाङ्क ३० राखिएको छ । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा १७ ओटा प्रश्नहरू सोधिएका छन् । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नको अङ्क निर्देशन गरिएको छ । प्रश्नपत्रमा उपप्रश्नको लागि छुट्टै अङ्क तोकिएको छैन । प्रश्नपत्रमा उपप्रश्नको लागि छुट्टै अङ्क दिएर प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क राखिएको छ ।

**शब्द भण्डार र अङ्क विभाजन**

टीकापुर नगर क्षेत्रको प्रश्नपत्रमा शब्द भण्डार क्षमता परीक्षण गर्नको लागि जम्मा १० अङ्क निर्धारण गरिएको छ । उक्त प्रश्नपत्रको प्रश्न नं. १ मा समूह (क) ६ ओटा शब्द दिई समूह (ख) मा ८ ओटा शब्दबाट अर्थ पहिचान गरी उत्तर पुस्तिकामा सार्नका लागि ३ अङ्क निर्धारण गरिएको छ । प्रश्न नं. २ मा खाली ठाउँ भर्नका लागि कोष्ठकमा ३ ओटा विकल्प सहितका शब्दहरू दिई उपयुक्त शब्द छानी खाली ठाउँ भर्ने किसिमका ६ ओटा उपप्रश्नको ३ अङ्क छुट्टाएको छ । त्यसैगरी प्रश्न नं. ३ मा अर्थ स्पष्ट हुने गरी शब्दमा प्रयोग गर्न ४ शब्द दिई ४ अङ्क निर्धारण गरिएको छ ।

**व्याकरण र अङ्क विभाजन**

प्रतिनिधि प्रश्नको व्याकरण सिप परीक्षण गर्नेका लागि जम्मा १५ अङ्क विभाजन गरिएको छ । प्रश्न नं. ४ (क) र (ख) वाक्य शुद्धीकरणलाई ४ अङ्क । प्र.५ मा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्ट्याउ भनी ६ ओटा रेखाङ्कित शब्द दिई ३ अङ्कभार तोकिएको छ । प्र.६ मा रेखाङ्कित शब्दहरूको विभक्ति छुट्याउ भनी १ अङ्क निर्धारण गरिएको छ । प्र.नं.

७ मा कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर भनी ६ उपप्रश्न सोधी ३ अङ्कभार निर्धारण गरेको छ । त्यस्तै प्र.नं. ८ मा कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर भनी ४ ओटा उपप्रश्न सोधिएको छ, जसको अङ्कभार ४ छुट्याइएको छ । प्र.नं. ९ मा पूर्णभूत कालका चार ओटा क्रियापदको प्रयोग गरी आफू कुनै वनभोज गएको वर्णन गरी उत्तर लेख्ने प्र.नं.का लागि ४ अङ्कभार छुट्याइएको छ ।

**पढाइ सिप र अङ्क विभाजन**

यस प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिप परीक्षणका लागि पाठगत तथा बोध प्रश्नहरू निर्माण गरिएको छ । बोध प्रश्नका लागि प्र.नं. १० मा गद्यांशबाट ५ उपप्रश्न दिएको छ भने अङ्कभार ५ निर्धारण गरिएको छ । प्रश्न नं. १३ मा कुनै एकको भाव विस्तार गर भनी ४ अङ्क भार निर्धारण गरिएको छ । प्र.न १४ मा क, ख, ग गरी ३ ओटा उपप्रश्नहरूमध्येबाट २ संक्षिप्त उत्तर लेख भनेर सोधिएको छ, जसको अङ्कभार ८ रहेको छ । प्र.नं १६ मा कुनै एकको विवेचनात्मक उत्तर देउ भनी ८ अङ्कभार छुट्टाएको छ । यसरी हेर्दा पढाइ सिप परीक्षणका लागि जम्मा २५ अङ्कमा विभाजन गरी प्रश्नहरू सोधिएको छ ।

**लेखाइ सिप र अङ्क विभाजन**

प्रतिनिधि प्रश्नपत्रमा लेखाइ सिपको परीक्षणका लागि प्र.नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्न लगाइएको छ । जसको अङ्कभार ५ रहेको छ । प्र.नं. १२ मा बुँदाका आधारमा जीवनी तयार गर्न वा (ख) मा वादविवादलेखन मध्ये कुनै एकको उत्तर लेख्न भनिएको छ । जसको अङ्कभार ४ तोकिएको छ । तार्किक प्रश्न उत्तर लेखनसम्बन्धी प्र.नं. १५ को लागि ४ अङ्क छुट्याइएको छ । त्यस्तै प्र.नं. १७ मा ३ ओटा शीर्षक दिई कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्न भनिएको छ, जसलाई ८ अङ्कभार छुट्याइएको छ । यसरी हेर्दा लेखाइ सिप परीक्षणको लागि २१ अङ्कभार निर्धारण गरिएको छ ।

**समय निर्धारण**

समय निर्धारणका दृष्टिले उक्त प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको बायाँ २:१५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक प्रश्नको उपप्रश्नमा भन्ने समय निर्धारण गरिएको पाइँदैन ।

**प्रस्तुति, अनुक्रम/स्तरण**

प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा विशिष्टीकरण तालिकाअनुसार नै प्रश्नहरूको अनुक्रम मिलाइएको छ । अनुक्रममा क्रमशः शब्द भण्डार, हिज्जे, व्याकरण बोध (दृष्टांश र अदृष्टांश) बुँदाटिपोट र सारांश लेखन (दृष्टांश), निर्देशित रचना जीवनी लेखन, वादविवाद लेखन, निबन्ध लेखन, भाव विस्तार गर्ने प्रश्न, संक्षिप्त उत्तर, तार्किक उत्तर विवेचनात्मक उत्तर लेख्ने प्रश्नहरूलाई क्रबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुती अनुक्रमका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्दा पाठ्यक्रममा उल्लेख गरिएको मूल्याङ्कन प्रक्रिया र विशिष्टीकरण तालिकाअनुरूप वितरण गरिएकाले प्रस्तुति अनुक्रमका आधारमा प्रश्नपत्र उपयुक्त देखिन्छ ।

**प्रश्नपत्रको स्वरूप**

यहाँ प्रश्नपत्रको स्वरूपका आधारमा शीर्ष भाग, कागज, आकार, मसिको प्रयोगको अध्ययन गरी विश्लेषण गरिन्छ :

**शीर्ष भाग**

प्रश्नपत्रको शीर्ष भागलाई निम्नानुसार प्रस्तुत गरिएको छः

आधारभूत तह उत्तीर्ण (ग्रेड वृद्धि) परीक्षा - २०७४

| | | |
|---|---|---|
| समय : २:१५ घण्टा | कक्षा : ८ | पूर्णाङ्क : ७५ |
| | विषय : नेपाली | उत्तीर्णाङ्क : ३० |

परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ भनी शीर्ष भागमै आकर्षक र उत्तर लेखनसम्बन्धी स्पष्ट निर्देशन दिइएको पाइयो ।

**कागज**

यस आधारमा प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा उपयोग गरिएको कागज ५० ग्रामको गुलाबी रङ्गको दुबैतिर अक्षर छाप्न सकिने मध्यम खालको, चिल्लो कागजको उपयोग गरिएको छ ।

१. आकार

यस प्रतिनिधि प्रश्नपत्रका ४ ओटा पृष्ठ रहेका छन्, तर पृष्ठ सङ्ख्या भने उल्लेख गरिएको छैन । जस्मा प्रश्न सङ्ख्या १७ रहेको छन् ।

२. **छपाइ र सफाइ**

प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा उपयुक्त तरिकाले सफासँग छपाइ गरिएको देखिन्छ ।

**भाषा**

प्रश्नपत्रको अध्ययन गर्दा भाषासम्बन्धी खासै त्रुटिहरू नदेखिए तापनि कतिपय प्रश्न निर्देशनमा भाषा अलि अस्पष्ट देखिन्छन् । यस्तै खाली ठाउँ भर भन्ने प्रश्न निर्देशनले प्रश्नपत्रमै खाली ठाउँ भर्ने कि उत्तर पत्रमा खाली ठाउँ भन्ने कुराको अलमल भएको देखिन्छ । यस्तै प्र.नं. १५ प्रश्नको उद्देश्य किटान गर्न भाषा उपयुक्त रहेको देखिँदैन । प्र.नं. १५ र १७ बाहेक प्रत्येक प्रश्न निर्देशनमा दुई चिह्नको प्रयोग गरिएको छ । (-) (:) जुन निर्देशनमा एउटा मात्र चिह्नको प्रयोग हुन्छ । त्यसैले प्रश्न निर्देशन गर्दा दुई चिह्न । : को प्रयोग गर्नु उपयुक्त देखिँदैन । अन्य दृष्टिले हेर्दा प्रश्नपत्र उपयुक्त नै मान्न  सकिन्छ ।

## आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

प्रश्नपत्रका आन्तरिक आधारअन्तर्गत निम्न मुख्य उपशीर्षकहरूमा आधारित भएर प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्न सकिन्छ :

१. पाठ्यक्रम अनुरूपता

२. भाषिक पक्षहरूको संयोजन र सन्तुलन

३. प्रश्नपत्रमा हुनुपर्ने गुण

४. प्रश्नका विविध पक्षहरू

५. भाषा

## अत्तरिया नगर क्षेत्रको प्रश्न विश्लेषण

अत्तरिया नगर क्षेत्रको कैलाली जिल्ला कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधारअन्तर्गत निम्न उपशीर्षकका आधारमा केन्द्रित रही प्रश्नहरूको विश्लेषण गरिएको छ :

### पाठ्यक्रम अनुरूप

पाठ्यक्रम अनुरूप यस प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, प्रश्नको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

### पाठ्यक्रमको उद्देश्य र प्रश्न

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, जीवनी, निबन्ध, प्रबन्ध, चिठी, बुँदाटिपोट, वादविवाद, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । सो पाठ्यक्रमले नेपाली विषयका लागि कुल पूर्णाङ्क ७५, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू कथा, कविता, जीवनीको प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिपको विकास गर्नु रहेको छ ।

### विषयवस्तुको सीमा र प्रश्न

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश  गरिएको पाइयो भने लेखाइ सिप परीक्षणका लागि, वादविवाद, बुँदाटिपोट तथा सारांश लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । यस आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएकाले उक्त प्रश्नपत्र उपयुक्त देखिन्छ ।

### विधाको अङ्कभार र प्रश्न सन्तुलन

विधाको अङ्कभार प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डार १० अङ्क, व्याकरणका विभिन्न विधाबाट १५, पठनबोधबाट ५ अङ्क, बुँदाटिपोट र

सारांश लेखनबाट ५ अङ्क, निर्देशित रचना (कथा, जीवनी वा संवाद, वादविवाद, चिठी) मध्येबाट ४ अङ्क, भाव विस्तार व्याख्या (कथा, कविता, निबन्ध/प्रबन्ध जीवन) बाट ४ अङ्क, पाठगत प्रश्नोत्तर (कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी) ८ अङ्क तार्किक शिल्प/समस्या समाधानबाट ४ अङ्कको, विवेचना प्रश्न १ ओटा (कथा, निबन्ध/प्रबन्ध, जीवनी) ८ अङ्क र स्वतन्त्र रचनासम्बन्धी प्रश्न १ (निबन्ध) १ ओटाको ८ अङ्कको प्रश्न पाठ्यक्रम अनुरूप नै देखिन्छ । अत्तरिया नगर क्षेत्रको समावेश प्रश्न र अङ्कभारको सन्तुलन मिलेको देखिन्छ ।

**विधागत समय र प्रश्न सापेक्षता**

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रश्नको विश्लेषण गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २:१५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरूको लागि छुट्टै समय छुट्याइएको छैन । विशिष्टीकरण तालिका भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिनु तर समय निर्धारण नगरिनु त्यति उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताअनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

**भाषिक पक्षहरूको संयोजन र सन्तुलन**

प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ, जसमा निम्नानुसार चर्चा गरिन्छ ।

शब्द भण्डार अन्तर्गत

अर्थलेखन → ३ अङ्क

शब्द पहिचान → ३ अङ्क

वाक्यमा प्रयोग → ४ अङ्क

१०

= १३%

हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नअन्तर्गत

शुद्ध गरी लेख्ने → २ अङ्क

शुद्ध शब्द छान्ने → २ अङ्क

४

= ५%

व्याकरणअन्तर्गत

शब्दवर्ग → ३ अङ्क

कारक र विभक्ति → १ अङ्क

काल, पक्ष र भाव → ३ अङ्क

वाक्य परिवर्तन → ४ अङ्क

वाक्य रचना (वर्णन) → ४ अङ्क

१५

२०%

पढाइ सिप अन्तर्गत

बोध (दृष्टांश) → ५ अङ्क

भाव विस्तार /व्याख्या → ४ अङ्क

पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) → ८ अङ्क

विवेचनात्मक प्रश्न → ८ अङ्क

२५

३३%

लेखाइ सिपअन्तर्गत

| | | |
|---|---|---|
| बुँदाटिपोट र सारांश (दृष्टांश) | → | ५ अङ्क |
| निर्देशित रचना वर्णन | → | ४ अङ्क |
| तार्किक शिल्प | → | ४ अङ्क |
| निबन्ध लेखन | → | ८ अङ्क |
| | | २१ |
| | | २८% |

अत्तरिया नगरक्षेत्रको प्रश्न विश्लेषण गर्दा शब्द भण्डार क्षमता परीक्षणका लागि १३ प्रतिशत, हिज्जे र लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणको लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिप परीक्षणको लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरिएको देखिन्छ । यसरी भाषिक पक्षहरूको संयोजन र सन्तुलनका दृष्टिले प्रश्न निर्माणमा पढाइ सिपका लागि ३३ प्रतिशतलाई ४० प्रतिशत पूर्णाङ्कको निर्धारण गरिदिएको भए अझै प्रभावकारी रहन्थ्यौं यद्यपि प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्र निर्माणको आधारमा विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्नहरू समावेश गरिएकाले प्रतिनिधि प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ ।

**प्रश्नपत्रमा हुनुपर्ने गुण**

यस प्रतिनिधि प्रश्नपत्रमा विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकताका आधारमा प्रश्नपत्रमा हुनुपर्ने गुणमा केन्द्रित रही विश्लेषण गरिन्छ ।

विश्वसनीयताका आधारमा यस प्रश्नपत्र विश्लेषण गर्दा प्रश्नहरूमा कमीकमजोरीहरू रहेको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. २ मा उपयुक्त शब्द छानी खाली ठाउँ भर भनिएको छ । यस प्रश्नलाई विद्यार्थीले अझै स्पष्टसँग बुझ्न सक्ने गरी दिइएको खाली ठाउँमा एक उपयुक्त शब्द छानी आफ्नो उत्तरपुस्तिकामा भर्नुहोस् भनिएको भए उपयुक्त हुने देखिन्छ । यस्तै प्र.नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ, तर कस्ता बुँदा टिप्ने भनिएको छैन । त्यसैले उक्त प्रश्नमा कस्ता बुँदा टिप्न

भनी स्पष्ट निर्देशन दिइएको भए प्रश्नपत्रमा विश्वसनीयता रहने देखिन्छ । त्यस्तै प्रश्न नं. १५ मा तार्किक शिल्प समस्या समाधान सम्बन्धीको प्रश्नमा यदि तिमी 'ठग समातियो' कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई कसरी समात्यो ? भनी प्रश्न निर्देशन गरिएको भए प्रश्नको विश्वसनीयताका दृष्टिले उपयुक्त हुने थियो ।

### वैधताका आधारमा प्रश्नपत्रको विश्लेषण

वैधताका दृष्टिले प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषयवस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा प्रश्नपत्रमा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्दा स्वतन्त्र र निर्देशित गरी दुई प्रकृतिका प्रश्न समावेश गरिएको छ । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएको हुँदा उक्त प्रश्नपत्र वैधताका दृष्टिले केही कमजोर देखिन्छन् ।

### विभेदीकरणका आधारमा प्रश्नपत्रको विश्लेषण

विभेदीकरणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरिएको हुनाले प्रश्नपत्र विभेदीकरण गुणले युक्त मान्न सकिन्छ ।

### व्यावहारिकताका आधारमा प्रश्नपत्रको विश्लेषण

व्यावहारिक दृष्टिले प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नमा संक्षिप्त उत्तरका लागि २ प्रश्न ८ अङ्क भर १५ मिनेट समय निर्धारण गरिएको छ भने विवेचनातमक तथा लामो १ उत्तर आउने प्रश्नका लागि ८ अङ्क र १५ मिनेट समय निर्धारण गरिएको छ । आधारभूत तहको विशिष्टीकरण तालिकाअनुरूप ७५ पूर्णाङ्कको लागि प्रश्नको लागि १७ ओटा प्रश्नहरू र २:१५ घण्टा  समय निर्धारण गर्नु प्रश्न सङ्ख्या र समय निर्धारणका दृष्टिले उपयुक्त रहेको देखिन्छ । समय खर्चको दृष्टिकोणदे निर्धारित प्रश्नहरूमा मितव्ययिता देखिन्छ भने प्रश्नहरू समय सापेक्ष स्पष्ट तथा उपयुक्त रहेको देखिन्छ ।

### प्रश्नका विविध पक्षहरू

प्रश्नका विविध पक्षका आधारमा अध्ययन गर्दा विषयगत प्रश्नअन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सिर्जनात्मक, तार्किक लेखनसम्बन्धी परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्नअन्तर्गत अर्थ लेखन, शब्द पहिचान,

वाक्यमा प्रयोग, वर्णविन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने सक्ने प्रश्नहरू निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चारवटै सिपलाई एकीकृत रूपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ ।

**भाषा**

अत्तरिया क्षेत्रको प्रतिनिधि प्रश्नका आधारमा विश्लेषण गर्दा प्रश्नहरू दोहोरो अर्थ नलाग्ने प्रकृतिका छन् भने प्रश्नपत्र ठ्याक्कै गलत सूचना प्रदान गर्ने प्रकृतिका छैनन् तर प्रश्न नं. १५ को प्रश्ननिर्देशनको भाषाशैलीले तार्किक प्रश्नले मागेको उत्तरलाई हेर्दा प्रश्नको भाषा कमजोर देखिन्छ । प्रतिनिधि प्रश्नहरू सरल, सहज भए पनि सामान्य वर्णविन्यासगत त्रुटि पाइएका छन्, जुन अर्थघातक भने छैनन् । त्यसैले स्तर अनुकूलताका दृष्टिले उपयुक्त नै मानिन्छ ।

**भजनी नगर क्षेत्रको प्रश्न विश्लेषण**

भजनी नगर क्षेत्रको कैलाली जिल्ला कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधारअन्तर्गत निम्न उपशीर्षकमा केन्द्रित रही विश्लेषण गरिएको छ :

**पाठ्यक्रम अनुरूपता**

पाठ्यक्रम अनुरूपताअनुसार भजनी नगर क्षेत्रको प्रश्नपत्र विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, प्रश्नको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

**पाठ्यक्रमको उद्देश्य र प्रश्न**

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, जीवनी, निबन्ध, प्रबन्ध, चिठी, बुँदाटिपोट, वादविवाद, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरिएको छ । सो पाठ्यक्रमले नेपाली विषयका लागि कुल पूर्णाङ्क ७५, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू कथा, कविता, जीवनीको

प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिपको विकास गर्नु रहेको छ ।

**विषयवस्तुको सीमा र प्रश्न**

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरिएको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश  गरिएको पाइयो भने लेखाइ सिप परीक्षणका लागि, वादविवाद, बुँदाटिपोट तथा सारांश लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । यस आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएकाले उक्त प्रश्नपत्र उपयुक्त देखिन्छ ।

**विधाको अङ्कभार र प्रश्न सन्तुलन**

विधाको अङ्कभार प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डार १० अङ्क व्याकरणका विभिन्न विधाबाट १५, पठनबोधबाट ५ अङ्क, बुँदाटिपोट र सारांश लेखनबाट ५ अङ्क, निर्देशित रचना (कथा, जीवनी वा संवाद, वादविवाद, चिठी) मध्येबाट ४ अङ्क, भाव विस्तार व्याख्या (कथा, कविता, निबन्ध/प्रबन्ध जीवनी) बाट ४ अङ्क, पाठगत प्रश्नोत्तरका लागि (कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी) ८ अङ्क तार्किक शिल्प/समस्या समाधानबाट ४ अङ्कको, विवेचना प्रश्न १ ओटाका लागि (कथा, निबन्ध/प्रबन्ध, जीवनी) ८ अङ्क र स्वतन्त्र रचनासम्बन्धी प्रश्न १ (निबन्ध) ८ अङ्कको प्रश्न पाठ्यक्रम अनुरूप नै देखिन्छ ।

**विधागत समय र प्रश्न सापेक्षता**

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २:१५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरूको लागि छुट्टै समय छुट्याइएको छैन । विशिष्टीकरण तालिकामा भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिनु तर समय निर्धारण नगरिनु त्यति उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताअनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ ।

## भाषिक पक्षहरूको संयोजन र सन्तुलन

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ, जसमा निम्नानुसार चर्चा गरिन्छ :

शब्द भण्डार अन्तर्गत

अर्थलेखन → ३ अङ्क
शब्द पहिचान → ३ अङ्क
वाक्यमा प्रयोग → ४ अङ्क
१०
= १३%

हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नअन्तर्गत

शुद्ध गरी लेख्ने → २ अङ्क
शुद्ध शब्द छान्ने → २ अङ्क
४
= ५%

व्याकरणअन्तर्गत

शब्दवर्ग → ३ अङ्क
कारक र विभक्ति → १ अङ्क
काल, पक्ष र भाव → ३ अङ्क
वाक्य परिवर्तन → ४ अङ्क
वाक्य रचना (वर्णन) → ४ अङ्क
१५
२०%

पढाइ सिप अन्तर्गत

| | | |
|---|---|---|
| बोध (दृष्टांश) | → | ५ अङ्क |
| भाव विस्तार /व्याख्या | → | ४ अङ्क |
| पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | → | ८ अङ्क |
| विवेचनात्मक प्रश्न | → | ८ अङ्क |
| | | २५ |
| | | ३३% |

लेखाइ सिपअन्तर्गत

| | | |
|---|---|---|
| बुँदाटिपोट र सारांश (दृष्टांश) | → | ५ अङ्क |
| निर्देशित रचना वर्णन | → | ४ अङ्क |
| तार्किक शिल्प | → | ४ अङ्क |
| निबन्ध लेखन | → | ८ अङ्क |
| | | २१ |
| | | २८% |

भजनी नगरक्षेत्रको प्रश्न विश्लेषण गर्दा शब्द भण्डार क्षमता परीक्षणका लागि १३ प्रतिशत, हिज्जे र लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणको लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिपको परीक्षणको लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरेको देखिन्छ । यसरी भाषिक पक्षहरूको संयोजन र सन्तुलनका दृष्टिले प्रश्न निर्माणमा पढाइ सिपका लागि ३३ प्रतिशतलाई ४० प्रतिशतको पूर्णाङ्कको निर्धारण गरिदिएको भए अझै प्रभावकारी रहन्थ्यौँ यद्यपि प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्र निर्माणको आधार विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्नहरू समावेश गरिएकाले प्रतिनिधि प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ ।

### प्रश्नपत्रमा हुनुपर्ने गुण

यस प्रतिनिधि प्रश्नपत्रमा विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकताका आधारमा प्रश्नपत्रमा हुनुपर्ने गुणमा केन्द्रित रही विश्लेषण गरिन्छ ।

विश्वसनीयताका आधार यस प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा कमजोरीहरू रहेको देखिन्छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. २ मा उपयुक्त शब्द छानी खाली ठाउँ भर भनिएको छ । यस प्रश्नलाई विद्यार्थीले अझै स्पष्टसँग बुझ्ने सक्ने गरी दिइएको खाली ठाउँमा एक उपयुक्त शब्द छानी आफ्नो उत्तरपुस्तिकामा भर्नुहोस् भनिएको भए उपयुक्त हुने देखिन्छ । यस्तै प्र.नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ, तर कस्ता बुँदा टिप्ने भनिएको छैन । त्यसैले उक्त प्रश्नमा कस्ता बुँदा टिप्ने भनी स्पष्ट निर्देशन दिइएको भए प्रश्नपत्रमा विश्वसनीयता रहने देखिन्छ । त्यस्तै प्रश्न नं. १५ मा तार्किक शिल्प समस्या समाधान सम्बन्धीको प्रश्नमा यदि तिमी 'ठग समातियो' कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई कसरी समात्यो ? भनी प्रश्न निर्देशन गरिएको भए प्रश्नको विश्वसनीयताका दृष्टिले उपयुक्त हुने देखिन्छ ।

### वैधताका आधारमा प्रश्नपत्रको विश्लेषण

वैधताका दृष्टिले प्रश्नपत्र अध्ययन गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषयवस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्दा स्वतन्त्र र निर्देशित गरी दुई प्रकृतिका प्रश्न समावेश गरिएको छ । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएको हुँदा उक्त प्रश्नपत्र वैधताका दृष्टिले कमीकमजोर देखिन्छन् ।

### विभेदीकरणका आधारमा प्रश्नपत्रको विश्लेषण

विभेदीकरणका आधारमा प्रश्नपत्रको अध्ययन गर्दा पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरिएको हुनाले प्रश्नपत्रमा विभेददीकरण गुणले युक्त मान्न सकिन्छ ।

### व्यावहारिकताका आधारमा प्रश्नपत्रको विश्लेषण

व्यावहारिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा संक्षिप्त उत्तरका लागि २ प्रश्न ८ अङ्क भर १५ मिनेट समय निर्धारण गरिएको छ भने विवेचनातमक तथा

लामो १ उत्तर आउने प्रश्नका लागि ८ अङ्क र १५ मिनेट समय निर्धारण गरिएको छ । आधारभूत तहको विशिष्टीकरण तालिकाअनुरूप ७५ पूर्णाङ्कको लागि १७ ओटा प्रश्नहरू र २:१५ घण्टा  समय निर्धारण गर्नु उपयुक्त रहेको देखिन्छ । समय खर्चको दृष्टिकोणबाट निर्धारित प्रश्नहरूमा मितव्ययिताका साथै प्रश्नहरू समय सापेक्ष स्पष्ट तथा उपयुक्त रहेको देखिन्छ ।

**प्रश्नका विविध पक्षहरू**

प्रतिनिधि प्रश्नहरूको प्रश्नका विविध पक्षका आधारमा अध्ययन गर्दा विषयगत प्रश्नअन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सिर्जनात्मक, तार्किक लेखनसम्बन्धी परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्नअन्तर्गत अर्थ लेखन, शब्द पहिचान, वाक्यमा प्रयोग, वर्णविन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने सक्ने प्रश्नहरू निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चारवटै सिपलाई एकीकृत रूपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ ।

**भाषा**

भाषिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्र.नं. ७ को धातु र स्रकेतका सहायताले खाली ठाउँ भर्नुहोस् भने प्रश्नमा अपूर्ण वर्तमान, अज्ञात भूत, सामान्य भूत र अपूर्ण भविष्यत् मात्र लेखिएको छ । प्रश्नभित्र स्पष्ट सङ्केतको दिनु आवश्यक छ । जस्तो अज्ञात भूतकाल र सामान्य भूतकाल अपूर्ण वर्तमान, अज्ञात भूत, सामान्य भूत र अपूर्ण भविष्यत् मात्र लेखिएको छ । प्रश्नभित्र सङ्केतको स्पष्ट निर्देशन दिइएको छैन । यस प्रश्नलाई अज्ञात भूतकाल र सामान्य भूतकाल अपूर्ण वर्तमान काल, अज्ञात भूत काल, सामान्य भूतकाल, अपूर्ण भविष्यत् काल भनी स्पष्ट रूपमा उल्लेख गरिएको भए अझै प्रभावकारी हुने देखिन्छ ।

प्रश्न नं. १३ (क), (ख) को प्रश्नमा एकल उद्धरण चिह्न (‘  ’) को प्रयोग गर्नुपर्नेमा उक्त चिह्न प्रयोग गरिएको छैन । त्यस्तै प्रश्न नं. १५ को मुख्य विषयवस्तुलाई एकल उद्धरणमा राख्नुपर्नेमा राखिएको छैन । प्रश्न नं. ९ को सामान्य भविष्यत् कालको प्रयोगसम्बन्धी मुख्य विषयलाई एकल उद्धरणभित्र राख्नुपर्नेमा राखिएको छैन । यस प्रतिनिधि

प्रश्नपत्रमा चिह्न प्रयोगसम्बन्धी त्रुटि देखिए तापनि वर्णविन्यास, पदयोग, पदवियोग सम्बन्धीमा भने प्रश्नपत्र उत्कृष्ट नै रहेको देखिन्छ ।

**लम्कीचुहा नगर क्षेत्रको प्रश्न विश्लेषण**

कैलाली जिल्ला लम्कीचुहा नगर क्षेत्र अन्तर्गत कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधारअन्तर्गत निम्न उपशीर्षकमा केन्द्रित रही प्रश्नहरूको विश्लेषण गरिएको छ :

**पाठ्यक्रम अनुरूपता**

पाठ्यक्रम अनुरूपताअनुसार प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, प्रश्नको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

**पाठ्यक्रमको उद्देश्य र प्रश्न**

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, जीवनी, निबन्ध, प्रबन्ध, चिठी, बुँदाटिपोट, वादविवाद, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । सो पाठ्यक्रमले नेपाली विषयका लागि कुल पूर्णाङ्क ७५, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू कथा, कविता, जीवनीको प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिपको विकास गर्नु रहेको छ ।

**विषयवस्तुको सीमा र प्रश्न**

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरिएको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश गरिएको पाइयो भने लेखाइ सिप परीक्षणका लागि, वादविवाद, बुँदाटिपोट तथा सारांश लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । यस आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएकाले उक्त प्रश्नपत्र उपयुक्त देखिन्छ ।

**विधाको अङ्कभार र प्रश्न सन्तुलन**

विधाको अङ्कभार र प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डारका लागि १० अङ्क, व्याकरणका विभिन्न विधाबाट १५, पठनबोधबाट ५ अङ्क, बुँदाटिपोट र सारांश लेखनबाट ५ अङ्क, निर्देशित रचना (कथा, जीवनी वा संवाद, वादविवाद, चिठी) मध्येबाट ४ अङ्क, भाव विस्तार व्याख्या (कथा, कविता, निबन्ध/प्रबन्ध जीवन) बाट ४ अङ्क, पाठगत प्रश्नोत्तर (कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी) बाट ८ अङ्क तार्किक शिल्प/समस्या समाधानबाट ४ अङ्कको, विवेचना प्रश्नबाट (कथा, निबन्ध/प्रबन्ध, जीवनी) ८ अङ्क र स्वतन्त्र रचनासम्बन्धी (निबन्ध) बाट ८ अङ्कको प्रश्न सोधिएकाले पाठ्यक्रम अनुरूप नै देखिन्छ । अत्तरिया नगर क्षेत्रको समावेश प्रश्न र अङ्कभारको सन्तुलन मिलेको देखिन्छ ।

**विधागत समय र प्रश्न सापेक्षता**

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २:१५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरूको लागि छुट्टै समय छुट्याइएको छैन । विशिष्टीकरण तालिकामा भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिनु तर समय निर्धारण नगरिनु उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताअनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त नै रहेको देखिन्छ ।

**भाषिक पक्षहरूको संयोजन र सन्तुलन**

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ, जसलाई निम्नानुसार चर्चा गरिन्छ ।

शब्द भण्डार अन्तर्गत

अर्थलेखन → ३ अङ्क

शब्द पहिचान → ३ अङ्क

वाक्यमा प्रयोग → ४ अङ्क

१०

= १३%

हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नअन्तर्गत

शुद्ध गरी लेख्ने → २ अङ्क

शुद्ध शब्द छान्ने → २ अङ्क

४

= ५%

व्याकरणअन्तर्गत

शब्दवर्ग → ३ अङ्क

कारक र विभक्ति → १ अङ्क

काल, पक्ष र भाव → ३ अङ्क

वाक्य परिवर्तन → ४ अङ्क

वाक्य रचना (वर्णन) → ४ अङ्क

१५

२०%

पढाइ सिप अन्तर्गत

बोध (दृष्टांश) → ५ अङ्क

भाव विस्तार /व्याख्या → ४ अङ्क

पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) → ८ अङ्क

विवेचनात्मक प्रश्न → ८ अङ्क

२५

३३%

लेखाइ सिपअन्तर्गत

बुँदाटिपोट र सारांश (दृष्टांश) → ५ अङ्क

निर्देशित रचना वर्णन → ४ अङ्क

तार्किक शिल्प → ४ अङ्क

निबन्ध लेखन → ८ अङ्क

२१

२८%

लम्कीचुहा नगरक्षेत्रको प्रश्न विश्लेषण गर्दा शब्द भण्डार क्षमता परीक्षणका लागि १३ प्रतिशत, हिज्जे र लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणको लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिपको परीक्षणको लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरेको देखिन्छ । यसरी भाषिक पक्षहरूको संयोजन र सन्तुलनका दृष्टिले प्रश्न निर्माणमा पढाइ सिपका लागि ३३ प्रतिशतलाई ४० प्रतिशतको पूर्णाङ्कको निर्धारण गरिदिएको भए प्रभावकारी रहन्थ्यो यद्यपि प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्नहरू समावेश गरिएकाले प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ ।

**प्रश्नपत्रमा हुनुपर्ने गुण**

यस प्रतिनिधि प्रश्नपत्रमा विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकताका आधारमा प्रश्नपत्रमा हुनुपर्ने गुणमा केन्द्रित रही विश्लेषण गरिन्छ ।

विश्वसनीयताका आधारमा यस प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा कमजोरीहरू रहेको देखिन्छ । प्रश्नपत्रको प्रश्न नं. २ मा उपयुक्त शब्द छानी खाली ठाउँ भर भनिएको छ । यस प्रश्नलाई विद्यार्थीले अझै स्पष्टसँग बुझ्ने सक्ने गरी दिइएको खाली ठाउँमा एक उपयुक्त शब्द छानी आफ्नो उत्तरपुस्तिकामा भर्नुहोस् भनिएको भए उपयुक्त हुने देखिन्छ । यस्तै प्र.नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ, तर कस्ता बुँदा टिप्ने भनिएको छैन । त्यसैले उक्त प्रश्नमा कस्ता बुँदा टिप्ने भनी स्पष्ट निर्देशन दिइएका भए प्रश्नपत्रमा विश्वसनीयता रहने देखिन्छ ।

## वैधताका आधारमा प्रश्नपत्रको विश्लेषण

वैधताका दृष्टिले प्रश्नपत्र अध्ययन गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषयवस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्दा स्वतन्त्र र निर्देशित गरी दुई प्रकृतिका प्रश्न समावेश गरिएको छ । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएको हुँदा उक्त प्रश्नपत्र वैधताका दृष्टिले केही कमजोर देखिन्छन् ।

## विभेदीकरणका आधारमा प्रश्नपत्रको विश्लेषण

विभेदीकरणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरिएको हुनाले प्रश्नपत्र विभेदीकरणको गुणले युक्त मान्न सकिन्छ ।

## व्यावहारिकताका आधारमा प्रश्नपत्रको विश्लेषण

व्यावहारिक दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा संक्षिप्त उत्तरका लागि २ प्रश्न ८ अङ्क भर १५ मिनेट समय निर्धारण गरिएको छ भने विवेचनातमक तथा लामो १ उत्तर आउने प्रश्नका लागि ८ अङ्क र १५ मिनेट समय निर्धारण गरिएको छ । आधारभूत तहको विशिष्टीकरण तालिकाअनुरूप ७५ पूर्णाङ्कको लागि १७ ओटा प्रश्नहरू र २:१५ घण्टा समय निर्धारण गरिएको छ ।

## प्रश्नका विविध पक्षहरू

प्रश्नका विविध पक्षका आधारमा अध्ययन गर्दा विषयगत प्रश्नअन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सिर्जनात्मक, तार्किक लेखनसम्बन्धी परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्नअन्तर्गत अर्थ लेखन, शब्द पहिचान, वाक्यमा प्रयोग, वर्णविन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने सक्ने प्रश्नहरू निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चारवटै सिपलाई एकीकृत रूपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ ।

**भाषा**

लम्कीचुहा क्षेत्रको प्रतिनिधि प्रश्नका आधारमा विश्लेषण गर्दा प्रश्नहरू दोहोरो अर्थ नलाग्ने प्रकृतिका छन् भने प्रश्नपत्र ठ्याक्कै गलत सूचना प्रदान गर्ने प्रकृतिका छैनन् । प्रतिनिधि प्रश्नहरू सरल, सहज भए पनि सामान्य वर्णविन्यासगत त्रुटि पाइएका छन्, जुन अर्थघातक भने छैनन् । त्यसैले स्तर अनुकूलताका दृष्टिले उपयुक्त नै मानिन्छ ।

**टीकापुर नगर क्षेत्रको प्रश्न विश्लेषण**

कैलाली, जिल्ला टीकापुर नगर क्षेत्र अन्तर्गत कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रको आन्तरिक आधारअन्तर्गत निम्न उपशीर्षकमा विश्लेषण गरिएको छ :

**पाठ्यक्रम अनुरूपता**

पाठ्यक्रम अनुरूपताअनुसार यस प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, प्रश्नको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा प्रश्नको विश्लेषण गरिन्छ ।

**पाठ्यक्रमको उद्देश्य र प्रश्न**

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, जीवनी, निबन्ध, प्रबन्ध, चिठी, बुँदाटिपोट, वादविवाद, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । सो पाठ्यक्रमले नेपाली विषयका लागि कुल पूर्णाङ्क ७५, साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७० तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू कथा, कविता, जीवनीको प्रयोजन पढाइ सिप विकास गर्नु र निबन्ध विधाको प्रयोजन लेखाइ सिपको विकास गर्नु रहेको छ ।

**विषयवस्तुको सीमा र प्रश्न**

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश गरिएको पाइयो भने लेखाइ सिप परीक्षणका लागि, वादविवाद, बुँदाटिपोट तथा सारांश लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । यस

आधारमा सो प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सीमाभित्र रही निर्माण गरिएकाले उक्त प्रश्नपत्र उपयुक्त देखिन्छ ।

### विधाको अङ्कभार र प्रश्न सन्तुलन

विधाको अङ्कभार र प्रश्न सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा शब्द भण्डारबाट १० अङ्क, व्याकरणका विभिन्न विधाबाट १५, पठनबोधबाट ५ अङ्क, बुँदाटिपोट र सारांश लेखनबाट ५ अङ्क, निर्देशित रचना (कथा, जीवनी वा संवाद, वादविवाद, चिठी) मध्येबाट ४ अङ्क, भाव विस्तार व्याख्या (कथा, कविता, निबन्ध/प्रबन्ध जीवन) बाट ४ अङ्क, पाठगत प्रश्नोत्तर (कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी) बाट ८ अङ्क तार्किक शिल्प/समस्या समाधानबाट ४ अङ्कको, विवेचना प्रश्नबाट (कथा, निबन्ध/प्रबन्ध, जीवनी) ८ अङ्क र स्वतन्त्र रचनासम्बन्धी (निबन्ध) प्रश्नबाट ८ अङ्कको प्रश्न सोधिएकाले पाठ्यक्रम अनुरूप नै देखिन्छ ।

### विधागत समय र प्रश्न सापेक्षता

विधागत समय र प्रश्न सापेक्षताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २:१५ घण्टा समय निर्धारण गरिएको छ । प्रत्येक विधाका प्रश्नहरूको लागि छुट्टै समय छुट्याइएको छैन । विशिष्टीकरण तालिका अनुसार भने समय उल्लेख गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गरिनु तर समय निर्धारण नगरिनु उपयुक्त नदेखिए पनि समग्रमा विधागत समय र प्रश्न सापेक्षताअनुरूप नै प्रश्नपत्र निर्माण गरिएको देखिन्छ । यसरी हेर्दा प्रतिनिधि प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

### भाषिक पक्षहरूको संयोजन र सन्तुलन

प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा जम्मा ७५ पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ, जसमा निम्नानुसार चर्चा गरिन्छ ।

शब्द भण्डार अन्तर्गत

अर्थलेखन → ३ अङ्क

शब्द पहिचान → ३ अङ्क

वाक्यमा प्रयोग → ४ अङ्क

१०

= १३%

हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नअन्तर्गत

शुद्ध गरी लेख्ने → २ अङ्क

शुद्ध शब्द छान्ने → २ अङ्क

४

= ५%

व्याकरणअन्तर्गत

शब्दवर्ग → ३ अङ्क

कारक र विभक्ति → १ अङ्क

काल, पक्ष र भाव → ३ अङ्क

वाक्य परिवर्तन → ४ अङ्क

वाक्य रचना (वर्णन) → ४ अङ्क

१५

२०%

पढाइ सिप अन्तर्गत

बोध (दृष्टांश) → ५ अङ्क

भाव विस्तार /व्याख्या → ४ अङ्क

पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) → ८ अङ्क

विवेचनात्मक प्रश्न → ८ अङ्क

२५

३३%

लेखाइ सिपअन्तर्गत

| | | |
|---|---|---|
| बुँदाटिपोट र सारांश (दृष्टांश) | → | ५ अङ्क |
| निर्देशित रचना वर्णन | → | ४ अङ्क |
| तार्किक शिल्प | → | ४ अङ्क |
| निबन्ध लेखन | → | ८ अङ्क |
| | | २१ |
| | | २८% |

टीकापुर नगरक्षेत्रको प्रश्न विश्लेषण गर्दा शब्द भण्डार क्षमता परीक्षणका लागि १३ प्रतिशत, हिज्जे र लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणको लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिपको परीक्षणको लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरेको देखिन्छ । यसरी भाषिक पक्षहरूको संयोजन र सन्तुलनका दृष्टिले प्रश्न निर्माणमा पढाइ सिपका लागि ३३ प्रतिशतलाई ४० प्रतिशत पूर्णाङ्कको निर्धारण गरिदिएको भए अझै प्रभावकारी रहन्थेँ यद्यपि प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्नहरू समावेश गरिएकाले प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ ।

**प्रश्नपत्रमा हुनुपर्ने गुण**

यस प्रतिनिधि प्रश्नपत्रमा विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकताका आधारमा प्रश्नपत्रको गुणमा केन्द्रित रही विश्लेषण गरिन्छ ।

विश्वसनीयताका आधारमा प्रश्नपत्रको प्रश्न नं. २ मा उपयुक्त शब्द छानी खाली ठाउँ भर भनिएको छ । यस प्रश्नलाई विद्यार्थीले अझै स्पष्टसँग बुझ्ने सक्ने गरी दिइएको खाली ठाउँमा एक उपयुक्त शब्द छानी आफ्नो उत्तरपुस्तिकामा भर्नुहोस् भनिएको भए उपयुक्त हुने देखिन्छ । यस्तै प्र.नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ, तर कस्ता बुँदा टिप्ने भनिएको छैन । त्यसैले उक्त प्रश्नमा कस्ता बुँदा टिप्न भनी स्पष्ट निर्देशन दिइएको भए प्रश्नपत्रमा विश्वसनीयता रहने देखिन्छ । त्यस्तै प्रश्न नं. १५ मा तार्किक शिल्प समस्या समाधान सम्बन्धीको प्रश्नमा यदि तिमी 'ठग समातियो'

कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई कसरी समात्यो ? भनी प्रश्न निर्देशन गरिएको भए उपयुक्त हुने देखिन्छ ।

### वैधताका आधारमा प्रश्नपत्रको विश्लेषण

वैधताका दृष्टिले प्रश्नपत्र अध्ययन गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषयवस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्दा स्वतन्त्र र निर्देशित गरी दुई प्रकृतिका प्रश्न समावेश गरिएको छ । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएको हुँदा उक्त प्रश्नपत्र वैधताका दृष्टिले केही कमजोर देखिन्छन् ।

### विभेदीकरणका आधारमा प्रश्नपत्रको विश्लेषण

विभेदीकरणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरिएको हुनाले प्रश्नपत्र विभेदकारिताको गुणले युक्त मान्न सकिन्छ ।

### व्यावहारिकताका आधारमा प्रश्नपत्रको विश्लेषण

व्यावहारिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा संक्षिप्त उत्तरका लागि २ प्रश्न ८ अङ्क भर १५ मिनेट समय निर्धारण गरिएको छ भने विवेचनात्मक तथा लामो उत्तर आउने प्रश्नका लागि ८ अङ्क र १५ मिनेट समय निर्धारण गरिएको छ । आधारभूत तहको विशिष्टीकरण तालिकाअनुरूप ७५ पूर्णाङ्कको लागि १७ ओटा प्रश्नहरू र २:१५ घण्टा  समय निर्धारण गर्नु उपयुक्त रहेको देखिन्छ ।

### प्रश्नका विविध पक्षहरू

प्रश्नहरूको विविध पक्षका आधारमा अध्ययन गर्दा विषयगत प्रश्नअन्तर्गत वर्णनात्मक, विवेचनात्मक, व्याख्यात्मक, सिर्जनात्मक, तार्किक लेखनसम्बन्धी परीक्षण गर्ने प्रश्नहरू समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्नअन्तर्गत अर्थ लेखन, शब्द पहिचान, वाक्यमा प्रयोग, वर्णविन्यास तथा व्याकरण तत्वको पहिचान गर्ने सक्ने प्रश्नहरू निर्माण गरिए तापनि भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चारवटै सिपलाई एकीकृत रूपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण

तालिकाका आधारमा प्रश्न निर्माण उपयुक्त ढङ्गले गरिएको देखिन्छ । तसर्थ प्रतिनिधि प्रश्नपत्रका विविध पक्षका दृष्टिले उपयुक्त रहेको देखिन्छन् ।

**भाषा**

टीकापुर क्षेत्रको प्रतिनिधि प्रश्नका आधारमा विश्लेषण गर्दा प्रश्नहरू दोहोरो अर्थ नलाग्ने प्रकृतिका छन् भने प्रश्नपत्र ठ्याक्कै गलत सूचना प्रदान गर्ने प्रकृतिका छैनन् तर प्रश्न नं. १५ को प्रश्ननिर्देशनको भाषाशैलीले तार्किक प्रश्नले मागेको उत्तरका दृष्टिमा प्रश्नको भाषा कमजोर देखिन्छ । प्रतिनिधि प्रश्नहरू सरल, सहज भए पनि सामान्य वर्णविन्यासगत त्रुटि पाइएका छन्, जुन अर्थघातक भने छैनन् । त्यसैले स्तर अनुकूलताका दृष्टिले उपयुक्त नै मानिन्छ ।

# अध्याय पाँच

## विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण

### शब्द भण्डारका आधारमा प्रश्नहरूको विश्लेषण

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार कैलाली जिल्लाका चार नगर क्षेत्रअन्तर्गत कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

१. शब्द भण्डारका आधारमा प्रश्नपत्रको विश्लेषण

२. हिज्जे (वर्णविन्यास र लेख्य) चिह्नका आधारमा प्रश्नपत्रको विश्लेषण

३. व्याकरणका आधारमा प्रश्नपत्रको विश्लेषण

४. बोध (दृष्टांश) प्रश्नपत्रको विश्लेषण

५. बुँदाटिपोट र सारांश लेखनका आधारमा प्रश्नपत्रको विश्लेषण

६. निर्देशित रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

७. भाव विस्तार/व्याख्याका आधारमा प्रश्नपत्रको विश्लेषण

८. पाठगत प्रश्नोत्तरका आधारमा प्रश्नपत्रको विश्लेषण

९. विवेचनात्मक प्रश्नोत्तरका आधारमा प्रश्नहरूको विश्लेषण

१०. स्वतन्त्र रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

तालिका १

*शब्द भण्डार सम्बन्धी स्थिति*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह |  |  |  | प्रश्न सङ्ख्या अङ्कमा र समय |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | शब्द भण्डार | अर्थलेखन | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | शब्द पहिचान | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | वाक्यमा प्रयोग |  |  | १ |  | १ | १ | ४ | ७ |
| भजनी | शब्द भण्डार | अर्थलेखन | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | शब्द पहिचान | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | वाक्यमा प्रयोग |  |  | १ |  | १ | १ | ४ | ७ |
| चुहा, लम्की | शब्द भण्डार | अर्थलेखन | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | शब्द पहिचान | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | वाक्यमा प्रयोग |  |  | १ |  | १ | १ | ४ | ७ |
| टीकापुर | शब्द भण्डार | अर्थलेखन | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | शब्द पहिचान | १ |  |  |  | १ | १ | ३ | ५ |
|  |  | वाक्यमा प्रयोग |  |  | १ |  | १ | १ | ४ | ७ |

कैलाली जिल्ला कक्षा आठको वार्षिक परीक्षा २०७४ मा सोधिएका चारओटा नगरक्षेत्रका प्रतिनिधि प्रश्नहरूको शब्द भण्डारका आधारमा प्रश्न अध्ययन गर्दा (क) अर्थ लेखन (ख) शब्द पहिचान (ग) वाक्यमा प्रयोगसम्बन्धी क्षेत्रहरूलाई समावेश गरिएको देखिन्छ ।

**अर्थ लेखनका आधारमा**

अर्थ लेखनसम्बन्धी प्रश्न प्रत्येक नगर क्षेत्रका प्रश्नपत्रको प्रश्न नं. १ मा सोधिएको छ । ज्ञानसँग सम्बन्धित ६ ओटा शब्दको अर्थ (तत्सम, तद्भव र आगन्तुक समेत पर्ने गरी) दिई जोडा मिलाउन लगाउने प्रश्न, विशिष्टीकरण तालिकामा निर्देशन गरिएको छ । उक्त प्रश्नमा समूह (क) तत्सम, तद्भव र आगन्तुक शब्दहरू दिइएको छ । त्यस्तै समूह (ख) बाट समूह (क) मा दिइएका शब्दहरूको अर्थ  समूह (ख) बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् भनेर प्रश्न निर्देशन गरिएको देखिन्छ । अत्तरिया, भजनी, टीकापुर, लम्कीचुहा नगर क्षेत्रमा समूह (क) मा ६  ओटा शब्द समूह (ख) मा ७ ओटा शब्द दिइएको छ । समूह (क) मा छ ओटा शब्द तत्सम, तद्भव, आगन्तुक शब्द पर्ने गरी समावेश गरिएको छ । यद्यपि समूह (ख) मा चम्कीचुहा नगर क्षेत्रको प्रश्नमा भने ९ ओटा शब्द दिइएका छ ।

यस आधारमा अर्थ लेखन सम्बन्धी प्रश्न विशिष्टीकरण तालिकाअनुरूप नै रहेको देखिन्छ । तर पनि प्रश्नपत्रमा समय निर्देशन गरिएको छैन । विशिष्टीकरण तालिका अनुरूपको समय प्रश्नपत्रमा उल्लेख गरिरिदएको भए उक्त प्रश्नपत्र उपयुक्त हुने थियो ।

**शब्द पहिचान**

शब्द पहिचान ज्ञानसम्बन्धी प्रश्न चारैओटा नगर क्षेत्रको प्रश्न नं. २ मा सोधिएको छ । विशिष्टीकरण तालिकामा पाठमा प्रयुक्त अनेकार्थीबाट २, पर्यायवाची र विपरीतार्थीबाट १ र समावेशक/समावेश्यबाट १ गरी जम्मा ६ ओटा शब्द निर्देशका लागि गरी ३ अङ्कभार छुट्याइएको छ । श्रुतिसमभिन्नार्थक शब्दको प्रश्नलाई समावेश गरिएको पाइन्छ, जुन प्रश्न निर्माणको विशिष्टीकरण तालिकामा समावेश गरिएको पाइदैन । अत्तरिया, भजनी, टीकापुर, क्षेत्रको प्रश्न निर्देशनमा श्रुतिसमभिन्नार्थक प्रश्नलाई समावेश  गरिएकाले उक्त प्रश्न त्रुटि भएको देखिन्छ ।

यसरी हेर्दा प्रश्न निर्माण गर्दा हचुवाको तालमा विशिष्टीकरण तालिकाअनुरूप ठ्याक्कै प्रश्न सोधिएको पाइएन ।

अत्तरिया नगर क्षेत्रमा पर्यायवाची शब्द २. अनेकार्थी शब्द १, विपरीतार्थी शब्द १, समावेश्य शब्द १ र श्रुतिसमभिन्नार्थक शब्द १ गरी जम्मा ६ उपप्रश्नलाई ३ अङ्कभार दिएको छ ।

यस प्रश्नमा अनेकार्थी शब्दको दुई उपप्रश्न हुनुपर्नेमा १ ओटा मात्र दिइएको छ । त्यस्तै श्रुतिसमभिन्नार्थक शब्दको अर्थ पहिचानलाई विशिष्टीकरण तालिकामा समावेश नगरिएपनि यस प्रश्नमा समावेश गरिएको छ । लम्कीचुहा नगर क्षेत्रको प्रश्न २ भने विशिष्टीकरण तालिकाअनुरूप नै देखिन्छ ।

**वाक्यमा प्रयोग**

प्रश्न नं. ३ मा वाक्यमा प्रयोग सम्बन्धी सोधिएको प्रश्न चारओटै नगर क्षेत्रका प्रश्नपत्रहरूमा समावेश गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द (अनुकरणात्मक शब्द १, परिभाषिक/प्राविधिक शब्द १, उखानटुक्का १ समेत पर्ने गरी) ४ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने भनिएको छ । तर, अत्तरिया र टीकापुर नगर क्षेत्रको प्रश्नपत्रमा प्राविधिक शब्द १, पारिभाषिक शब्द १, अनुकरणात्मक शब्द १ र निपात शब्द १ गरी जम्मा ४ ओटा शब्द दिएर वाक्यमा प्रयोग गर्न भनिएको छ । जसमा उखानटुक्कालाई समावेश नगरी निपात शब्दलाई समावेश गरिएकोले उक्त प्रश्नमा त्रुटि देखिन्छ । विषय विशेषज्ञले प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको गहिरो अध्ययन गर्नुपर्नेमा नगरिएको देखिन्छ । भजनी र लम्कीचुहा नगर क्षेत्रका प्रश्नहरूमा भने वाक्यमा प्रयोग सम्बन्धित प्रश्न विशिष्टीकरण तालिकाअनुरूप नै रहेको पाइयो ।

## हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नका आधारमा प्रश्नहरूको विश्लेषण

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न सम्बन्धी प्रश्नमा विशिष्टीकरण तालिका अनुसार निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका २

*हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नसम्बन्धी*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ |
| | | | | | १ | | १ | १ | २ | ४ |
| भजनी | हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ |
| | | | | | १ | | १ | १ | २ | ४ |
| चुहा, लम्की | हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ |
| | | | | | १ | | १ | १ | २ | ४ |
| टीकापुर | शब्द भण्डार | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ |
| | | | | | १ | | १ | १ | २ | ४ |

हिज्जेसम्बन्धी वर्णविन्यास र लेख्य चिह्नका आधारमा प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणका लागि १ प्रश्न भित्र २ ओटा उपप्रश्नहरू समावेश गरिएको छ। जसको अंकभार ४ निर्धारण गरिएको छ। उक्त ४ अङ्कभार मध्ये प्रश्न ४ (क) मा एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास ३ ओटा र लेख्य चिह्न १ ओटा पर्ने गरी ४ ओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न भनिएको छ। त्यस्तै उपप्रश्न (ख) मा ह्रस्वदीर्घ, य-ए, ब-व, श/ष/स, पञ्चम वर्ण, शिरविन्दुबाट ४ ओटा बहुवैकल्पिक प्रश्न सोधिएको छ। हिज्जेअन्तर्गत वर्णविन्यास र लेख्य चिह्नका आधारमा चारै नगर क्षेत्रका प्रश्नपत्रको अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुरूप नै रहेको देखिन्छ।

उपप्रश्न (ख) मा ह्रस्वदीर्घ य-ए, ब-व, श/ष/स, पञ्चम वर्ण, शिरविन्दुबाट ४ ओटा बहुवैकल्पिक प्रश्न सोधिने भनिएको छ, तर भजनी नगर क्षेत्रको ४ (ख) प्रश्नमा शिरविन्दु वर्ण भएको गद्यांश समावेश गरिएको देखिँदैन, जुन ठ्याक्कै विशिष्टीकरण

तालिकाअनुरूप यो प्रश्न समेटिएको छैन । अरू प्रश्नहरू भने विशिष्टीकरण तालिकाअनुरूप नै निर्माण गरिएका छन् ।

## व्याकरणका आधारमा प्रश्नहरूको विश्लेषण

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा व्याकरण सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ३

*व्याकरण सम्बन्धी प्रश्न*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ३ | |
| | | कारक र विभक्ति | | | १ | | १ | १ | १ | |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ३ | |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ४ | |
| | | वाक्य रचना (वर्णन | | | १ | | १ | १ | ४ | |
| भजनी | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ३ | |
| | | कारक र विभक्ति | | | १ | | १ | १ | १ | |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ३ | |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ४ | |
| | | वाक्य रचना (वर्णन | | | १ | | १ | १ | ४ | |
| चुहा, लम्की | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कारक र विभक्ति | १ | १ | १ | १ | |
| | | काल, पक्ष र भाव | १ | १ | १ | ३ | |
| | | वाक्य परिवर्तन | १ | १ | १ | ४ | |
| | | वाक्य रचना (वर्णन | १ | १ | १ | ४ | ७ |
| टीकापुर | व्याकरण | शब्दवर्ग | १ | १ | १ | ३ | ५ |
| | | कारक र विभक्ति | १ | १ | १ | १ | २ |
| | | काल, पक्ष र भाव | १ | १ | १ | ३ | ५ |
| | | वाक्य परिवर्तन | १ | १ | १ | ४ | ७ |
| | | वाक्य रचना (वर्णन | १ | १ | १ | ४ | ७ |

व्याकरणका दृष्टिले कक्षा आठको परीक्षा २०७४ मा सोधिएका चारओटा नगर क्षेत्रका प्रश्नहरूअन्तर्गत (क) शब्द वर्ग (ख) कारक र विभक्ति (ग) काल, पक्ष र भाव (घ) वाक्य परिवर्तन (ङ) वाक्य रचना (वर्णन) का आधारमा विश्लेषण गरिएको छ ।

**शब्दवर्गका आधारमा प्रश्नपत्रको विश्लेषण**

शब्दवर्गका आधारमा कैलालीका चारैओटा नगर क्षेत्रअन्तर्गत प्रश्नहरूको अध्ययन गरी विश्लेषण गर्दा व्यावहारिक सिप परीक्षणका लागि १ ओटा प्रश्न निर्माण गरिएको छ । यसको अङ्क भार ३ निर्धारण गरिएको छ । चारओटा प्रश्नपत्रको प्र.नं. ५ अन्तर्गत शब्दवर्गमा रेखाङ्कित गरी ६ ओटा पदवर्ग छुट्याउन लगाइएको छ जुन विशिष्टीकरण तालिकाअनुरूप देखिन्छ ।

**कारक र विभक्ति**

कारक र विभक्तिका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणसम्बन्धी १ ओटा प्रश्न १ अङ्कभारमा प्र.नं. ६ मा सोधिएको छ । पाठ्यक्रमको विशिष्टीकरण तालिकाअनुरूप दिइएको अनुच्छेद वा वाक्यबाट रेखाङ्कित पदहरूको २ ओटा

कारक छुट्याउने वा दुईओटा विभक्ति छुट्याउन लगाउने भनिएको छ, तर भजनी नगर क्षेत्रको प्रश्नपत्रमा भने (प्र.नं. ६ मा) रेखाङ्कित पदहरूको कारक र विभक्ति दुबै छुट्याउनुहोस् भनेर सोधिएको छ जुन विशिष्टीकरण तालिकाअनुरूप सोधिएको छैन । अझ अत्तरिया, लम्कीचुहा, टीकापुर नगर क्षेत्रका प्रश्नहरू भने विशिष्टीकरण तालिकाअनुरूप नै छन् ।

**काल, पक्ष र भाव**

व्याकरण कोटिअन्तर्गत प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षण गर्नेका लागि १ ओटा प्रश्न ५ र अङ्कभारमा सोधिएको छ । चारै नगर क्षेत्रका प्रश्नपत्रहरूको प्रश्न ७ मा काल, पक्ष र भावबाट ६ ओटा धातु सङ्केत गरी ६ ओटा वाक्यका खाली ठाउँ भर्नुहोस् भनेर प्रश्न निर्देशन गरिएको छ । यसरी हेर्दा प्रतिनिधि प्रश्न विशिष्टीकरण तालिकाअनुसार नै रहेका देखिन्छन् ।

**वाक्य परिवर्तन**

वाक्य परिवर्तनसम्बन्धी विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणको लागि ४ अङ्क भारको १ प्रश्न सोधिएको छ । विशिष्टीकरण तालिकाअनुसार लिङ्ग, वचन, पुरुष, आदर गरी २, वाच्य १, करण/अकरण १, वाक्य कोटिका प्रश्न सोधी वाक्य परिवर्तन गर्न लगाउने भनिएको छ । यहाँ विशिष्टीकरण तालिकाअनुसार लिङ्ग, वचन, पुरुष, आदर गरी २ ओटा प्रश्न सोधिनुपर्ने भनिएकाले विशिष्टीकरण तालिकाको निर्देशन नै स्पष्ट भएको छैन, यद्यपि लिङ्ग, वचन, पुरुष, आदर मध्ये कुनै २ ओटा वाक्य कोटिका प्रश्न भनी निर्देशन गरिएको भए उपयुक्त हुने थियो ।

पाठ्यपुस्तकको विशिष्टीकरण तालिकाअनुसार करण र अकरणमध्ये एउटा प्रश्नको प्रतिनिधि गर्नुपर्नेमा भजनी नगर क्षेत्रको प्रतिनिधि प्रश्न नं. ८ मा करण र अकरण गरी दुबै वाक्य कोटिका प्रश्नलाई समावेश गरी सोधिएको छ । त्यस्तै लिङ्ग, वचन, पुरुष, आदरमध्येबाट दुई वाक्य कोटिका प्रश्न सोधिनुपर्नेमा १ मात्र प्रश्नको प्रतिनिधित्व गरी सोधिएको छ । जुन विशिष्टीकरण तालिकाअनुरूप छैन । त्यसैले प्रश्न निर्माणसम्बन्धी विशिष्टीकरण तालिकामा पनि स्पष्ट निर्देशन हुन जरुरी छ र विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्न निर्माण गर्नुपर्ने देखिन्छ ।

अत्तरिया, लम्कीचुवा र टीकापुर नगर क्षेत्रका प्रश्न भने विशिष्टीकरण तालिकाअनुरूप नै छन् ।

**वाक्य रचना (वर्णन)**

वाक्य रचना (वर्णन) ,सम्बन्धी चारैओटा प्रश्नपत्रको प्रश्न नं. ९ मा सोधिएको छ । विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नको अध्ययन गर्दा क्रियाको खास काल, पक्ष वा भावको कोटि तोकेर न्यूनतम ४ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने भनिएको छ । प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा व्यावहारिक सिप परीक्षणको लागि १ प्रश्नको अङ्कभार ४ निर्धारण गरिएको छ । प्रतिनिधि प्रश्नहरूलाई विशिष्टीकरण तालिकाअनुसार निर्माण गरिएको पाइन्छ ।

बोध दृष्टांशका आधारमा अध्ययन गर्दा कक्षा ८ को परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूअन्तर्गत बोध प्रश्नका आधारमा प्रतिनिधि प्रश्नहरूलाई तालिकाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका ४

*वाक्य रचना*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | बोध (दृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ |
| भजनी | बोध (दृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ |
| चुहा, लम्की | बोध (दृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ |
| टीकापुर | बोध (दृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ |

बोध प्रश्न विशिष्टीकरण तालिकाअनुसार उक्त प्रश्नहरूको विश्लेषण गर्दा दृष्टांश लेखरचनाहरूबाट १०० सम्मको १ अननुच्छेद दिई त्यसको मुनि पाँचओटा उपप्रश्न दिई ५ अङ्क छुट्याइएको छ । यसमा उत्तर दिनुपर्ने उपप्रश्नहरू ५ हुनु पर्ने हो उत्तर दिनुपर्ने सङ्ख्या १ मात्र लेखिनुले विशिष्टीकरण तालिकामै उपयुक्त देखिँदैन ।

दृष्टांशमा १५० शब्द हुनुपर्ने भनिए तापनि कैलाली जिल्लाको अत्तरिया नगर क्षेत्रमा सोधिएको अनुच्छेदमा ९१ शब्द, भजनी नगर क्षोत्रको प्रश्नपत्रमा १०५ शब्द, लम्की चुहा, नगर क्षेत्रमा प्रश्नपत्रमा १२१ शब्दहरू रहेका छन् । टीकापुर नगर क्षेत्रका प्रश्नपत्रमा ९१ शब्द छ । चारओटा नगर क्षेत्रको प्रश्नपत्रका प्रश्न नं. १० मा बाट ५/५ ओटा उपप्रश्न सोधिएको छ । विशिष्टीकरण तालिकालाई दृष्टिगत गर्दा अत्तरिया क्षेत्रको गद्यांशमा ९१ शब्द र टीकापुर क्षेत्रको गद्यांशबाट ९१ शब्द, भजनी नगर क्षेत्रको गद्यांशमा १०५ शब्दहरू हुनु त्यति उपयुक्त देखिँदैन भने लम्कीचुहा नगर क्षेत्रको प्रश्नमा सोधिएको अनुच्छेद उपयुक्त नै देखिन्छन् ।

## बुँदाटिपोट र सारांश (दृष्टांश) का आधारमा अध्ययन

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा बुँदाटिपोट र सारांश (दृष्टांश) सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार विश्लेषण गरिएको छ :

तालिका ५

*बुँदाटिपोट र सारांश (दृष्टांश) का आधारमा*

| प्रश्नपत्र | क्षेत्र (पढाइ र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ |
| भजनी | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ |
| चुहा, लम्की | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ |
| टीकापुर | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ |

बुँदाटिपोट तथा सारांश लेखन (दृष्टांश) सम्बन्धी प्रश्नको अध्ययन गर्दा चारै नगर क्षेत्रका प्रश्नपत्रहरूको प्रश्न नं. ११ मा उच्च दक्षता सिपको परीक्षण गर्ने दृष्टिले १ प्रश्न सोधिएको छ । यस प्रश्नको अङ्कभार ५ रहेको छ । त्यसमध्ये बुँदा टिपोटका लागि २ अङ्क र सारांश लेखनका लागि ३ अङ्क दिइएको छ भने ९ मिनेट समय छुट्याइएको छ ।

पाठभित्रका गद्य विधाबाट सोधिने सबै प्रश्नपत्रमा दिइएका गद्यांश निबन्ध, प्रबन्ध विधाबाट मात्र समावेश गरिएका छन् ।

विशिष्टीकरण तालिकाअनुसार पाठमा प्रयुक्त गद्य विधाबाट १०० शब्दसम्मको गद्य लिई त्यसबाट ४ ओटा बुँदाहरू टिपोट गरेर सारांश लेख्न लगाउने भनिएको छ, तर कस्ता चार ओटा बुँदा भनी स्पष्ट खुलाइएको छैन । तसर्थ विशिष्टीकरण तालिकामा स्पष्ट रूपमा प्रश्नको क्षेत्र खुलाइएको भए उपयुक्त हुने थियो ।

कैलालीका चारओटा नगर क्षेत्रका प्रश्नपत्रअन्तर्गत अत्तरिया नगरस्तरीय प्रश्नको गद्यांशमा ९५ शब्द, भजनी क्षेत्रको गद्यांशमा ७८ शब्द, लम्की चुहा क्षेत्रमा गद्यांशमा ९८ शब्द, टीकापुर क्षेत्रको गद्यांशमा ९५ शब्दको राखिएको छ । सामान्यतया चार क्षेत्रका प्रश्नपत्रमा दिइएका गद्यांशहरूमा लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्र विशिष्टीकरणअनुसार उपयुक्त मान्न सकिन्छ भने अत्तरिया, भजनी, टीकापुर नगर क्षेत्रका प्रश्नको कमजोर पक्ष भेटियो ।

## निर्देशित रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा निर्देशित रचना सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका ६

*निर्देशित रचनाका आधारमा प्रश्नपत्रको अध्ययन*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | निर्देशित रचना | कथा/जीवनी वा वादविवाद, संवाद, चिठीलेखन | | | | २ | २ | १ | ४ | ७ |
| भजनी | निर्देशित रचना | कथा/जीवनी वा वादविवाद, संवाद, चिठीलेखन | | | | २ | २ | १ | ४ | ७ |
| चुहा, लम्की | निर्देशित रचना | कथा/जीवनी वा वादविवाद, संवाद, चिठीलेखन | | | | २ | २ | १ | ४ | ७ |
| टीकापुर | निर्देशित रचना | कथा/जीवनी वा वादविवाद, संवाद, चिठीलेखन | | | | २ | २ | १ | ४ | ७ |

कैलाली जिल्लाको कक्षा आठको परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नपत्रलाई निर्देशित रचनाका आधारमा अध्ययन गर्दा अत्तरिया, लम्कीचुहा र टीकापुर क्षेत्रको प्रश्न नं. १२ को (क) मा जीवनी विधाबाट र अर्को विकल्पको (ख) नं. प्रश्नमा वादविवादबाट प्रश्न समावेश गरिएको छ ।

जम्मा प्रश्न सङ्ख्या २ मध्ये कुनै १ प्रश्नको मात्र उत्तर दिनुपर्ने रहेकोय छ । सो प्रश्नको अङ्कभार ४ र समय ९ मिनेट निर्धारण गरिएको छ ।

भजनी क्षेत्रको १२को (क) प्रश्नमा कथा विधाबाट १२ (ख) मा चिठी विधाबाट प्रश्न समवेश गरिएको छ । निर्देशित रचना कथा र चिठीलाई उच्च दक्षताको प्रश्नमा राखिएको छ । जसमा प्रश्न सङ्ख्या २ मध्ये कुनै १ प्रश्नको मात्र उत्तर दिनुपर्ने रहेको छ । सो प्रश्नको अङ्कभार ४ र समय निर्धारण नै मिनेट रहेको छ ।

निर्देशित रचनाका आधारमा प्रश्नको अध्ययन गर्दा चारैओटा प्रश्नपत्रहरू विशिष्टीकरण तालिकाअनुरूप उपयुक्त छन् ।

## भाव विस्तार/व्याख्यासम्बन्धी प्रश्नहरूको अध्ययन

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा भाव विस्तार/व्याख्या सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार विश्लेषण गरिएको छ :

तालिका ७

*भाव विस्तार/ व्याख्या सम्बन्धी*

| प्रश्नपत्र | क्षेत्र (पढाई लेखाइ) | र विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | भावविस्तार/ व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ४ | ७ |
| भजनी | भावविस्तार/ व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ४ | ७ |
| चुहा, लम्की | भावविस्तार/ व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ४ | ७ |
| टीकापुर | भावविस्तार/ व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ४ | ७ |

कैलाली जिल्लाको चार ओटा नगर क्षेत्रमा उपयोग गरिएको कक्षा आठको वार्षिक परीक्षा २०७४ मा प्रश्नहरूलाई अध्ययन गर्दा भावविस्तारसम्बन्धी उच्च दक्षता परीक्षणका निमित्त २ ओटा प्रश्नहरू सोधिएको छ । उक्त दुईओटा प्रश्नमध्ये कुनै एकको भावविस्तार गर्नुहोस् भनी सोधिएको प्रश्नमा ४ अङ्कभार निर्धारण गरिएको छ ।

विशिष्टीकरण तालिकाअनुसार भाव विस्तार/व्याख्यासम्बन्धी प्रश्नको अध्ययन गर्दा कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी विधाका २ विशिष्ट पङ्क्ति दिई कुनै एकको व्याख्या, भाव विस्तार गर्न वा तात्पर्य खुलाउन लगाउने । यसमा कविताको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने छ भनिएको छ । यस आधारमा चार ओटा नगर क्षेत्रका प्रश्नमा कविता विधाबाट एक प्रश्न समावेश गरिएको छ । अर्को विकल्प प्रश्नमा भने प्रबन्ध विधालाई समेटेको छ । यसरी विशिष्टीकरण तालिकाका आधारमा भाव विस्तार सम्बन्धी प्रश्न समावेश उपयुक्त नै रहेको देखिन्छ ।

## पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) का आधारमा प्रश्नपत्रको अध्ययन

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार विश्लेषण गरिएको छ :

तालिका ८

*पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) का आधारमा*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | १ | १ | | १ | ३ | २ | ८ | १५ |
| | | तार्किक शिल्प, समस्या समाधान | | | | १ | १ | १ | ४ | ७ |
| भजनी | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | | | | | | | | |
| | | तार्किक शिल्प, समस्या समाधान | | | | | | | | |
| चुहा, लम्की | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | | | | | | | | |
| | | तार्किक शिल्प, समस्या समाधान | | | | | | | | |
| टीकापुर | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी | | | | | | | | |
| | | तार्किक शिल्प, समस्या समाधान | | | | | | | | |

कैलाली जिल्लाका चारओटा नगर क्षेत्रअन्तर्गत कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली भाषाको प्रश्नहरूमध्ये पाठगत प्रश्नोत्तरका आधारमा निम्नअनुसार विश्लेषण गरिन्छ ।

### संक्षिप्त उत्तरात्मक प्रश्न

कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रमा कक्षा आठको परीक्षा २०७४ का प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका आधारमा विश्लेषण गर्दा चारैओटा नगर क्षेत्रका प्रश्न नं. १४ मा संक्षिप्त उत्तरात्मक प्रश्न राखिएको छ। प्रश्नको तहलाई हेर्दा ज्ञान, बोध र उच्च दक्षताबाट ३ प्रश्नहरू सोधिएको छ र कुनै २ प्रश्नको उत्तर दिनुहोस् भनिएको छ। उक्त प्रश्नको लागि ८ अङ्कभार दिइएको छ। समयको आधारमा हेर्दा १५ मिनेट राखिए तापनि प्रश्नपत्रमा समय तोकिएको पाइँदैन।

विशिष्टीकरण तालिकाअनुसार सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको अध्ययन गर्दा निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनीबाट मूलभाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ३ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी २ ओटाको उत्तर दिन लगाउने भनिएको छ। चारैओटा नगर क्षेत्रका प्रतिनिधि प्रश्नहरूमा कथा, निबन्ध/प्रबन्ध, जीवनीमध्येबाट कुनै ३ विधाबाट प्रश्नहरू सोधी कुनै २ प्रश्नको उत्तर दिनुहोस् भनिएको छ। यस आधारमा उक्त प्रश्न विशिष्टीकरण तालिकाअनुरूप नै रहेको देखिन्छ।

### तार्किक शिल्पका आधारमा प्रश्नपत्रको विश्लेषण

कक्षा आठको वाषिक परीक्षा २०७४ मा उपयोग गरिएका कैलालीका चार ओटै नगर क्षेत्रको प्रश्नपत्रमा प्रश्न नं. १५ मा उच्च दक्षता परीक्षणका निम्ति १ प्रश्न सोधिएको छ। उक्त प्रश्नको अङ्कभार ४ तोकिएको छ। विशिष्टीकरण तालिकाअनुसार निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कको पुष्टि गर्ने वा समस्या, समधान गर्ने खालको प्रश्न सोध्ने भनिएको छ। चारओटै नगर क्षेत्रका प्रतिनिधि प्रश्नहरू उक्त विशिष्टीकरण तालिकाअनुसार नै समावेश गरिएको पाइयो।

## प्रश्न विवेचनाका आधारमा विश्लेषण

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा प्रश्न विवेचना सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार विश्लेषण गरिएको छ :

तालिका ९

*प्रश्न विवेचनाका आधारमा*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | विवेचना | कथा, निबन्ध, प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ८ | १५ |
| भजनी | | | | | | | | | | |
| चुहा, लम्की | | | | | | | | | | |
| टीकापुर | | | | | | | | | | |

कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका कैलाली जिल्लाका चारओटा नगर क्षेत्रको प्रश्नपत्रलाई विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गर्दा चारै प्रश्नपत्रको प्रश्न नं. १६ मा विवेचनात्मक उत्तर दिने प्रश्न समावेश गरिएको छ । जसमा कथा, जीवनी, निबन्ध, विधाबाट प्रश्न निर्माण गरिएको छ भने उच्च दक्षता परीक्षणका लागि २ ओटा प्रश्न सोधिएको छ । प्रतिनिधि प्रश्नमा उत्तर दिनुपर्ने सङ्ख्या १ मात्र रहेको र अङ्कभार ८ रहेको छ ।

विशिष्टीकरण तालिका अनुसार कथा, निबन्ध/प्रबन्ध र जीवनीमध्ये कुनै २ विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने भनिएको छ । यसरी हेर्दा चारै नगर क्षेत्रका प्रश्नपत्रहरू उपयुक्त नै रहेका देखिन्छन् । यस प्रश्नको लागि १५ मिनेट समय छुट्याइएको भएपनि कुनै पनि प्रश्नपत्रमा प्रश्न नं. को समय निर्धारण गरिएको छैन; तथापि एकमुष्ट २:१५ घण्टा भनेर उल्लेख गरिएको छ ।

## स्वतन्त्र रचनाका आधारमा अध्ययन

कैलाली जिल्लाका चार ओटा नगर स्तरीय प्रश्नपत्रहरूमा स्वतन्त्र रचना सम्बन्धी प्रश्नहरू विशिष्टीकरण तालिकामा निम्नानुसार विश्लेषण गरिएको छ :

तालिका १०

*स्वतन्त्र रचनाका आधारमा*

| प्रश्नपत्र | क्षेत्र (पढाई र लेखाइ) | विधा परीक्षणीय पक्ष | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या अङ्कमा र समय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने सङ्ख्या | जम्मा अङ्कभार | समय |
| अत्तरिया | स्वतन्त्र रचना | निबन्ध | | | | १ | १ | १ | ८ | १५ |
| भजनी | स्वतन्त्र रचना | निबन्ध | | | | १ | १ | १ | ८ | १५ |
| चुहा, लम्की | | | | | | | | | | |
| टीकापुर | | | | | | | | | | |

स्वतन्त्र रचनाका आधारमा विशिष्टीकरण तालिकाअनुसार आत्मपरक १ र वस्तुपरक २ ओटा  पर्ने गरी कुनै ३ शीर्षक दिने र तीमध्ये कुनै १ शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने भनिएको छ, तर यस प्रश्नको लागि विशिष्टीकरण तालिकामा जम्मा प्रश्न ३ र उत्तर दिनका लागि १ प्रश्न भनी उल्लेख गर्नुपर्नेमा जम्मा उत्तर दिनुपर्ने प्रश्न १ भनी अस्पष्ट निर्देशन दिइएको छ । त्यसैले प्रश्न निर्माण गर्नका लागि स्पष्ट प्रश्न निर्देशन दिने खालको विशिष्टीकरण तालिका हुनु आवश्यक मानिन्छ । कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका कैलाली जिल्लाका चारओटा नगर क्षेत्रमा प्रश्नपत्रहरूको स्वतन्त्र रचना परीक्षणका निम्ति (निबन्ध समावेश गरिएको) १ ओटा आत्मपरक निबन्ध र २ ओटा वस्तुपरक निबन्ध विधाबाट ३ ओटा शीर्षकमध्ये एउटा शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् भनिएको छ । प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. १७ मा निबन्ध लेखनसम्बन्धी प्रश्न दिई ८ अङ्कभार निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकाअनुसार चारैओटा प्रश्नपत्रका प्रश्नहरू उपयुक्त नै रहेका देखिन्छन् ।

## अध्याय छ

## नगर स्तरका प्रश्नहरूको तुलनात्मक विश्लेषण

कैलाली जिल्लाका चार नगर क्षेत्रमा कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका नेपाली विषयको प्रश्नपत्रलाई विश्लेषण गर्दा प्रश्नपत्रको बाह्य आधारअन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम/स्तरण, प्रश्नपत्रको स्वरूप, भाषा शीर्षकका उपशीर्षकमा केन्द्रित रही विश्लेषण गरिएको छ । यस्तै प्रश्नपत्रकै आन्तरिक आधारअन्तर्गत पाठ्यक्रमअनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्षहरू, भाषा पक्षमा केन्द्रित रही प्रश्नपत्रको व्याख्या विश्लेषण गरिएको छ । यी प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारबाट प्रश्नको विश्लेषण गरी कैलाली जिल्लाका अत्तरिया, भजनी, लम्कीचुहा र टीकापुर नगर क्षेत्रमा कक्षा आठको परीक्षा २०७४ मा नेपाली विषयको परीक्षामा उपयोग गरिएका प्रश्नपत्रहरू के कस्ता समानता वा भिन्नताहरू रहेका छन् भन्ने कुराको विश्लेषण निम्नानुसार गरिन्छ :

### बाह्य विशेषताका आधारमा प्रश्नपत्रको तुलना

बाह्य विशेषताका आधारमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम/स्तरण, प्रश्नपत्रको स्वरूप, कागज, भाषाका शीर्षक उपशीर्षकमा केन्द्रित गरी चार नगर क्षेत्रका प्रश्नको निम्नानुसार विश्लेषण गरिन्छ :

#### निर्देशन

प्रतिनिधि प्रश्नपत्रको निर्देशनका आधारमा शीर्ष निर्देशन प्रश्न निर्देशन, विकल्प निर्देशन, पृष्ठ निर्देशनको विश्लेषण गरिएको छ ।

##### शीर्ष निर्देशन

चार ओटै नगर क्षेत्रका प्रश्नहरुमध्ये शीर्ष भागमा अत्तरिया र भजनी नगर क्षेत्रको प्रश्नमा आधारभूत तह उत्तीर्ण परीक्षा २०७४ भनी उल्लेख गरिएको छ । समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्क, स्पष्ट उल्लेख गरिएको पाइयो । टीकापुर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा आधारभूत तह उत्तीर्ण ग्रेड (वृद्धि) परीक्षा २०७४ उल्लेख गरिएको छ । समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्क र शीर्षभाग प्रश्ननिर्देशन सम्बन्धित स्पष्ट रूपमा उल्लेख

गरिएको पाइयो । लम्की चुहा नगर क्षेत्रको प्रश्नपत्रमा आधारभूत तह अन्तिम परक्षिा २०७४ भनी उल्लेख गरिएको छ । कक्षा, समय, विषय, पूर्णाङ्क, स्पष्ट रहे पनि उत्तीर्णाङ्क भने स्पष्ट तोकिनुपर्नेमा उत्तीर्णाङ्क नै तोकिएकाले शीर्षभागमै अलमल पर्ने सम्भावना देखिन्छ । अत्तरिया, भजनी, टीकापुर क्षेत्रको शीर्ष भागमा सफा स्पष्ट, आकर्षक भएपनि लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्रमा उत्तीर्णाङ्क नतोकिएकाले प्रश्नपत्रको शीर्ष भाग मै अस्पष्ट रहेको देखिन्छ ।

भजनी र लम्की चुहा नगर क्षेत्रको प्रश्न निर्देशनको शीर्ष भागमा सबै प्रश्नहरू अनिवार्य छन् भनी प्रश्न निर्देशन गरिएको छ । अत्तरिया र टीकापुर नगर क्षेत्रको प्रश्नपत्रमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ भनी स्पष्ट प्रश्न निर्देशन दिइएको छ ।

**प्रश्न निर्देशन**

कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रको प्रश्नपत्रलाई तुलना गर्दा प्रश्न नं. १५ मा तार्किक प्रश्न सोधिएको छ । अत्तरिया र टीकापुर क्षेत्रको प्रश्न नं. १५ मा यदि तिमी 'ठग समातियो कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई के गर्थ्यौ ? कम्तिमा चार कुरा लेख भनी सोधिएको प्रश्नमा हुनुपर्ने गुण (विश्वसनीयता) मा कमी रहेको भेटियो । यस प्रश्नलाई विश्वसनीयता र मापनीय बनाउन यदि तिमी 'ठग समातियो' कथाको पात्र विराज भएको भए ठग्न खोज्ने केटालाई कसरी समात्थे भन्ने प्रश्न निर्देशन गरिएको भए उत्तम हुने देखिन्छ । चारओटा नगर स्तरका प्रश्नपत्रको तुलना गर्दा अत्तरिया र टीकापुर क्षेत्रको तार्किक प्रश्नमा कसरी हुनुपर्ने ठाउँमा के भन्ने प्रश्नमा निर्देशन भएकाले उक्त प्रश्न त्रुटिपूर्ण छ तर भजनी र लम्कीचुहा नगर क्षेत्रको तार्किक प्रश्नमा कसरी र किन भनी प्रश्न निर्देशन गरेकाले अत्तरिया र टीकापुर क्षेत्रको तुलनामा भजनी र लम्की क्षेत्रको प्रश्नपत्र उपयुक्त रहेको भेटियो ।

प्रश्न निर्देशनको अन्तिममा भजनी र लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्रमा जस्तै आवश्यकता अनुसार एउटा मात्र चिह्नको प्रयोग गरिनुपर्नेमा अत्तरिया र टीकापुर नगर क्षेत्रको प्रश्नपत्र नं. ४ को (ख) मा बाहेक सबै प्रश्नमा पूर्णविराम र निर्देशित ( । : ) चिह्नको प्रयोग गरिएको छ, जुन एउटै प्रश्नमा दुई चिह्नको प्रयोग गर्नु उपयुक्त मानिँदैन । कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रको प्रश्नपत्रलाई तुलना गर्दा अत्तरिया र टीकापुर क्षेत्रको प्रश्ननिर्देशनमा दुई चिह्नको प्रयोग गरेपनि अर्थ अघात भएकाले यी दुई क्षेत्रको प्रश्न

निर्देशनमा समानता भेटिन्छ । अत्तरिया र टीकापुर नगर क्षेत्रको तुलनामा भजनी र लम्कीचुहा नगर क्षेत्रको प्रश्न निर्देशनमा आवश्यकता अनुसार एउटै चिह्नको प्रयोग गरिएकाले उपयुक्त रहेको मानिन्छ ।

एउटा प्रश्न छुट्टाछुट्टै पृष्ठमा उल्लेख गर्नु उपयुक्त मानिँदैन । यहाँ अत्तरिया र टीकापुर नगर क्षेत्रको प्रश्न नं. ४, १०, १२ दुई पृष्ठमा उल्लेख गरिएको पाइयो । त्यस्तै भजनी क्षेत्रको प्रश्नपत्रमा ४ को ख, १०, १३ प्रश्नहरू दुई पृष्ठमा सोधिएको पाइयो । लम्कीचुहा क्षेत्रको प्रश्नपत्रमा पनि प्र.नं. १० दुई पृष्ठमा सोधिएको पाइयो । यसरीरु दुई पृष्ठमा प्रश्न सोधिदिँदा विद्यार्थीलाई प्रश्न पढ्दा पाना पल्टाउनुपर्ने, समय बढी खर्च हुने भएकाले एउटा प्रश्नलाई एउटै पृष्ठमा सोधिनु आवश्यक छ । चार ओटै नगर क्षेत्रको प्रश्न निर्देशनलाई विश्लेषण गर्दा अत्तरिया र टीकापुर क्षेत्रको प्रश्नमा ३ प्रश्नहरू दुई पृष्ठमासोधिएको तुलनामा लम्की चुहा क्षेत्रको एउटा मात्र प्रश्न दुई पृष्ठमा सोधिएको भेटिएकाले उक्त प्रश्न मध्यम खालको भेटियो ।

**विकल्प निर्देशन**

अत्तरिया, भजनी, लम्कीचुहा, टीकापुर नगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा विकल्प प्रश्नलाई विशिष्टीकरण तालिकाअनुसार समेटिएकाले तुलनात्मक रूपमा अध्ययन गर्दा प्रश्नहरूमा एकरूपता पाइन्छ ।

**पृष्ठ निर्देशन**

कैलाली जिल्लाको चारओटा नगर क्षेत्रका प्रश्नहरू चार पृष्ठमा संरचित छन् । अत्तरिया, भजनी, टीकापुर क्षेत्रको प्रश्नपत्रमा पृष्ठ संख्या उल्लेख नगरेपनि प्रश्नपत्रको अन्तिममा समाप्त भनी उल्लेख गरिएको छ तर, लम्कीचुहा नगर क्षेत्रअन्तर्गतको प्रश्नपत्रमा प्रत्येक पृष्ठमा १, २, ३, ४ भनी पृष्ठ नं. ४ मा समाप्त भनी उल्लेख गरिएको छ ।

अत्तरिया, टीकापुर, भजनी, लम्कीचुहा क्षेत्रको प्रश्नसँग तुलना गर्दा लम्कीचुहा क्षेत्रको प्रश्नपत्रमा पृष्ठ संख्या संकेत गरी स्पष्ट उल्लेख गरिएकाले लम्कीचुहा क्षेत्रको प्रश्नपत्र उपयुक्त रहेको देखिन्छ ।

## अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणका आधारमा चारओटै नगर क्षेत्रका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा प्रश्नपत्रको शीर्ष भागमा २:१५ घण्टा समय तथा ७५ पूर्णाङ्क उल्लेख गरिएको छ । ७५ पूर्णाङ्कको प्रश्नपत्रमा जम्मा १७ ओटा प्रश्न सोधिएको छ । प्रत्येक प्रश्नको दायाँ भागमा उक्त प्रश्नको अङ्क निर्देशन भएपनि उपप्रश्नको लागि छुट्टै अङ्क नदिइ प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क राखिएको छ । चार ओटै नगर क्षेत्रको प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुरूप अङ्क विभाजन गरिए पनि समय भने निर्धारण गरिएको छैन । तथापि चार ओटै नगर क्षेत्रको प्रश्नपत्रमा तुलनात्मक रूपमा एकरूपता रहेको देखिन्छ ।

## शब्द भण्डार परीक्षण र अङ्क विभाजन

कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूमा शब्द भण्डार परीक्षण र अङ्क विभाजन सम्बन्धित प्रश्नहरू तुलना गर्दा ज्ञानात्मक र व्यावहारिक सिपसँग सम्बन्धित १० अङ्क भारमा सोधिएको भेटिएकाले उक्त प्रश्नहरूमा एकरूपता रहेको पाइयो ।

## व्याकरण र अङ्क विभाजन

व्याकरण र अङ्क विभाजन सम्बन्धी ४, ५, ६, ७, ८ र ९ मा सोधिएको प्रश्नको लागि चार ओटै क्षेत्रका प्रश्नपत्रमा १५ अङ्क भार छुट्याइएको छ । विशिष्टीकरण तालिका अनुरूपमा प्रश्न ८ मा अकरण, उच्च आदर, लिङ्ग, कर्मवाच्य गरी ४ ओटा उपप्रश्नलाई समावेश गर्नुपर्नेमा भजनी क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा अकरणबाट २ प्रश्न कर्मवाच्य र तृतीय पुरुषबाट २ प्रश्नलाई समावेश गरिएकाले अत्तरिया, लम्कीचुहा, टीकापुर क्षेत्रको प्रश्नपत्रभन्दा अङ्कभार समान भएपनि प्रश्न समावेशमा कमजोरी रहेको पाइयो । अत्तरिया, लम्कीचुहा र टीकापुर क्षेत्रको प्रश्न समावेशमा समानता भेटिएको छ ।

## पढाइ सिप र अङ्क विभाजन

चारै ओटा नगर क्षेत्रको प्रश्नपत्रमा ज्ञान, बोध र उच्च दक्षता सिपको परीक्षण गर्नको लागि पढाइ क्षेत्रको सिप अन्तर्गत जम्मा २५ अङ्क निर्धारण गरिएको छ । चारै ओटा नगर क्षेत्रका ४ प्रश्नपत्रमा प्रबन्ध, कथा, जीवनी, निबन्ध विधाबाट विशिष्टीकरण

तालिकाअनुरूप प्रश्नहरू समावेश गरिएको पाइएकाले प्रश्नमा पढाइ सिप र अङ्क विभाजनमा एकरूपता पाइयो ।

**प्रस्तुत अनुक्रम**

कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रको प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुति र अनुक्रम क्रमशः ज्ञान, बोध, सिप तथा तार्किक क्षमताको परीक्षण गर्न सकिने प्रश्नहरू रहेका छन् । विशिष्टीकरण तालिका अनुरूप भाषिक मूल्याङ्कनका प्रश्नहरू समावेश गरिएकाले चार ओटै नगर क्षेत्रका प्रश्नपत्रको प्रस्तुति अनुक्रममा समानता रहेको देखिन्छ ।

**प्रश्नपत्रको स्वरूप**

कैलाली जिल्लाको चार ओटा नगर स्तरीय प्रश्नपत्रको स्वरूपका आधारमा शीर्ष भाग, आकार, कागज, मसीको प्रयोगजस्ता पक्षमा रही विश्लेषण गरिन्छ ।

**शीर्ष भाग**

चार ओटै नगर क्षेत्रका प्रश्नहरुमध्ये शीर्ष भागमा अत्तरिया र भजनी नगर क्षेत्रको प्रश्नमा आधारभूत तह उत्तीर्ण परीक्षा २०७४ भनी उल्लेख गरिएको छ । समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्क, स्पष्ट उल्लेख गरिएको पाइयो । टीकापुर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा आधारभूत तह उत्तीर्ण ग्रेड (वृद्धि) परीक्षा २०७४ उल्लेख गरिएको छ । समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्क र शीर्षभागमा प्रश्ननिर्देशन सम्बन्धित स्पष्ट रूपमा उल्लेख गरिएको पाइयो । लम्की चुहा नगर क्षेत्रको प्रश्नपत्रमा आधारभूत तह अन्तिम परीक्षा २०७४ उल्लेख गरिएको छ । कक्षा, समय, विषय, पूर्णाङ्क, स्पष्ट रहे पनि उत्तीर्णाङ्क नै तोकिएकाले शीर्षभागमै अलमल पर्ने सम्भावना देखिन्छ । अत्तरिया, भजनी, टीकापुर क्षेत्रको शीर्ष भागमा सफा स्पष्ट, आकर्षक भएपनि लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्रमा उत्तीर्णाङ्क नतोकिएकाले प्रश्नपत्रको शीर्ष भाग मै अस्पष्ट रहेको देखिन्छ ।

**आकार**

कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्र ४ पृष्ठमा संरचित छ । अक्षरको आकार भने १२ प्वाइन्ट छ । सामान्यतया व्याकरण, शब्द भण्डार र अन्य प्रश्नको दृष्टिले प्रश्नपत्र उपयुक्त भए पनि पठनबोध लाई समावेश अनुच्छेदमा साना तथा बाक्ला अक्षर देखिन्छन् । प्रश्नपत्र समाउन र हेर्ने सहज हुने किसिमको नभईको सिरानमा एक इन्च,

पुच्छरमा एक इन्च, दायाँतर्फ आधा इन्च, बायाँ र मात्र किनारा खाली राखिएकाले चारै नगर क्षेत्रका प्रश्नपत्रहरू त्रुटिपूर्ण रहेको देखिन्छ ।

**कागज**

कैलाली जिल्लाका प्रतिनिधि प्रश्नपत्रमा अत्तरिया, भजनी, टीकापुर नगर क्षेत्रको प्रश्नपत्रको कागज, हल्का गुलाबी रंग ५० ग्राम रहेको छ । प्रश्नपत्रमा र लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्र सेतो रंग ५० ग्रामको रहेको छ । दुबैतिर अक्षर छाप्न सकिने मध्यम खालको चिल्लो किसिमको उपयोग गरिएको छ । चारओटै नगर क्षेत्रको प्रश्नपत्रलाई तुलना गर्दा मध्यम खालको कागजको उपयोग गरिएको भेटिएकाले प्रश्नपत्रको कागजमा समानता पाइयो ।

**मसीको प्रयोग**

चार ओटा नगर क्षेत्रको प्रश्नपत्रलाई अध्ययन गर्दा अत्तरिया, भजनी, टीकापुर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रभन्दा चम्की चुहा नगर क्षेत्रको प्रश्नपत्रमा सेतो कागजमा कालो मसीले प्रश्न निर्देशन गरिएका शब्द, कालो बोल्ड भद्दा भई पढ्न र ठम्याउन कठिनाइ रहेको पाइयो । लम्की क्षेत्रको प्रश्नपत्रमा सामान्य रूपमा कालो बोल्ड अक्षरमा लेखिनुपर्ने छपाइ र सफाइमा ध्यान नपुगेको देखिन्छ भने अत्तरिया, भजनी र टीकापुर क्षेत्रको प्रश्नपत्रमा मसीको प्रयोग उपयुक्त रहेको देखिन्छ ।

**भाषा**

भजनी नगर क्षेत्रको प्रश्नपत्रमा प्राकृतीक, परीषा, ययरी, सामान्य शब्दमा त्रुटि भेटियो भने अत्तरिया र टीकापुर क्षेत्रको प्रश्नपत्रमा प्रश्न निर्देशनमा नै दुई चिह्न । : ( पूर्णविराम र निर्देशन) को प्रयोग गरिएको ठाउँमा एउटा मात्र चिह्नको प्रयोग गरिएको भए उत्तम हुने थियो । यसमा प्रश्न ९, ११ को (ख), १३, १६ (ख) मा मुख्य शीर्षकलाई एकल उद्धरण चिह्नमा राखिनुपर्नेमा नराखिएको पाइयो । प्रश्न नं. १५ मा प्रश्नवाचक (?) चिह्न प्रयोग गर्नुपर्नेमा अल्पविराम ( , ) चिह्नको प्रयोग गरिएको छ, जुन त्रुटिपूर्ण देखिन्छ ।

लम्की क्षेत्रको प्रश्नपत्रमा प्रश्न नं. १३ (क), (ख) को प्रश्नलाई एकल चिह्न ( ‘ ’ ) को प्रयोग गर्नुपर्नेमा उक्त चिह्नको प्रयोग गरिएको छैन । चारैओटा नगर क्षेत्रको प्रश्नपत्रमा

चिह्न प्रयोगसम्बन्धी त्रुटि देखिएपनि भजनी नगर क्षेत्रको प्रश्नपत्रमा भाषिक शब्दहरू अशुद्ध रहेको भेटिएकाले कमजोर पक्ष भेटियो ।

## आन्तरिक आधारमा प्रश्नपत्रको तुलना

आन्तरिक आधार अन्तर्गत निम्नलिखित पक्षमा केन्द्रित रही प्रश्नपत्रको तुलनात्मक अध्ययन गरिएको छ :

### पाठ्यक्रमको उद्देश्य र प्रश्न

कैलाली जिल्लाका चारओटा नगर क्षेत्रका प्रश्नपत्रको तुलना गर्दा उद्देश्य, विधा, क्षेत्र, प्रश्नपत्रको अङ्कभार, समय र प्रश्न सन्तुलनका आधारमा विभाजन गरिएको छ । प्रत्येक नगर क्षेत्रका प्रश्नपत्रहरूमा आधारभूत तह पाठ्यक्रम २०६९ ले निर्देशन दिए अनुरूप पढाइ सिपका लागि कथा, कविता, जीवनी तथा लेखाइ सिप विकास गर्न वादविवाद, बुँदाटिपोट तथा सारांश निबन्ध विधाबाट प्रश्नहरू समावेश गरिएका छन् ।

बोध प्रश्न विशिष्टीकरण तालिकाअनुसार १५० शब्दको अनुच्छेद हुनुपर्ने भनिए तापनि अत्तरिया नगर क्षेत्रमा सोधिएको अनुच्छेद ९१, भजनी क्षेत्रको, १०५, लम्की चुहा, क्षेत्रको १२१, टीकापुर क्षेत्रको ९१ शब्दका अनुच्छेद रहेको छन् । विशिष्टीकरण तालिका अनुसार चार ओटै नगर क्षेत्रको प्रश्नपत्र तुलना गर्दा अत्तरिया, भजनी, टीकापुर क्षेत्रको प्रश्नपत्रमा सोधिएको अनुच्छेदभन्दा १५० शब्द नपुगेपनि लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्र उत्तम मानिन्छ ।

बुँदाटिपोट तथा सारांश लेखन (दृष्टांश) प्रश्नमा विशिष्टीकरण तालिकाअनुसार १०० शब्दसम्मको गद्य विधाबाट ४ ओटा बुँदाहरू टिप्न लगाउने भनिएको छ । चारै ओटा नगर क्षेत्रका प्रश्नपत्रलाई गद्य विधाको अनुच्छेद शब्दसंख्या आधारमा तुलना गर्दा अत्तरिया क्षेत्रको ९५ शब्द, भजनी क्षेत्रको ७८, लम्कीचुहा क्षेत्र ९८ शब्द टीकापुर क्षेत्रमा ९५ शब्दको गद्यांश राखिएको छ । १०० शब्दको गद्यांश नपुगेपछि चारओटा प्रतिनिधि प्रश्नको तुलनामा सबैभन्दा बढी ९८ शब्दको गद्यांश लम्की चुहा क्षेत्रको प्रश्नपत्रमा रहेको उक्त प्रश्न उपयुक्त मान्न सकिन्छ भने अरू तिन नगर क्षेत्रका गद्यांश सम्बन्धी प्रश्न मध्यम खालको भेटियो ।

**विषयवस्तुको सीमा र प्रश्न**

आधारभूत तह पाठ्यक्रम २०६९ ले नेपाली कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, प्रबन्ध, व्याकरण र शब्द भण्डार गरी ९ ओटा विधा समावेश गरेको छ । यिनै विधाअन्तर्गत पढाइ सिप परीक्षण गर्न बोध प्रश्नहरू र पाठगत प्रश्नहरू समावेश गरिएको पाइन्छ भने लेखाइ सिप परीक्षणका लागि वादविवाद, बुँदाटिपोट तथा सारांश निबन्ध लेखनसम्बन्धी प्रश्नहरू समावेश गरिएको पाइयो । चारओटै नगर क्षेत्रका प्रश्नपत्रमा समावेश प्रश्नहरू पाठ्यक्रमको सिमाभित्र रही सोधिएकाले प्रश्नपत्रमा समानता रहेको भेटियो ।

**विधाको अङ्कभार र प्रश्न सन्तुलन**

कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रमा विधाको अङ्कभार र प्रश्न सन्तुलनका आधारमा तुलना गर्दा चार ओटै प्रश्नपत्रमा शब्द भण्डार अन्तर्गत १३%, हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न अन्तर्गत ५%, व्याकरण अन्तर्गत २०%, पढाइ सिप अन्तर्गत ३३%, लेखाइ सिपअन्तर्गत २८% गरी प्रश्नहरू सोधिएको छ । सबै विधाबाट समान अङ्कभार भए पनि अत्तरिया, भजनी, टीकापुर क्षेत्रको शब्द पहिचान सम्बन्धी अन्तर्गत प्रश्न नं. २ (ग) मा श्रुति समभिन्नार्थक सम्बन्धी प्रश्न सोधिएको छ, जुन प्रश्न विशिष्टीकरण तालिकामा समावेश गरिएको छैन । लम्कीचुहा क्षेत्रको प्रश्नपत्रमा भने विशिष्टीकरण तालिका अनुरूप नै प्रश्न समावेश गरिएकाले अत्तरिया, भजनी, टीकापुर क्षेत्रको तुलनामा उत्तम रहेको पाइयो ।

शब्द भण्डार क्षेत्रको वाक्यमा प्रयोग गर्ने प्रश्न अन्तर्गत अत्तरिया र टीकापुर क्षेत्रको प्रश्नपत्रमा प्रश्न ३ को अनुकरण, पारिभाषिक, प्राविधिक, उखान टुक्का पर्ने गरी चार शब्दको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउने भने पनि २ पारिभाषिक शब्द, टुक्का शब्द १ निपात १ गरी ४ अङ्कमा सोधिएको छ । विशिष्टीकरण तालिकाअनुसार अत्तरिया र टीकापुर क्षेत्रको विधागत प्रश्नको अङ्कभार समान भएपनि प्रश्न समायोजनमा भने सन्तुलन भेटिएन । चार ओटै नगर क्षेत्रको प्रश्न पत्रलाई तुलना गर्दा शब्द भण्डार क्षेत्र अन्तर्गत शब्द पहिचान र वाक्यमा प्रयोग गर भन्ने प्रश्नलाई विश्लेषण गर्दा अत्तरिया र टीकापुर क्षेत्रको प्रश्नपत्रको अङ्कभारमा एकरूपता देखिए पनि प्रश्न समायोजनमा भने सन्तुलन मिलेको देखिदैन । भजनी अत्तरिया, टीकापुरको तुलनामा लम्कीचुहा नगर क्षेत्रको

प्रश्नपत्रमा शब्द पहिचान र वाक्यमा प्रयोग गर्ने सम्बन्धी प्रश्न समायोजन विशिष्टीकरण तालिकाअनुरूप नै भएकाले उत्तम मानिन्छ ।

**विधागत समय र प्रश्न सापेक्षता**

चारै नगर क्षेत्रका प्रश्नपत्रको शीर्ष भागमा नै ७५ पूर्णाङ्कको लागि २:१५ घण्टा समय निर्धारण गरिएको छ । विशिष्टीकरण तालिकाअनुरूप विधागत समय निर्धारण नगरी प्रश्नको दायाँ भागमा प्रश्न र अङ्कभार निर्देश गरिएको छ भने शीर्ष भागको बायाँतर्फ एकमुष्ट समय निर्धारण गरिएको छ । चारओटा नगर क्षेत्रको प्रश्नपत्रहरूमा समय र प्रश्न अंकभार समान रूपले उल्लेख गरिएको हुँदा तुलनात्मक आधारमा एकरूपता रहेको पाइयो ।

**प्रश्नपत्रमा हुनुपर्ने गुणहरू**

कैलाली जिल्लाको चारओटा नगर क्षेत्रका प्रतिनिधि प्रश्नपत्रमा हुनुपर्ने गुण विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकताका आधारमा केन्द्रित रही विश्लेषण गरिन्छ ।

**विश्वसनीयताका आधारमा**

चारै ओटा नगर क्षेत्रका प्रतिनिधि प्रश्नपत्रको प्रश्न नं. २ मा उपयुक्त शब्द छानी खाली ठाउँ भर भनिएको छ । उक्त प्रश्नलाई विद्यार्थीले अझै स्पष्टसँग बुझ्न सक्ने गरी दिइएको खाली ठाउँमा एक उपयुक्त शब्द छानी आफ्नो उत्तरपुस्तिकामा सार्नुहोस् भनिएको भए उत्तम हुने थियो । यस्तै प्रश्न नं. ११ मा गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख भनिएको छ, तर कस्ता चार बुँदा टिप्ने भने कुराको स्पष्ट निर्देशन दिइएको भए प्रश्नपत्रमा विश्वसनीयता रहने देखिन्छ ।

अत्तरिया र टीकापुर क्षेत्रको प्रश्न नं. १५ मा के गर्थ्यो ? भन्ने तार्किक प्रश्नमा कसरी गर्थ्यो भनी प्रश्न निर्देशन गरिएको भए प्रश्न विश्वसनीय र मापनीय हुने थियो । विधा गद्य प्रश्नको चारै ओटा प्रश्नपत्रको तुलनातमक अध्ययन गरी विश्लेषण गर्दा सबै प्रश्ननिर्देशनका केही कमीकमजोरी पक्ष भेटिए पनि अत्तरिया र टीकापुर क्षेत्रको तार्किक प्रश्नमा विश्वसनियता नरहेकाले कमजोर पक्ष औंल्याउन सकिन्छ । अत्तरिया र टीकापुर क्षेत्रको तुलनामा भजनी र लम्कीचुहा क्षेत्रको तार्किक प्रश्नमा विश्वसनीय र मापनीय भएकाले उत्तम रहेको भेटियो ।

**वैधताका आधारमा प्रश्नपत्रको गुण विश्लेषण**

वैधताका दृष्टिले प्रश्नपत्रको अध्ययन गरी विश्लेषण गर्दा चारैओटा नगर क्षेत्रको प्रश्नपत्रमा पाठ्यक्रम र विशिष्टीकरण तालिकाले निर्देश गरेका विषयवस्तुलाई प्रश्नपत्रले समेटेको हुँदा विषयगत वैधता रहेको देखिन्छ । रचनात्मक वैधताको परीक्षण गर्दा स्वतन्त्र र निर्देशित गरी दुई प्रकृतिका प्रश्न समावेश गरिएको छ । निबन्ध लेखनमा बाहेक अन्य प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएकाले चारै ओटा नगर क्षेत्रको प्रतिनिधि प्रश्नहरूमा वैधताका दृष्टिले समान कमजोरी रहेको पाइयो ।

**विभेदीकरणका आधारमा**

चारओटै नगर स्तरीय प्रतिनिधि प्रश्नपत्रको अध्ययन गरी तुलना गर्दा पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरिएकाले प्रश्नपत्र विभेदकारिताको गुणले युक्त र समान किसिमका प्रश्नहरू भेटियो ।

**व्यावहारिकताका आधारमा**

व्यावहारिक दृष्टिले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा २ संक्षिप्त प्रश्न उत्तरका लागि ८ अङ्कभर निर्धारण गरिएको छ भने विवेचनात्मक तथा लामो १ उत्तर आउने प्रश्नका लागि ८ अङ्क तोकिएको छ । यसरी हेर्दा विशिष्टीकरण तालिका अनुरूप ७५ पूर्णाङ्कको लागि १७ ओटा प्रश्न र २:१५ घण्टा समय निर्धारण गरिनुले चारओटा नगर क्षेत्रका प्रश्नपत्रमा तुलना गर्दा समानता भेटिनुका साथै उपयुक्त रहेको भेटियो ।

**भाषिक पक्षहरूको संयोजन र सन्तुलन**

कैलाली जिल्लाका चारओटा नगरस्तरीय प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा शब्द भण्डार क्षमता परीक्षणका लागि १३ प्रतिशत, हिज्जे र लेख्य चिह्नका लागि ५ प्रतिशत, व्याकरणसम्बन्धी सिप परीक्षणको लागि २० प्रतिशत, पढाइ सिपको लागि ३३ प्रतिशत, लेखाइ सिपको परीक्षणको लागि २८ प्रतिशत प्रश्नहरू समावेश गरेको देखिन्छ । यसरी भाषिक पक्षहरूको संयोजन र सन्तुलनका दृष्टिले प्रश्न निर्माणमा पढाइ सिपका लागि ३३ प्रतिशतलाई ४० प्रतिशतको पूर्णाङ्क निर्धारण गरिदिएको भए अझै प्रभावकारी रहन्थ्यौँ यद्यपि प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्र निर्माणको आधार विशिष्टीकरण तालिकाअनुरूप नै प्रश्नहरू समावेश गरिएकाले चारै ओटा प्रश्नपत्र उपयुक्त नै रहेको देखिन्छ ।

**प्रश्नका विविध पक्षहरू**

अत्तरिया, भजनी, लम्कीचुहा र टीकापुर नगर क्षेत्रका प्रश्नपत्रहरूमा पढाइ र लेखाइ सिपलाई बढी केन्द्रित गरी प्रश्न निर्माण गरिएको भेटियो । भाषा शिक्षणको अभिप्राय अनुसार भाषाका चारवटै सिपलाई एकीकृत रूपमा शिक्षण र परीक्षण गर्नुको मर्मलाई ख्याल नगरी सुनाइ तथा बोलाइ सिप परीक्षणका लागि प्रश्न निर्माण गरिएको देखिँदैन, तर पनि चारओटै नगरक्षेत्रको प्रश्नपत्रहरू पाठ्यक्रम अनुरूपता र विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण गरिएको हुँदा प्रश्नका विविध पक्षहरूमा समानता रहेको पाइयो ।

**भाषा**

अत्तरिया, भजनी, लम्कीचुहा र टीकापुर नगर क्षेत्रका प्रश्नपत्रमा तुलनात्मक अध्ययन गर्दा अत्तरिया र टीकापुर क्षेत्रको प्रश्नपत्रको प्रश्न नं. १५ को तार्किक प्रश्न र प्रश्न निर्देशनमा दुई चिह्नको प्रयोग गरएकाले भाषागत अर्थअघात त्रुटि भेटिन्छ । भजनी क्षेत्रको प्रश्नपत्रमा प्राकृतिक, परीक्षा, ययरी जस्ता सामान्य भाषागत त्रुटि देखिन्छ भने लम्कीचुहा क्षेत्रको प्रश्नपत्रमा वर्णविन्यासगत त्रुटि नभेटिएकाले अत्तरिया, भजनी, टीकापुर क्षेत्रको तुलनामा लम्कीचुहा क्षेत्रको प्रश्नपत्रमा भाषागत स्पष्टता रहेको भेटियो ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## सारांश

'कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' शीर्षकको शोधकार्य सम्पन्न गर्नका लागि कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रको प्रश्नपत्रलाई तुलनात्मक अध्ययन गरिएको छ । यसका लागि प्रश्न विश्लेषणका सैद्धान्तिक आधारअन्तर्गत आन्तरिक र बाह्य विशेषतालाई मुख्य आधार मानिएको छ ।

प्रस्तुत शोधकार्यको पहिलो अध्यायमा शोधको परिचय समावेश गरिएको छ । यस अध्ययनअन्तर्गत पृष्ठभूमिका रूपमा मूल्याङ्कन परीक्षण र प्रश्नपत्रको अवधारणालाई लिइएको छ । आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा २०७४ मा कैलाली जिल्लाका चार ओटा नगर क्षेत्रमा सोधिएका नेपाली विषयको प्रश्न विश्लेषणका बाह्य र आन्तरिक वैधताका आधारमा निर्माण गरिएका छन् वा छैनन् ? प्रतिनिधि प्रश्नपत्रहरू विशिष्टीकरण तालिकाका आधारमा निर्माण गरिएका छन् वा छैनन् ? र उक्त प्रश्नहरूमा के कस्ता समानता वा भिन्नताहरू रहेका छन् ? भन्ने मुख्य समस्याको रूपमा लिँदै प्रश्नपत्र निर्माणका बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु, विशिष्टीकरण तालिकाका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्नु र नगर स्तरका प्रश्नहरूको तुलना गर्नु यस शोधकार्यको उद्देश्य हो । आधारभूत तह कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको विश्लेषण र तुलनात्मक अध्यनमा प्रस्तुत अध्ययन सीमित रहँदै अगाडि बढाइएको छ र अन्तमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्ययन दुईमा सैद्धान्तिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । जसमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अध्ययनलाई राखिएको छ । पूर्वकार्यको पुनरावलोकनअन्तर्गत शोध शीर्षकसँग सम्बन्धित पुस्तकहरू र पहिले गरिएका सम्बन्धित शोधकार्यहरूको विवरणलाई प्रस्तुत गरिएको छ भने सैद्धान्तिक अध्ययनअन्तर्गत मूल्याङ्कनको अवधारणा तथा भाषिक मूल्याङ्कनका प्रकार र भाषिक मूल्याङ्कनका साधनहरूको बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत अध्ययनको तेस्रो अध्ययनमा अध्ययन विधिलाई समावेश गरिएको छ । शोधकार्यमा राखिएका उद्देश्यहरू पूरा गर्नका लागि अपनाइने पद्धति वा अध्ययनको तौरतरिका अध्ययन विधि हो । यस अध्ययनमा प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलन गरी प्रश्नहरूको व्याख्या, विश्लेषण तथा तुलना गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायका रूपमा प्रतिनिधि प्रश्नपत्रहरूको बाह्य र आन्तरिक आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्रश्नपत्रको बाह्य आधारमा व्याख्या गर्दा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम, प्रश्नपत्रको स्वरूप तथा भाषा जस्ता आधारमा आधारित भएर प्रतिनिधि प्रश्नहरूको विश्लेषण गरिएको छ । आन्तरिक आधारमा प्रश्नहरूको विश्लेषण गर्दा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नपत्रमा हुनुपर्ने गुण, प्रश्नका अन्य पक्षहरू र भाषालाई आधार बनाइएको छ ।

प्रस्तुत शोधको पाँचौ अध्यायमा प्रतिनिधि प्रश्नपत्रहरूको विशिष्टीकरण तालिकाका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । यसअन्तर्गत शब्द भण्डारका आधारमा प्रश्नपत्रको विश्लेषण, हिज्जे र लेख्य चिह्नका आधारमा प्रश्नपत्रको विश्लेषण, व्याकरणका आधारमा प्रश्नपत्रको विश्लेषण, बोध प्रश्नोत्तरका आधारमा प्रश्नपत्रको विश्लेषण, बुँदाटिपोट र सारांश लेखनका आधारमा प्रश्नपत्रको विश्लेषण, निर्देशित रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण, भाव विस्तार, व्याख्याका आधारमा प्रश्नपत्रको विश्लेषण, पाठगत प्रश्नोत्तरका आधारमा प्रश्नपत्रको विश्लेषण, विवेचनात्मक प्रश्नका आधारमा प्रश्नपत्रको विश्लेषण, स्वतन्त्र रचनाका आधारमा प्रश्नपत्रको विश्लेषण गरी शोधकार्यलाइ अगाडि बढाइएको छ ।

प्रस्तुत शोधकार्यको छैठौं अध्यायमा कक्षा आठको वार्षिक परीक्षा २०७४ मा कैलालीका चार नगर क्षेत्रले निर्माण गरेका प्रश्नपत्रको तुलनात्मक अध्ययन गरिएको छ । यसअन्तर्गत चारै प्रश्नपत्रमा सोधिएका प्रत्येक प्रश्नपत्रका आधारमा १७ ओटा प्रश्नहरूको तुलना गरी एकरूपताको स्थिति पहिल्याइएको छ ।

प्रस्तुत शोधपत्रको सातौँ अध्यायमा सारांश, निष्कर्ष तथा उपयोगिता खण्डलाई प्रस्तुत गरिएको छ । यसमा उपयोगिता तथा सुधारका आवश्यक सुझावलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

## निष्कर्ष

'कक्षा आठको वार्षिक परीक्षा २०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन' शीर्षकको शोधकार्य सम्पन्न गर्नका लागि कैलाली जिल्लाको चार ओटा नगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रलाई लिई प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ। यसका लागि प्रश्न विश्लेषणका सैद्धान्तिक आधारअन्तर्गत बाह्य र आन्तरिक विशेषताका आधारमा विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका लागि बाह्य र आन्तरिक विशेषता तथा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरूको विश्लेषण गरी निम्न बमोजिम निष्कर्ष निकालिएको छ :

- चार ओटै नगर क्षेत्रका प्रतिनिधि प्रश्नहरुमध्ये शीर्ष भागमा अत्तरिया र भजनी नगर क्षेत्रको प्रश्नमा आधारभूत तह उत्तीर्ण परीक्षा २०७४ भनी उल्लेख गरिएको छ । समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्क, स्पष्ट उल्लेख गरिएको पाइयो । टीकापुर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा आधारभूत तह उत्तीर्ण ग्रेड (वृद्धि) परीक्षा २०७४ भनी उल्लेख गरिएको छ । समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्क प्रश्ननिर्देशन शीर्ष भागमै स्पष्ट रूपमा उल्लेख गरिएको पाइयो । लम्की चुहा नगर क्षेत्रको प्रश्नपत्रमा आधारभूत तह अन्तिम परक्षिा २०७४ उल्लेख गरिएको छ। कक्षा, समय, विषय, पूर्णाङ्क, स्पष्ट रहे पनि उत्तीर्णाङ्क नतोकिएकाले शीर्षभागमै अलमल पर्ने सम्भावना देखिन्छ। अत्तरिया, भजनी, टीकापुर क्षेत्रको शीर्ष भागमा सफा स्पष्ट, आकर्षक भएपनि लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्रमा उत्तीर्णाङ्क नतोकिएकाले प्रश्नपत्रको शीर्ष भाग मै अस्पष्ट रहेको देखिन्छ।
- भजनी र लम्कीचुहा नगर क्षेत्रको प्रश्नपत्रमा शीर्ष भाग अन्तर्गत प्रश्न निर्देशनमा सबै प्रश्नहरूको उत्तर दिनुहोस् भनिएको छ भने अत्तरिया र टीकापुर क्षेत्रको शीर्ष निर्देशन भागअन्तर्गत परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ भनी दिइएकोले उपयुक्त मानिन्छ।
- प्रश्न निर्देशनका दृष्टिले प्रश्न निर्देशनलाई गाढा गरिनु उपयुक्त देखिन्छ भने प्रश्न निर्देशनमा तलको गद्यांशबाट चार ओटा बुँदामा टिपी सारांश लेख्नुहोस् मात्र भनिएको छ। कस्ता चारओटा बुँदा टिप्ने भनी स्पष्ट निर्देशन नदिइएको हुँदा उक्त निर्देशन त्रुटिपूर्ण रहेको पाइन्छ।

- चारै नगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रहरू एउटै प्रश्न आधा आधा गरी दुई पृष्ठमा उल्लेख गरिएको छ, जुन प्रश्न निर्माणको कमजोर पक्ष मानिन्छ ।
- चारै नगर क्षेत्रको प्रश्नहरुमध्ये लम्की चुहा क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा मात्र पृष्ठ निर्देशन १, २, ३, ४ भनी उल्लेख गरिएको छ भने अरू तिन नगर क्षेत्रको प्रश्नपत्रमा पृष्ठ निर्देशन गरिएको छैन, तथापि अन्तिम पृष्ठमा समाप्त मात्र लेखिएको छ । त्यसैले प्रश्ननिर्माण गर्दा प्रत्येक प्रश्नपत्रको पृष्ठनिर्देशन दिनतर्फ ध्यान पुग्न आवश्यक देखिन्छ ।
- लामो उत्तर दिने प्रश्नलाई बढी अङ्क तथा छोटा उत्तर दिने प्रश्नलाई कम अङ्क निर्धारण गरेको हुँदा अङ्क विभाजनका दृष्टिले उपयुक्त मानिन्छ ।
- पाठ्यक्रम अनुरूपताका आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पाठ्यक्रमको उद्देश्य, विद्या, क्षेत्रलाई समेटी प्रश्नपत्रहरू निर्माण गरिनुका साथै प्रत्येक प्रश्नको छुट्टाछुट्टै अङ्कभार राखिएको छ ।
- प्रस्तुति अनुक्रमका आधारमा प्रतिनिधि प्रश्नहरू क्रमशः शब्द भण्डार, हिज्जे, व्याकरण, बोध, बुँदाटिपोट र सारांश लेखन, निर्देशित रचना, पाठगत बोध, तार्किक शिल्प, विवेचनात्मक प्रश्न र स्वतन्त्र रचना राखिएका छन्, जसमा प्रस्तुति अनुक्रम उपयुक्त छ ।
- प्रश्नपत्रको स्वरूपका आधारमा प्रतिनिधि प्रश्नपत्र अन्य दृष्टिले उपयुक्त रहे तापनि प्रश्नपत्रको दायाँ बायाँतर्फ आधा/आधा इन्च मात्र किनारा खाली छोड्नुले प्रश्नपत्रमा केही त्रुटिपूर्ण रहेको पाइन्छ ।
- प्रश्नपत्रको भाषामा वर्णविन्यासगत केही त्रुटिहरू भए तापनि प्रश्नपत्रको आन्तरिक पक्षलाई भाषाले असर नगरेको हुँदा त्यस्ता त्रुटिलाई सामान्य रूपमा लिन सकिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रमा पढाइ सिपका लागि ३३%, लेखाइ सिपको लागि २८%, व्याकरण सिप परीक्षणका लागि २०% शब्द भण्डार क्षमता परीक्षणका लागि १३% र हिज्जेका लागि ५% पाठ्यभार भएका प्रश्नहरू समावेश गरिनुले भाषिक पक्षको संयोजन र सन्तुलन उपयुक्त रहेको पाइन्छ ।

- प्रश्नपत्रमा हुनुपर्ने गुणअन्तर्गत प्रत्येक प्रश्नपत्रमा समावेश प्रश्नहरू विश्वसनीयताका दृष्टिले केही कमजोर रहे पनि अन्य दृष्टिले भने उपयुक्त नै रहेको पाइन्छ ।
- अत्तरिया र टीकापुर नगर क्षेत्रको प्रश्नपत्रको प्रश्न २ को ग र अनेकार्थकसम्बन्धी दुई प्रश्न सोधिनु पर्नेमा एउटा मात्र उपप्रश्न सोधिएकाले विशिष्टीकरण तालिकाका आधारमा प्रश्न समावेश गर्ने तरिकामा सन्तुलन मिलेको देखिँदैन ।
- भजनी नगर क्षेत्रको प्रतिनिधि प्रश्नपत्रमा प्रश्न नं. २ को (च) मा श्रुतिसमभिन्नार्थी शब्द दिइएको छ, जुन विशिष्टीकरण तालिकामा समावेश गरिएको छैन । त्यस्तै ४ को (ख) मा शिरविन्दु ( . ) लागेको ए शब्दका आधारमा अरू वैकल्पिक शब्द दिइ एक शुद्ध शब्द छानी लेख्ने प्रश्नलाई समावेश गरिएको छैन । त्यसैले २ को (च) र ४ (ख) प्रश्न विशिष्टीकरण तालिका बमोजिम ठ्याक्कै मेल खाएको देखिँदैन ।
- अत्तरिया र टीकापुर नगर क्षेत्रको प्रश्नपत्रमा प्रश्न नं. ३ प्राविधिक शब्द १ र उखानटुक्का शब्दलाई स्थान नदिई निपात शब्दलाई स्थान दिइएको पाइयो जुन विशिष्टीकरण तालिकाअनुरूप छैन, त्यसैले यी प्रश्नहरु विशिष्टीकरण तालिका बमोजिम कमजोर प्रश्नपत्र भन्न सकिन्छ ।
- विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्रमा समवोश प्रत्येक प्रश्नका लागि अङ्कभारका आधारमा छुट्टाछुट्टै समय निर्धारण गर्न भनिएको छ, तर यसो नगरी एकमुष्ठ रूपमा समय उल्लेख गरिनुले प्रश्नपत्र त्रुटिपूर्ण रहेको पाइन्छ ।
- चारै नगर क्षोत्रका प्रश्नपत्रलाई बाह्य तथा आन्तरिक विशेषताका आधारमा तुलनात्मक अध्ययन गर्दा भाषिक दृष्टिले केही सामान्य भिन्नताहरू रहे तापनि अन्य दृष्टिले प्रश्नपत्रहरूमा एकरूपता रहेको पाइन्छ ।

## सुझाव

कैलाली जिल्लाका चारओटा नगर स्तरबाट कक्षा आठको परीक्षा २०७४ मा सोधिएका चारओटा प्रतिनिधि प्रश्नपत्रमा केही त्रुटि भएको यो शोधपत्रले पुष्टि गरेको छ । यी त्रुटिहरुले गर्दा प्रश्न पत्रको निर्देशनमा अन्यौलता रहेको देखिन्छ । अतः आगामी दिनको वार्षिक परीक्षामा त्यस्ता त्रुटिहरु नहोस् भन्नाका लागि निम्नानुसार सुझाव पेश गरिन्छ :

- सबै प्रतिनिधि प्रश्नपत्रको शीर्ष भागमा एउटै तरिकाले सोधिनुपर्छ ।
- प्रश्नपत्रको शीर्ष भागमा तह, समय, कक्षा, विषय, पूर्णाङ्क, उत्तीर्णाङ्कलाई स्पष्ट उल्लेख गरिनुपर्दछ ।
- एउटा प्रश्नलाई दुई ओटा पृष्ठमा सोधिनु हुँदैन ।
- विषय विशेषज्ञले मात्र प्रश्न निर्माण गरी विशिष्टीकरण तालिका बमोजिम मात्रै प्रश्न समावेश गर्नुपर्दछ ।
- प्रत्येक प्रश्नको अङ्कभार र समय निर्धारण प्रश्नपत्रमा गरिनु पर्दछ ।
- प्रश्नपत्रमा दोहोरो अर्थ लाग्ने खालको भाषा प्रयोग गर्नु हुँदैन ।
- भाषाका चारै ओटा सिप (बोलाइ, पढाइ, सुनाइ, लेखाइ) लाई एकीकृत गरी प्रश्न समावेश गरिनु पर्दछ ।

## उपादेयता

कुनै पनि शोधकार्यको उद्देश्य नयाँ कुराको खोजी गर्नु र पहिले गरिएका अध्ययनहरूको पूर्ण व्याख्या गर्नु हो । अध्ययन अनुसन्धानबाट निस्किएको नयाँ निष्कर्ष र सुझावलाई कार्यान्वयन गर्न विभिन्न क्षेत्र नै शोधका उपयोगिताका क्षेत्रहरू हुन् । प्रस्तुत शोधपत्र विभिन्न क्षेत्रमा उपयोगी हुन सक्छ । यसको समग्र उपयोगितालाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

- भाषिक दृष्टिले त्रुटिरहित प्रश्नपत्र निर्माण गर्न
- आकृतिगत वैधतायुक्त प्रश्नपत्र निर्माण गर्न,
- एकीकृत भाषिक सिप शिक्षण गर्न मूल्याङ्कनात्मक सुझ प्रदान गर्न,
- भाषा पाठ्यक्रममा भाषिक विषयवस्तुको छनोट गर्न
- प्रश्न निर्माणमा सक्रिय व्यक्ति र संस्थालाई विशेष रूपमा सहयोग प्रदान गर्न,
- भाषा पाठ्यक्रमका लागि उपयुक्त मूल्याङ्कनका साधन र प्रक्रियाको निर्धारण गर्न,
- प्रश्न निर्माणका वैज्ञानिक तथा सैद्धान्तिक आधारहरू निर्माण गर्न,
- पाठ्यक्रमका उद्देश्यअनुरूप प्रश्नहरू निर्माण गर्न,

- आगामी दिनमा प्रश्नपत्रसँग सम्बन्धित शोध गर्ने शोधार्थीहरूका लागि आधार प्रदान गर्न,
- भाषिक प्रश्न निर्माण र विश्लेषणका क्षेत्रमा काम गर्नेहरूलाई महत्त्वपूर्ण आधार प्राप्त गर्न,
- भाषिक दृष्टिले पाठ्यपुस्तक र अभ्यास पुस्तिका निर्माण गर्ने क्षेत्रमा उपयोगी आधार प्राप्त गर्न आदि ।

## सन्दर्भ सूची

उप्रेती, मदनकुमार (२०६८), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६६ मा प्रयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, पेशल र अन्य (२०७१), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

जबरा, प्रकाश र अन्य (२०६८), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जैसी, भूमिप्रसाद (२०७३), *सेती अञ्चलका कक्षा आठको जिल्लास्तरीय परीक्षाका प्रश्नपत्रहरुको तुलनात्मक अधययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, विमला (२०७२), *स्नातक तह अनिवार्य विषयका पुराना र नयाँ प्रश्नहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, वासुदेव (२०६७), *प्रवेशिका परीक्षा २०६६ मा सोधिएका नेपाली विषयका प्रश्नहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल सरकार (२०७४), *कक्षा आठ नेपाली,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, नेत्रमणि (२०७४), *कक्षा नौको वार्षिक परीक्षा २०७३ मा सामुदायिक तथा संस्थागत विद्यालयमा उपयोग गरिएका प्रश्नपत्रको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, भगवता (२०६४), *प्रवेशिका परीक्षाको अनिवार्य नेपाली विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), *भाषिक परीक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बराल, गुरूप्रसाद (२०६६), *प्रवेशिका परीक्षा २०६५ मा ५ विकास क्षेत्रमा सोधिएका नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बस्नेत, कमलबहादुर (२०६२), *कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बोहरा, मित्रकला (२०६६), *कक्षा आठमा भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, नारायणदत्त (२०६२), *बि.एड. प्रथम वर्ष २०६८ र २०६९ का साधारण नेपाली विषयका प्रश्नपत्रको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

रिमाल, विष्णुराज (२०७३), *उ.मा.वि. तह अनिवार्य नेपाली विषयक प्रश्नहरूको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, कमलप्रसाद (२०७४, *माध्यमिक शिक्षा परीक्षा २०७३ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरुको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।